# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २५ वैशाख २०८०

# सोमवार

# बैठक सङ्ख्या- २

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १०:३१ बजे प्रारम्भ भयो ।

(१०:३८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतले "आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) सम्बन्धमा सभामा छलफल गरियोस्" भनी राखुभएको प्रस्तावमाथि छलफल प्रारम्भ हुन्छ ।

(१०:३८ बजे, माननीय श्री भैरव सुन्दर श्रेष्ठ टेबल ठोकेर केही बोल्न खोज्नुभएको। प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिनुभएको) ।

माननीय सदस्य, भैरव सुन्दर श्रेष्ठ के भन्न खोज्नुभा'?

(१०:३८ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, (मैले अलिकति समय पाएपछि मात्रै केही कुराहरू राख्न चाहन्छु ।)

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको ।)

(१०:३९ बजे) **सम्माननीय अध्यक्ष**:- २ मिनेटमा आफ्नो भनाइ राख्नुस् ।

(१०:४१ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी आज दोस्रो दिन बजेट अधिवेशनका सन्दर्भमा हामी बैठकमा सहभागी भ'का छौँ । हिजो पहिलो दिन बजेट अधिवेशन पहिलो दिन थियो । जहाँ चाहिँ दलको तर्फबाट माननीयज्यूहरूले दल नेताहरूले बोलिराख्नुभ'को थियो । यसै क्रममाथि नेपाली काँग्रेस, सत्तापक्षका नेपाली काँग्रेसका दलका नेता माननीय रमेशजंग रायमाझीज्यूले जुन खालका अभिव्यक्ति राख्ने सिलसिलामा जुन शब्द चाहिँ प्रयोग गर्नुभ'को छ । त्यस शब्दप्रति हामी दुःख व्यक्त गर्न चाहन्छौँ । यसप्रति हाम्रो पार्टीको गम्भीर ध्यान आकर्षण भ'को छ । र पहिलो दिन भएकोले हिजो नियमापत्ति हामी गर्ने चाहना हुँदाहुँदै पनि हामीले नियमापत्ति गरेनौं बैठकको मर्यादालाई राखेर यो कुरा अर्को दिन उठाउन पर्ने सन्दर्भमा हामी हिजो राखेनौं म आज राख्न गइरहेको छु ।

सम्माननीय अध्यक्षज्यू, माननीय रमेशजंग रायमाझीज्यूले जुन अभिव्यक्ति गर्नुभएको छ । त्यो के भन्दाखेरि पूर्वउपप्रधानमन्त्री नेकपा एमालेका सचिव र अहिले प्रतिनिधि सभाका बहालवाला सांसद माननीय टोपबहादुर रायमाझीका सन्दर्भमा केपी ओलीको हाम्रो पार्टीको श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीको झट्केलो छोरोको रूपमा आफूले मन्तव्य राख्ने सिलसिलामा त्यसरी राखिरहँदा हामी त्यो शब्दप्रति दुखी छौं र हामी दुःख व्यक्त गर्न चाहन्छौं । संविधानको धारा २६९ व्यवस्था भएको छ । सम्मान विचार भ'का सिद्धान्त मिल्नेहरू र कार्यक्रम मिल्नेहरूका बिचमाथि सङ्गठन निर्माण गर्न सकिन्छ भन्ने कुरा त्यहाँ प्रत्याभूत गरिएको छ । त्यस्तै गरी संविधानको धारा १७ माथि मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ । त्यहाँ व्यक्तिको व्यक्तिगत स्वतन्त्रतालाई हनन् गरिने छैन भन्ने कुराहरू पनि लेखिएको छ । हुन सक्छ कुनै बेला हाम्रो पार्टीका सचिव कुनै बेला नेकपा माओवादीको नेताको रूपमा त्यो रहनुभ'को छ । अहिले वहाँ नेकपा एमालेको सचिवको रूपमा रहनुभ'को छ । जुन शब्द झट्केलो छोरोको रूपमा जो शब्द राखियो । यो शब्दले हाम्रो संसदको गरिमा सांसदको गरिमा घट्छ कि बढ्छ? यसले गर्दाखेरि त्यो शब्द हिजो बोलेको शब्दहरूलाई रेकर्डबाट घटाउनका निम्ति म माग गर्न चाहन्छु । मैले जे गरे पनि हुन्छ । मैले जे बोले पनि हुन्छ । र एउटा सामान्ती संस्कारबाट हुर्केका मानिसहरूले बोल्ने अभिव्यक्ति माननीय सांसदबाट जुन खालको अभिव्यक्ति आयो

त्यसप्रति हाम्रो गम्भीर ध्यान आकर्षण भ'को छ । हिजोको रेकर्डबाट त्यो केपी ओलीको झट्केलो छोरोको रूपमा त्यो भएको भन्ने जुन शब्द छ । त्यो शब्दलाई रेकर्डबाट घटाइयोस् । म नेकपा एमाले दलको तर्फबाट माग गर्न चाहन्छु । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि अभिनुभएको)

(१०: ४२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य, यहाँले राख्नुभएको विचारप्रति मेरो ध्यान आकर्षण भएको छ । म यसलाई एकचोटि दोहोऱ्याएर सुन्ने छु र त्यसपछि हाम्रो नियमावलीको प्रबन्धअनुसार यदि त्यो आपत्तिजनक रहेछ, हटाउन पर्ने उपयुक्त रहेछ भने म भोलिको बैठकमा यहाँहरूलाई त्यो जानकारी गराउने छु । अहिले बसेर यसलाई अगाडि बढाऊँ म सुनिसकेर एकपटक त्यो म आफैले सुन्छु र यसको आवश्यक निर्णयहरू म गराउँछु । बस्नुस् माननीयहरू ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनमा बस्नुभएको ।)

माननीय सदस्यहरू, माया प्रसाद शर्मा । समय ७ मिनेट । यसपछि माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१०:४३ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम नवनिर्वाचित मन्त्री माननीय मन्त्रीज्यू विधायन समितिका सभापतिज्यू हाम्रो राष्ट्रिय सभाका सचिवज्यू सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । र अहिले २०८०/८१ को बजेटका बारेमा हामी सैद्धान्तिक बहस गरिराखेका छम् । र यसको सैद्धान्तिक रूपले यो बजेट दिगो विकासलाई फराकिलो एवम् समावेशी प्रकृतिको आर्थिक वृद्धि दर हासिल गर्ने यसले आफ्नो विषय उठाएको छ । रोजगारीको अवसरहरूलाई बढाउने विभिन्न प्रकारका सेवा प्रवाहहरूलाई सुधार गर्ने स्रोत, साधनहरूको परिचालन गर्ने र यसमा प्रभावकारी महत्त्वका विषयहरू अगाडि सारेको स्थिति देखिन्छ । यसलाई सर्सर्ती हेर्दा अहिले आर्थिक रूपले विश्वमा नै थोरै नकारात्मक परिस्थिति देखापरिराखेको स्थिति छ । यति बेला हाम्रो देशले कसरी आर्थिक वृद्धि दरलाई वृद्धि गर्ने र जनताको

आवश्यकताहरू आन्दोलनले पैदा गरेका एजेन्डाहरू संविधानले व्यक्त गरेका अभिभाराहरू हामी पूरा गर्ने भन्ने विषयमा अवश्य पनि छलफल सकारात्मक ढङ्गले चल्दै जाने छ । मैले आफ्नो कुरालाई सर्सर्ती म छोटोमा के राख्न चाहन्छु भने जो सैद्धान्तिक ढङ्गले छलफल हिजो अर्थमन्त्रीजीले व्यक्त गर्नुभो' यिनी सकारात्मक ढङ्गले देखापरिराखेको स्थिति देखिन्छ । मैले यसैलाई जोड दिने गरेर मात्र मेरा आफ्ना कुराहरूलाई राख्न चाहन्छु ।

हामीले बजेट निर्माण गर्दा हामीले तीनओटा तहका सरकार निर्माण गरेका छौं । विशेष गरेर संघीय संसदहरूको कामलाई बढी कानुन नियम बनाउने कुरामा केन्द्रित गर्ने र प्रदेशमा बजेट कार्ययोजना निर्माण गर्ने र स्थानीय तहले लागु गर्ने विधिको खोजी गर्यौं भने जनस्तरमा बजेटको अथवा हाम्रो जनस्तरमा जुन प्रकारका सीमा समस्याहरू छन् । तिनलाई केन्द्रित गर्न सजिलो हुन्छ र हाम्रो संविधानले हामीले सङ्घर्ष गरेर प्राप्त गरेको संघीयताको कार्यान्वयनलाई पनि हामी प्रभावकारी बनाउन सक्छम् तलको अधिकारलाई माथि केन्द्रित गरेर साना साना रकममाथि वितरण गरेर तलको अधिकार सुनिश्चित हुँदैन । संघीयताको मर्म आवश्यकता र मूल्यबोधलाई आत्मसाथीकरण गर्नैमा अवश्य पनि ध्यान जाने छ ।

अर्को विशेष जोड गर्नुपर्ने कुरा शिक्षा, कृषि र स्वास्थ्यमा मैले देख्छु । चेतना निर्माण गर्ने हिसाबले शिक्षा हामी भन्दै छम् । जो ०२८ सालको कानुनमा चलिराखेको छ । ०२८ सालको नियमले कानुनले अहिले शिक्षालाई प्रभावकारी बनाउन सकिँदैन । त्यसलाई कानुन प्रावधानलाई पनि अगाडि बढाउने र शिक्षामा अहिले रकम कम केन्द्रित हुने गरेको छ । त्यसमा बढी रकमलाई जोड गर्नुपर्छ र चेतनास्तर गुणस्तरीय शिक्षा निर्माण गरेर मात्र यो देशको बारेमा, समस्याको बारेमा, समाधानको बारेमा जान्न सक्ने बुझ्न सक्ने जनशक्ति निर्माण हुन्छ । स्वास्थ्य रहेर मात्र राम्रो शिक्षा आर्जन गर्न सकिन्छ । त्यसकारण स्वास्थ्यमा विशेष जोड गर्ने र खान पाएर मात्र स्वास्थ्य रहन सकिन्छ र ज्ञान आर्जन गर्न सकिन्छ । कृषिमा विशेष जोड गर्नुपर्ने मैले देख्छु ।

अर्को स्रोतका हिसाबले हामीसँग हाम्रो देशमा पर्यटन व्यवसाय छ । हाम्रा नदी नाला पहाड, हिमाल, गुम्बा, स्तुम्ब, मन्दिर विभिन्न प्रकारका पुराना दरबारहरू छन् । पुराना ठाउँहरू छन् । यसलाई आयआर्जनको साधनको रूपमा विकास गर्नुपर्ने जरुरी देखिन्छ । र हामीसँग जल स्रोत छ । जल स्रोतबाट हामी आयआर्जन गर्न सक्छौं र जुन प्रकारको समस्याको रूपमा रहेको तेलको अभाव छ । त्यसलाई पनि हामीले पूरा गर्न सक्छम् । र त्यसलाई निर्यात गरेर आम्दानी पनि निर्माण गर्न सक्छम् । हाम्रा विभिन्न खालका नदीहरू, नाला र विभिन्न खालका खोलाहरू छन् । त्यसबाट अलि बढी कामकाजी बढाउने गरी त्यसलाई केन्द्रित गर्न जरुरी

छ । विगतझैं ८/१० वर्ष जुन बनाउने त्यसको एक पाइलो पनि अगाडि नसर्ने हैन कि त्यसलाई अलिक विशेष जोड गरेर कामकाजी बढाउनुपर्ने जरुरी देखिन्छ ।

अर्कोतिर जडिबुटी छ प्रशस्त जङ्गल छ त्यसलाई पनि हामीले ध्यान दिनुपर्ने देखिन्छ स्रोतको हिसाबले जोड गर्नुपर्ने उद्योग व्यापार र उत्पादनमा विशेष जोड गर्नुपर्ने छ । लगानीमा हामीले विशेष गरेर निजी सहकारी र सरकारी विषयलाई केन्द्रित गरेर अगाडि लैजानुपर्ने आवश्यक छ । काम गर्ने शैलीमा विशेष मितव्ययी पारदर्शी, स्वच्छ र जवाफदेही बनाउनुपर्ने आवश्यकता देखिन्छ । यहाँ समस्याको रूपमा नहटाई नहुने यसलाई आक्रमणकै रूपमा लिनुपर्ने महङ्गी भ्रष्टाचार र ढिला सुस्ती छ । यसलाई हामीले अन्त्य गर्न सकेनौं भने जतिसुकै कागजमा विकास दिए पनि त्यो व्यक्तिगत पोल्टामा पर्ने र काठमाडौंलगायतका सहरहरूमा घर, बास व्यवस्थापन हुने गाउँ खाली हुँदै जाने स्थिति हुन्छ । त्यसलाई हामीले महङ्गीलाई घटाउनुपर्ने भ्रष्टाचारलाई शून्यशीलतामा झार्नुपर्ने र ढिलासुस्ती जो छ । यसलाई एकदम गतिशील बनाउनुपर्ने बिसौं वर्षसम्म ठेक्कापट्टा लिने त्यसलाई काम नगर्ने प्रवृत्तिलाई हटाउनुपर्ने जरुरी छ । यसैमा जोड गर्यौं भने देशमा केही ढङ्गले अगाडि बढाउन सक्ने आधारहरू पूरा हुने मैले देख्छु । यसरी पुँजी..... धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" । ७ मिनेट ।

**(१०:५० बजे) <u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीज्यूले संघीय संसदमा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता विषयमा छलफलमा हामी सहभागी भइरहेका छौं । छलफलमा आफ्नो विचार प्रस्तुत गरिरहँदा वर्तमान गठबन्धन सरकारले गत सालको बजेटमा ८ प्रतिशतको वृद्धिदर हासिल गर्छु भनेर लक्ष्य राखेको थियो । मलाई लाग्छ आजका दिनसम्म आइपुगदा करिब ३ प्रतिशतको आर्थिक वृद्धिदरको सीमिताभित्र अहिलेको अवस्था छ । यो अवस्था देशमा कसरी सिर्जना भयो? यसबिचमा सुधारका के के कामहरू भए? र आगामी दिनमा हामी फराकिलो आर्थिक वृद्धिदर हासिल हुन्छ भनेर पत्याउने आधार र विश्वास गर्ने आधार कसरी सिर्जना गर्न सक्छौं? के हो फराकिलो आर्थिक वृद्धिदर भनेको? कति अङ्कमा हो? त्यो अङ्क स्पष्ट सरकारले गर्न सकेको छैन । फराकिलो भनेर एउटा भाषा मात्रै छ । फराकिलो भनेको कति फराकिलो हो? यो तथ्यमा आउनुपर्छ भन्ने मलाई लाग्छ । यसकारणले

पनि सरकारले ल्याएको यो विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकता एउटा लय मिलेको निबन्धजस्तोको रूपमा प्रस्तुत भएको छ जस्तो मलाई लागेको छ ।

गत वर्ष बजेट निर्माणको क्रममा जुन करको दर हेरफेर गर्दा बिचौलियाको प्रयोग भयो, बिचौलिया हाबी भयो, जसका कारणबाट आज नेपाल उद्योगधन्दाहरू धराशायी हुन पुगे । उद्योगी व्यवसायीहरूमा नकारात्मक प्रभाव पर्यो । र वर्तमान अर्थमन्त्रीज्यू यो बारेमा कति सचेत हुनुहुन्छ? र विशेष गरेर म फेरि पनि बजेट निर्माणको क्रममा सरकार अगाडि बढिरहँदा विगतमा भएको बिचौलियाको प्रयोग हुँदैन भन्ने प्रत्याभूति यो संसदलाई र जनतालाई दिनको लागि म विशेषतः अर्थमन्त्रीज्यूको ध्यान आकर्षण गर्न चाहन्छु ।

अर्को कुराः स्रोतको जोहो अत्याधिक दबाबमा वर्तमान सरकार छ । सार्वजनिक ऋण साँवाको कुरा गर्दा सार्वजनिक ऋण र साँवा ब्याज भुक्तानी गर्न आगामी वर्ष ३ खर्ब ३८ अरब बजेटको माग गरिरहेको अवस्था हामीले तथ्याङ्कमा देख्छौं । एकातिर सरकार ऋणको पासोमा छ । यसरी हेर्दा आर्थिक स्रोतको अभाव र दबाबका कारण बजेटको आकार नै खुम्चिएर पुँजीगत खर्चसमेत कटौती गर्नुपर्ने बाध्यत्मक अवस्थामा रहेको बेला सरकारले यो फराकिलो आर्थिक वृद्धिदर कसरी हासिल गर्न सक्छ? म सरकारलाई भन्न चाहन्छु तथ्य, सत्य र यथार्थ धरातलमा उभिएर आगामी बजेट प्रस्तुत गर्न म सुझाव दिन चाहन्छु ।

सरकारले आगामी वर्ष उत्पादन, उत्पादकत्व वृद्धि गर्ने बजेटको प्राथमिकता बताएको छ । तर युवा पलायन बढ्दो रहेको छ । कृषिसम्बन्धी मल, बिउ, सिँचाइ जङ्गली जनावरबाट हुने क्षति रोकथाम र उत्पादित कृषि उपजको बजारको सुनिश्चिततालगायतका समस्या समाधान नगरीकन कसरी सम्भव छ त्यतातर्फ? यसतर्फ सरकार गम्भीर हुनुपर्यो । समस्या पहिचानन गर्नुपर्यो । समस्या समाधान केन्द्रित भएर नीति कार्यक्रम बजेट निर्माण गर्न म सरकारलाई ध्यान आकर्षण गराउन चाहन्छु ।

गत साल ४२ प्रतिशत अर्थात् १२ हेक्टर जमिनमा मात्र सिँचाइ भएको तथ्याङ्क छ । हाल दैनिक २०० देखि २५० जना युवा बाहिरिएको तथ्याङ्क हामीले देखिरहेका छौं, अर्थमन्त्रीज्यू । यो बारेमा कति जानकार हुनुहुन्छ? प्रस्तुत विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकता हेर्दा यस बारेमा सरकार गम्भीर नभएको हो कि भन्ने मैले अनुभूत गरिरहेको छु । यसतर्फ सरकार गम्भीर हुनको लागि म ध्यान आकर्षण गर्न चाहन्छु ।

अर्थमन्त्रीज्यूले आफ्नो कार्यकालमा अनुत्पादक खर्च कटौती गर्ने भन्नुभएको छ । यो काजमा मात्र सीमित हुनी पक्का देखिन्छ । वर्तमान सरकार एकातिर आफै आर्थिक सङ्कटमा छ,

समस्यामा छ, भनिरहेको छ । सङ्कटमा अर्थतन्त्र रहेको बेला अयोग्य लडाकुलाई नगद बाँड्ने निर्णय गर्छ । कसरी खर्च मित्व्ययी हुन्छ? नगद बाँडेर कसरी समृद्धि आउँछ? सिप र रोजगार सिर्जना गरेर नागरिकलाई आत्मनिर्भर बनाउने दीर्घकालीन सोच वर्तमान गठबन्धन सरकारमा देखिँदैन । क्षणिक प्रचार र सन्तुष्टिले सरकारलाई सही गन्तव्यमा पुर्याउँदैन । यस्ता नकारात्मक काम रोक्न तथा सरकार गम्भीर बनोस् भन्न चाहन्छु ।

निजी क्षेत्रको मनोबल वृद्धि गर्ने पनि कार्यक्रम आएको छ । तर देशको सबै क्षेत्रको हिसाब गर्दा २० देखि ३० प्रतिशत निजी उद्योग व्यापारीहरू बैङ्क ब्याज र घर भाडा तिर्न नसकेर व्यवसायबाट पलायन भएका छन् । कतिपयले आफ्नो व्वसायिक समस्या समाधान हुनी सम्भावना नदेखेर आत्महत्याजस्तो कार्यबाट अमूल्य जीव समाप्त गरिरहेका दुःखद् घटना बढिरहेको छ । यसतर्फ सरकार गम्भीर हुन, निजी क्षेत्रका समस्या पहिचान, समाधान गर्न निजी क्षेत्रसँग सहकार्य, समन्वय गर्न सरकार गम्भीर बनोस् । अन्यथा निजी क्षेत्रका समस्या समाधान काबुबाहिर जान सक्छ । उद्योग व्यवसायले बाँच्न पाउने, मानव अधिकार हनन हुनतर्फबाट रोक्न सरकार सचेत बन्न म अनुरोध गर्न चाहन्छु । प्राथमिकताको बुँदा नम्बर १२ र १३ नम्बर हेर्दा लगानी होइन, उत्पादनमा अनुदानको व्यवस्था गर्नुपर्छ । उत्पादित वस्तुको बजार र सुनिश्चितता उत्पादित र उपभोगबिचको, उत्पादित र उपभोगबिच जुन मूल्य एकिन हुन नसक्दा उत्पादकभन्दा बिचौलिया हाबी हुने अवस्थाको अन्त्य गर्नतर्फ सरकारले ध्यान पुर्यायोस् । हुने, खाने र हुँदा खाने नागरिकबिचमा शैक्षिक, स्वास्थ्य सेवाजस्ता अत्यावश्यक सुविधाको विभेद हटाउन र घटाउनतर्फ सरकारले बजेट निर्माणमा ध्यान पुर्यायोस् । कार्यक्रम प्राथमिकता धेरै हुने तर प्रगति कम हुने अवस्था अन्त्य गर्नतर्फ सरकार ध्यान पुर्यायोस् ।

बुँदा नम्बर १९ मा वन सम्पदाको संरक्षणसाथै समुचित प्रयोगको प्रणालीलाई व्यवस्थित गरिने छ भनेको छ । यसका लागि नीतिगत सुधार, संरचनागत सुधार कार्यक्रमको व्यवस्था सुनिश्चितता कसरी गरिन्छ? काठ तथा फर्निचरजन्य सामग्री आज अरब होइन खरबको अङ्कमा आयात भइरहेको छ । यो आयात प्रतिस्थापन गर्नलाई नीति र कार्यक्रम स्पष्ट हुन जरुरी छ । मानव र वन्यजन्तुबिचको द्वन्द्व कम गर्न नीतिगत र संरचनागत सुधारको तर्फ सरकार अगाडि बढ्नुपर्ने छ । निकुञ्ज ऐन कहिले संशोधन हुन्छ? वन ऐन कार्यान्वयनमा देखेका समस्यालाई सरकारले कसरी हट्छ? मलाई लाग्छ सरकार गठनको चार महिना हुँदा अहिलेसम्म वन मन्त्री पाउन नसकेको अवस्था छैन । त्यसैले यसतर्फ ध्यान दिनको लागि पनि म अनुरोध गर्न चाहन्छु ।

त्यस्तै गरेर बुँदा नम्बर २१ मा आर्थिक र सामाजिक विकासमा महिलाको योगदान उच्च सम्मान गर्ने भन्ने कुरा राखेको छ । म सम्माननीय अध्यक्षज्यूमार्फत अर्थमन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । जबसम्म महिला, नेपाली महिलाहरूले घरभित्र गर्ने कामको आर्थिक गणना हुँदैन, तबसम्म महिलाहरूले आत्मसम्मान, विभेद र हिंसा अन्त्य हुँदैन । त्यसैले म सरकारसँग माग गर्न चाहन्छु, महिलाहरूले घरभित्र गरिने कामको आर्थिक गणना चैं बजेट नीति कार्यक्रममा आओस् भन्न चाहन्छु ।

सँगसँगै बुँदा नम्बर २४ मा रोजगारी सिर्जना गर्ने ठोस योजना कार्यक्रममा आउनुपर्ने युवा र शैक्षिक बेरोजगार पलायन रोक्नी खालका योजना बजेटमा आओस्, एउटा विश्वासिलो वातावरण तयार गर्न सरकार लागोस् । सहकारीले सर्वसाधरणको निक्षेप लिई भागिरहेको, बैङ्क ऋणीहरू ऋण तिर्नुपर्दैन भनिरहेको विकृति फैलाइरहेको छ । ठुला घरानाले स्वदेशी बैङ्कबाट कर्जा लिएर दुरुपयोग गरेका, विदेशी बैङ्कमा जम्मा गरेका अनुदानको दुरुपयोग भएको । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कमला पन्त । समय १० मिनेट ।

**(१०:५८ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी आर्थिक वर्ष ०८०/०८१ को बजेटको सिद्धान्त र प्राथमिकतामा विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतामा छलफलमा यहाँ उपस्थित भ'का छौं । अर्थमन्त्रीज्यूले हिजो प्रस्तुत गर्नुभएको सिद्धान्त र प्राथमिकतामा केही कुराहरू सुरुमै अर्थमन्त्रीज्यूले सार्वजनिक ऋणको दायित्व बढ्दै गएको छ । सरकारी खर्चको प्राथमिकीकरण नसक्दा साधन स्रोत छरिने गरी विनियोजन गर्ने आर्थिक वर्षको गर्ने र आर्थिकको अन्त्यतिर खर्च गर्ने प्रवृत्ति कायमै छ । साधारण खर्चमा वृद्धि हुँदै गएको छ । आयोजना कार्यान्वयन कमजोर हुँदैहुँदा पुँजीगत खर्च न्यून हुनुका साथै खर्चको प्रभावकारिता बढ्न सकेको छैन । फल स्वरूप सरकारको वित्त सन्तुलनमा चाप परेको छ । अब अर्थमन्त्रीज्यूले आफै स्पष्ट पार्नुभा' छ कि परिस्थिति त्यस्तो छ र यसलाई समाधान खोज्न पर्यो राज्यले अर्थमन्त्रालयले अर्थमन्त्रीज्यूले बजेट आउँदै छ । अब हामीले यहाँ संविधान प्रदत्त मौलिक हक र दिगो विकास लक्ष्यलगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप, गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी उपलब्ध गराउने नीति लिइने छ । भनेसी आइडेन्टिफाई, समस्या आइडेन्टिफाई भा'को छ जस्तो मलाई लाग्छ तर समाधान कसरी खोज्ने? कहाँ खोज्ने? अक सबैभन्दा ठुलो कुरा अर्थमन्त्रीज्यू मलाई के लाग्छ भने सम्माननीय अध्यक्षजयूमार्फत म अर्थमन्त्रीज्यूलाई सबभन्दा ठुलो कुरा प्रतिबद्धताको कुरा हो हामी कति प्रतिबद्ध छौं ।

हामीले राज्यका नाममा जनताका नाममा कसम खा'को व्यक्तिहरू के गर्दै छन् र भोलि के हुँदै छ भन्ने कुरामा अहिले अर्थमन्त्रीज्यूले बुझ्नुपर्ने छ भन्ने मलाई लागेको छ । यसमा एक दुइटा कुराहरू म अर्थमन्त्रीज्यूसँग सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नेतर्फ बजेट निर्देशित हुने छ । जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रमलाई आयोजनाको प्रारम्भिक चरणदेखि नै समावेश गर्दै लगिने छ । यो अब मुलुकमा कस्तो समस्या भ'को छ भने हामीले कार्बन उत्सर्ग गर्नेहरूको समस्या हामीहरूले भोगिरहनुपरेको छ । हाम्रा हिमालहरू कालो भएर गैसकेको छ । यो अवस्थामा के गर्ने यस्ता कुराहरू जे होस् समस्या अर्थमन्त्रीज्यूलाई थाहा छ । समाधान चाहिँ पूर्ववक्ता माननीयहरूले भन्याझैं । टेन्डर हुन्छ एउटै मान्छेलाई १० जना १० ओटा ठेक्का एउटै मान्छेलाई दिन्छ । अनि पाँच वर्षमा पूरा गर्ने भनेको आयोजनाहरू २० वर्षसम्ममा पूरा हुँदैन । अनि लागत बढ्दै जान्छ त्यो लागत चाहिँ समय थप्नका साथसाथै हामी लागत थप्दै जानुपर्छ । र त्यो आयोजना पनि कम्प्टिल हुँदैन । पूरा हुन सक्दैन र हामी चाहिँ जनताले कति वर्ष आस गरेर बस्ने । यी त्यसैले हामीले यो राष्ट्रिय सभाले अर्थमन्त्रीज्यू आफैले जवाफ दिनुभो' लामो जवाफ दिनुभो' हामी आश्वस्त पनि छौं । र हामीले अल्पकालिक, मध्यकालिक र दीर्घकालिक आयोजना योजनाहरू चाहियो भनेर हाउसले पास पनि राष्ट्रिय सभाले पास पनि गरेको छ । त्यसका बारेमा अर्थमन्त्रीज्यू राम्रै थाहा छ ।

र म एक दुइटा समस्या कार्यान्वयनको अर्थमन्त्रीज्यू हामी बिरालो बाँधेर सराद्ध गर्नेतिर हामी अब नजानौं । ठ्याक्कै के गर्ने हो तयो भनौं । किसानको उत्पादनलाई हामीले राज्यले किन्दिन्छ भन्ने हो भने किसानले उत्पादन बढाउँछ । सडकमा लएर पोख्न पर्यो भने उसले किन उत्पादन बढाउँछ । त्यो ठ्याक्कै के गर्न सक्छु त्यति मात्रै बोल्नुपर्यो । यो बिरालो बाँध्ने कुरा अबदेखि छोड्दिऊँ । अर्को अब हाम्रो राजस्व सङ्कलनको समस्या के हो? ठ्याक्कै थाहा छ । राजस्व सङ्कलन किन भएन? यसको सुरुआत कसरी भयो । यस रोक्ने ठ्याक्कै कुरो के हो । रोक्नेतिर जाम् । भन्सारमा कहाँ चुवाहट छ? कहाँ कुन कुन ठाउँमा चुवाहट छ । अर्थमन्त्रीलाई थाहा छैन भन्ने कुरा म विश्वास गर्दिनँ । थाहा छ तर त्यो रोक्नको लागि के गर्नुपर्यो त्यस्तापट्टि जानुपर्यो ।

अर्को कुराः वैदेशिक लगानी केले रोक्यो त? लामो झन्झट छ । लगानीकर्तालाई ह्यारेस गर्या छ । लगानी गर्न खोज्नेलाई विभिन्न बाहानामा यो पार्टी र यो पार्टी ऊ पार्टी र ऊ पार्टी गरेर उसलाई ह्यारेस गर्या छ । त्यसरी लगानीकर्ताहरू आउँदैनन् । लगानी पनि गर्नु छ फेरि दुःख पनि पाउनु छ । लगानीकर्ता त्यसरी आउँदैनन् । त्यसले गर्दा विश्वासको सङ्कट यहाँ

कार्यान्वयनको सङ्कट भयो सङ्कट हामीले उब्जाका छौं । यो सङ्कटको अन्त्य गर्नुभयो भने सिङ्गो संसदले सहयोग गर्छ । सिङ्गो मुलुकले जनताले सहयोग गर्छन् । यतापट्टि जानुपर्यो ।

अब अर्को मेरो म चाहिँ एकदमै धेरै भूकम्प जाँदा पनि प्रयत्न गरें । एउटा खुर्सानी लाउने ठाउँ करेसा बारीनपा'का जनता छन् । भूकम्प गयो एकीकृत बस्ती अनिवार्य छ । किन एकीकृत बस्ती अनिवार्य छ भने सुरु गरुम् आजैदेखि सुरु गरुम् यस पालिदेखि । किन यो अनिवार्य छ भने बाँदरले एउटा घर पारि डाँडामा छ । माननीयज्यूहरूले सधैं कुरा उठाउनुहुन्छ, एकीकृत बस्ती भयो भने त यो झन्झट हुँदैन? जङ्गली जनावरहरूको झन्झट हुँदैन? कतै हात्तीले खा'को छ । कतै बाघले खा'को छ । कतै बाँदरले लखेटेको छ । यो सोच्नुपर्यो दीर्घकालिक योजनाअन्तर्गत यसलाई पनि राख्नुपर्यो अर्थमन्त्रीज्यू ।

अर्को कुराः के भन्दा महिला र युवालाई आईटीतिर आकर्षित गर्नुपर्यो । यो भयो भने महिलाहरू अठार घन्टा काम गर्छन् । अघिल्लो वक्ता माननीयज्यूले भन्नुभयो । अठार घन्टा काम गर्छन् । त्यो कामको राष्ट्रको आर्थिक उन्नतिमा कहाँ नाम जोडेको छ महिलाहरूको? यसलाई ल्याउनुपर्यो उत्साहित गर्नुपर्यो । अलिकति आकर्षित गर्नुपर्यो । केमा गर्ने त आकर्षित केका लागि हुन्छ । अनि सेयर बजार जनताले सबले थोरै धेरै सेयर बजारमा उनीहरूले कारोबार गरेका छन् । सेयर बजार चाहिँ स्तब्ध छ अहिले यो छँदै छैन सेयर मार्केट अनि पैसा कहाँबाट आउँछ? पैसा कि कसैको घरमा बोरामा बाँधेर राख्या छ? कि सेयर मार्केटले अब्जर्भ गरेर बस्या छ । सेयरमा लगानी फसिरा' छ भनेपछि कहाँबाट आउँछ । यो त मोबिलिटी हुनुपर्यो नि अर्थतन्त्र त आर्थिक विकास हुने भनेको त मोबिलिटी हुनुपर्यो एउटाको घरबाट अर्को घरमा जानुपर्यो । एउटाको खल्तीबाट अर्को खल्तीमा जानुपर्यो । एउटा समस्याबाट अर्को समस्या हलतिर जानुपर्यो । त्यो हुन सकेको छैन । त्यसले गर्दा त्यो सेयर बजारमा पनि जानुपर्यो ।

अनि अर्थमन्त्रीज्यूको प्रतिबद्धिता पनि छ । साधारण खर्च घटाएर पुँजीगत खर्च बढाउने भन्ने पुँजीगत खर्च कहाँ गयो अहिले? हामी चाहिँ वैशाखमा सुरु गर्छौं काम गर्नलाई सधैं । खरिद ऐनले समस्या पार्यो भन्छ । समस्या छ भने त समाधानको बाटो पनि हामीसँग छ नि खै त हामीले समाधानको बाटो खोजेको । समाधानको बाटो खोजुम् । सधैं गुनासो गरेर हुँदैन । काम गर्ने ठाउँको मान्छेले कम्तीमा पनि गुनासो गर्न छोडौं । मैले पनि छोड्नुपर्यो । र सबैले छोड्नुपर्यो । हामी त काम गर्ने ठाउँमा छौं । एकदम यही गरुम् भनेर अठोट गर्यो भने जनताको काम हामीले गर्न सक्छम् भन्ने मलाई लाग्छ र बोरामा बाँधेका पैसाहरूलाई पाँच सय र हजारको नोटलाई ब्यान्ड गरुम् अर्थमन्त्रीज्यू यदि हामीले समस्या बुझेका छौं र सकिन्छ र

हिम्मत छ भने । यति गर्यो भने हामी यो पलायन हुँदै गा'को अर्थतन्त्रबाट हामी जहिले पनि श्रीलङ्का भन्या छौं । के भन्या छौं । गुनासो गर्या छौं गर्या छौं । तर काम गर्न बसेको ठाउँको मान्छेले गुनासो गर्ने होइन ।

र अर्को चाहिँ बैङ्कले मौद्रिक नीति समीक्षा गर्दा किन जहिले पनि नकारात्मक समीक्षा आउँछ । यतापट्टि पनि ध्यान दिनुपर्यो । उत्साहित गर्नुपर्यो नि जनतालाई सधैं रुन्चे कुराले हुन्छ? बाउआमा रुन्चे भयो भने छोराछोरी कसरी उत्साहित भएर लेखपढ गर्न सक्छन् । काममा जान सक्छन् । बाख्रा चराउन जान सक्छन् । भेडा चराउन जान सक्छन् । यी कुराहरूलाई चाहिँ सानो कुराबाट हामीले सुरु गरेम् भने ठुलो कुरा हामी अर्थतन्त्र म अर्थतन्त्रको विद्यार्थी पनि होइन । मैले जानेको छैन । मलाई के थाहा छ भने जनताले दुःख पाए । पेटभरि खान पाएनन् । पेटभरि कसरी खान दिन सक्छ राज्यले । राज्यले विभेदरहित ढङ्गबाट विभेद गर्न भएन । यो फलानो पार्टीको मान्छे भन्न भएन । यसले मलाई भोट हाल्या थिएन भन्ने भएन । यसले त भोट हाल्या थियो अलि धेरै गर्न पर्यो । त्यस्तो विभेदरहित ढङ्गले हामीले कसरी जनतालाई पेटभरि खान दिन सक्छम् । प्रारम्भिक कुरातिर जाऊँ ।

र अर्को कुरा चाहिँ आयात घटाउने र निर्यात बढाउने (अध्यक्षज्यू, मैले सक्न लाग्या छु ।) आयात घटाउने निर्यात बढाउने आयात घटाउन के गर्नुपर्छ त भन्दा आफ्नो उत्पादनलाई प्रोत्साहान दिनपर्यो । आफ्नो उत्पादनलाई अब हिम्मत गर्नुपर्यो । बाहिरबाट आउने सामानलाई आफूसँग भा'को कोदो खाने, चामल खान किन पर्यो, कोदो खाए पनि त हुन्छ भन्ने किसिमको एउटा उत्साह जगाउनुपर्यो । यसरी (अध्यक्षज्यू, मैले सक्न सक्न लाग्या छु ।)

अन्त्यमा अर्थमन्त्रीज्यू धेरै वर्ष हामीले भन्यौं करायौं । रोष्ट्रमबाट करायौं । मुलुकले करायो जनता रोए । किसान त झन रोए । एउटा यसपटकको बजेटमा एउटा यो मलको उद्योग खोल्छु भनेर प्रतिबद्धता जाहेर गर्नुस् । किसान उत्साहित त्यसैले हुन्छन् र हामी किसानलाई कसरी प्रोत्साहित गर्न सक्छ र अन्त्यमा महिलाहरू गरेको कामको मूल्याङ्कन राज्यले गर्नुपर्यो र घरेलु तथा कृषि कार्यमा लागेका महिलाहरूलाई कम्तीमा पनि प्रोत्साहान स्वरूप के दिन सकिन्छ राज्यले अर्थमन्त्रीज्यूले सोच्नुपर्यो मैले यति कुरा राखें । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सिंग वहादुर विश्वकर्मा । समय ८ मिनेट । त्यसपछि माननीय मृगेन्द्र कुमार सिंह यादव ।

(११:०९ बजे) **मानननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्मानननीय अध्यक्षज्यू, सर्वप्रथम त म नवनिर्वाचित मन्त्रीज्यूहरू र विद्यायन व्यवस्थापन समितिका सभापति र सचिवज्यूलाई धन्यवाद दिन चाहन्छु र उहाँहरूको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, नेपाल सरकार अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका मुख्यतः मुलुकको वर्तमान अर्थतन्त्रलाई परिलक्षित गर्दै आगामी आर्थिक वर्षको बजेट दिगो, फराकिलो एवम् समावेशी आर्थिक प्रविधि हासिल, रोजगारीका अवसर बढाउने र सुशासन प्रवर्द्धन सेवा प्रवाहमा सुधार र स्रोत साधनको परिचालनमा प्राथमिकताका कायम गर्ने लक्ष्यसहितको विनियोजन विधेयक, २०८० को म स्वागत, समर्थन तथा आगामी आय व्यय, २०८०/८१ को बजेटमा समावेश गरिएको कार्यान्वयनका लागि अग्रिम शुभकामनासमेत व्यक्त गर्दै तत् सम्बन्धमा म आफ्नो धारणा राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सरकारले देशको वर्तमान अर्थतन्त्र दबाबमा रहेको परिवेशलाई मध्यनजर गर्दै आर्थिकतन्त्र सुधार गरी आर्थिक वृद्धि गर्ने लक्ष्यसहितको विनियोजन विधेयक सिद्धान्त तथा प्राथमिकतामा ल्याउनु आजको आवश्यकता हो । तसर्थ, यसैले मध्यनजर गरी सरकारले विनियोजन विधेयकका सिद्धान्तहरू दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि र समिष्टगत आर्थिक स्तरको हुने गरी सरकारी, निजी र सहकारी क्षेत्रको लगानीको प्रभावकारी ..... गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण गर्ने आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उत्पादनशील क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी परिचालन गरी रोजगारका अवसरहरू सिर्जना गर्ने सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायसहित अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप गुणस्तरीय शिक्षा व्यवस्था र खानेपानी उपलब्ध थप प्रभावकारी बनाउने राष्ट्रिय भूमिहीन नागरिकका समस्या समाधान सन् १९३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्नेतर्फ बजेट निर्देशित हुने सङ्घ, प्रदेश र स्थानीय तहको क्षमता अभिवृद्धिमा जोड दिने निजी क्षेत्रको मनोबल अभिवृद्धि गरेर गैरआवासीय नेपालीको सिप, पुँजी र प्रविधिलाई आकर्षित गर्ने सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा सुधार गरी सङ्घ, प्रदेश र स्थानीय तहका काम कारबाहीलाई स्वच्छ, मितव्ययी, पारदर्शी र जवाफदेही बनाउने भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतको नीति लिनेजस्ता महत्त्वपूर्ण विनियोजन विधेयकका सिद्धान्तहरू उल्लेख गरिएको छ ।

सम्माननीय अध्यक्षज्यू, प्रस्तुत विनियोजन विधेयकका सिद्धान्तका आधारमा वर्तमान अर्थतन्त्रको परिवेशलाई मध्यनजर गर्दै अनुत्पादक क्षेत्रमा खर्चमा कटौती एवम् साधारण खर्चमा

मित्व्ययिता कायम गर्ने गरी सरकारले आफ्नो प्राथमिकता कायम गर्ने गरी सरकारले आफ्नो प्राथमिकताहरू प्रस्तुत गरेको छ । जसअन्तर्गत कृषि क्षेत्रमा उत्पादन वृद्धि, व्यवसायीकरण र यन्त्रीकरण गर्ने रासायनिक मलको सहज उपलब्ध भरपर्दो सिँचाइ सुविधा, कृषि अनुदान प्रणालीका सुधार गरी वास्तविकता किसानसमक्ष पुर्याउने र भू-उपयोग नीति प्रभावकारी कार्यान्वयन गर्ने उद्यमशीलता विकास कार्यक्रम लघु, घरेलु तथा साना मझौला उद्योग प्रवर्द्धन निर्णय, प्रवर्द्धन गर्ने नगद अनुदानसहित प्रोत्साहनमूलक कार्यक्रम गरी गैरआवासीय नेपालीको सिप, पुँजीलाई आर्थिक विकासमा उपयोग गर्ने उच्च शिक्षालाई उत्पादनमूलक र अनुसन्धानमूलक बनाउने, नवप्रवर्तन अविष्कार र अनुसन्धानमा लगानी विशिष्ट कृति स्वास्थ्य सेवाको विस्तार र गुणस्तरीय अभिवृद्धि, महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि खोप सेवा नसर्ने रोगविरुद्ध निरोधात्मक उपचारका कार्यक्रम ठुला र रणनीतिक महत्त्वका भौतिक पूर्वाधार योजनालाई उच्च प्राथमिकताका साथ सबै स्थानीय तहको केन्द्रलाई नजिकको सडक सञ्जालसँग जोडिने, सडक पुल र ग्रामीण तथा सहकारी पूर्वाधारका निर्णय निर्माणविहीन योजना समयमै सम्पन्न गर्ने गरी बजेटको विनियोजन हुँदै यातायातको सुरक्षा र विमानस्थलको स्तरोन्नतिलाई प्राथमिकता, विद्युत् खपतलाई प्रोत्साहन, विद्युतीय यातायातको प्रयोग, जलविद्युत् उत्पादन तथा आन्तरिक र अन्तर्राष्ट्रिय विदेशी विद्युत् प्रसारणलाई विस्तार सूचना प्रविधि क्षेत्रलाई उद्योगको रूपमा विकास, नेपाललाई चलचित्र छायाङ्कनको आकर्षक स्थालको रूपमा प्रवर्द्धन गर्ने पर्यटन व्यवस्थालाई आयआर्जन, रोजगारी र विदेशी मुद्रा आर्जनको महत्त्वपूर्ण क्षेत्रको रूपमा विकास संस्कृति र सम्पदाको संरक्षण, पर्यटन पूर्वाधारमा लगानी जलवायु परिवर्तनका अवसर कम गर्ने उपाय अवलम्बन विवाद न्यूनीकरण र रोकथामका उपाय, आर्थिक विकासका युवाको सहभागिता र उद्यमशीलता प्रवर्द्धन जोडमा समाधान गर्दै महिला उद्यमीशीलताको रोजगारी प्रवर्द्धन र जातीय, क्षेत्रीय, भाषिक र लैङ्गिक भेदभावको तथा सबै प्रकारका जातीय छुवाछुत कुरीति अन्त्य गर्ने कार्यक्रम सञ्चालन, सामाजिक सुरक्षाका कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाई अतिविपन्न दलित, उन्मुख, सिमान्कृत र आवासविहीनका लागि सुरक्षित आवास कार्यक्रम वैदेशिक लगानी र व्यापार प्रवर्द्धनका लागि विदेशस्थित नेपाली नियोगहरूलाई परिचालन गर्ने, कन्सुलर सेवालाई सरल, सहज बनाई वैदेशिक रोजगारमा जाने युवाहरूलाई पनि लगानीको आवश्यकता सिप अभिवृद्धि ...... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय मृगेन्द्र कुमार सिंह यादव । समय १० मिनेट । त्यसपछि माननीय शेखर कुमार सिंह ।

(११:१८ बजे) **मानननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजन विधेयक, २०८० का सिद्धान्त तथा प्राथमिकतामाथि छलफल र बहस गर्न हामी उभिएका छौं ।

सबभन्दा पहिले म यो भन्न चाहन्छु कि नीति जस्तोसुकै बनाए पनि नैतिकता भएन भने त्यो नीति कुनै काम लाग्दैन । र हाम्रो मुलुकमा अहिले नैतिकताको खडेरी छ । अहिले यो सरकारले, वर्तमान सरकारले भर्खरै एउटा यो नक्कली शरणार्थीको फाइल खोलेर चैं एउटा जनताले सानो आशाको किरण त नभनौं, आशाको एउटा सानो झिल्को पाएका छन् । म वर्तमान सरकारसँग म आग्रह गर्न चाहन्छु, त्यसमा खुट्टा नकमाईकन जस्तोसुकै पनि चाहे टपबहादुर या बटमबहादुर होस्, जस्तोसुकै पनि मान्छे होस्, त्यो चैं अलि दोषी छ भने त्यसलाई चैं छाड्नुहुँदैन । र जनताले यो झिल्को जुन अलि पाको छ, आशाको किरण पाको छ । त्यो झन् विस्तार हुँदै विभिन्न चाङ्ने छ । भन्छ लहरो तन्दा पहिरो जान्छ रे । अब त्यसले गर्दा, पहिरो जान्छ भने के हुन्छ? यहाँ त चाङ लाग्या छ । ठुलो ठुलो पहाड छ, भ्रष्टाचारीहरूको अनियमितता गर्नेहरूको । ठुलो ठुलो फाइल छ, त्यसको चाङ लाग्या छ । त्यसमा जति पहिरो गयो त्यति राम्रो नि । त्यो तान्नुस्, लहरो तान्दै जानुस्, पहिरो ...... चाहे जोसुकै परोस् । र अन्तमा म यही भन्न चाहन्छु, यसमा त यतिकै आज भन्यो, पछि पछि अरू कुरा गरौंला ।

बजेट चैं जनसङ्ख्याको आधारमा वितरण हुनुपर्छ । निश्चित रूपमा जहाँ जनसङ्ख्या बढी छ, त्यहाँ आवश्यकता बढी छ । जनता बढी छ, आवश्यकता पनि बढी छ । जनसङ्ख्याको आधारमा नदिई दामासाहीले सबै जिल्ला एउटै किसिमले, सबै स्थानीय निकायकै किसिमले चैं बजेट दिनुहुँदैन । जनसङ्ख्याको आधारमा बजेटको वितरण हुनुपर्दछ । त्यो म सरकारसँग, अर्थमन्त्रीज्यूसँग आग्रह गर्न चाहन्छु । र योजनाहरू, बजेट पास हुन्छ, असार अन्तिम अन्तिममा बजेट पास हुन्छ । साउनमा सबै विनियोजन ..... पास भइहाल्छ । तर योजना काम सुरु हुन्छ, गएर वैशाखमा, चैतमा र अन्तिममा, असारमा चैं हतार हतारमा यताउति गरेर मात्र खाने काम मात्रै हुन्छ । त्यसैले समयमा योजना चैं सुरु गर्नुपर्यो । त्यो चैं वातावरण बनाउनुपर्ने । कि जाबो त्यो पैसा निकासामा के के जानुपर्यो । समयमै निकासा हुनुपर्यो, जानुपर्यो ।

र प्राथमिकताको जहाँसम्म कम छ, निश्चित रूपमा । शिक्षा, स्वास्थ्य, कृषि मुलुकको र सरकारको मुख्य दायित्व हो । शिक्षा क्षेत्रको दायित्व छ, कि एउटा नैतिकवान, इमान्दार नागरिक तयार पार्ने । तर हाम्रो अहिलेको अवस्था, शिक्षाको अवस्था यस्तो छ, गुणस्तरहीन । एसईईको परीक्षामा गएर हेर्नुस् । गएर त्यहाँ गार्जेनहरू, अभिभावकहरू जहाँ परीक्षा केन्द्रको अगाडिमा गएर, त्यस्तो शिक्षा के कामको? त्यो शिक्षा लिएर मात्रै सर्टिफिकेट दिएर के गर्ने?

त्यतातिर चैं सरकारको ध्यान जानुपर्यो । शिक्षालाई गुणस्तर र नैतिकवान र इमान्दार नागरिक तयार पार्ने खालको शिक्षा दिऊँ । सरकारी स्कुलको शिक्षकहरू तलब बढी छन् । ती प्राइभेट स्कुलका शिक्षाहरूको कम तलब भएर पनि त्यहाँका विद्यार्थीहरू चैं, प्राइभेट स्कुलका विद्यार्थीहरू चैं परीक्षा ..... माथि हुन्छ । त्यो किन? के कमी छ? कहाँ केले गर्दा यस्तो भइरा' छ? त्यसैले शिक्षाको क्षेत्रमा त्यो किसिमको शिक्षा, गुणस्तरीय शिक्षा पाओस् जनताले । नत्र हाम्रो मुलुकको धेरै पैसा, धेरै पैसा चैं विदेश गइरा' छ । त्यो पनि विदेशी मुद्रा सञ्चितिमा पनि त्यसको असर परिरा' छ । त्यसैले गुणस्तरीय शिक्षा कसरी हुन्छ त्यो किसिमको योजना, त्यो किसिमको नीति चैं सरकारले बनाओस् भनेर आग्रह गर्न चाहन्छु ।

स्वास्थ्यको कुरा भनिन्छ, स्वास्थ्य शरीरमा नै स्वस्थ मस्तिष्कको बास हुन्छ । स्वस्थ मस्तिष्कमा नै स्वस्थ विचार आउँछ र स्वस्थ विचारले नै स्वस्थ राष्ट्रको निर्माण, स्वस्थ समाजको निर्माण गर्न सकिन्छ । त्यसैले स्वास्थ्यमा चैं लगानी बढाउनुपर्यो । गुणस्तरीय स्वास्थ्य पनि जनताले पाओस्, सेवा पाओस्, त्यस्तो किसिमको सेवा पाओस् । यही म आग्रह गर्न चाहन्छु । अर्थमन्त्रीजी गइसक्नुभो', राज्य मन्त्रीजी हुनुहुन्छ । टिप्दै हुनुहुन्छ होला ।

र अर्को चैं कृषि । कृषि भनिन्छ, If agriculture is wrong, nothing will be right. र हाम्रो अहिले चैं हामी कृषिप्रधान देश भन्छौं । र खरबौं, खरबौंको खानेकुरा दाल, चामल, आदि इत्यादि सबै चाहे आयात गरिरहन्छौं । हाम्रा किसानहरू मेहेनती छन् । उनीहरू मेहेनत, त्यसमा कुनै कमी छैन । तर हामी समयमा मल, बिउ दिन पाइरा'को छैनौं । सिँचाइको सुविधा दिन पाएका छैनौं । आधुनिक प्रविधि दिन पाएका छैनौं । उत्पादन गरी दुःख, सुख गरेर उत्पादन गरेको वस्तुको बजार दिन सकेको छैनौं । त्यसैले यात चैं हामी, यतातिर निश्चित रूपमा सरकारले ध्यान दियोस् । सिँचाइ, अब सिँचाइ कृषिसँग सम्बन्धित छ । तर सिँचाइ मन्त्रालय, जलस्रोत र ऊर्जा मन्त्रालयमा गाभेर चैं त्यतिर त्यो ओझलमा परेको छ, सिँचाइ । सिँचाइ विभाग ओझलमा परेको छ । जलस्रो मन्त्रालय, ऊर्जा मन्त्रालयलाई त्यो ठुलो ठुलो विद्युतीय योजनाहरूबाट हेर्न चैं फुर्सद छैन । त्यसैले म त आग्रह गर्छु सरकारसँग कि सिँचाइलाई कृषि मन्त्रालयअन्तर्गत ल्याओस् । तब गएर गर्दिनुस्, तपाईं विद्युतीकरण सबै ठाउँमा गर्दिनुस् । किसानहरू बोरिङबाट आफ्नो आफ्नो सेलो ट्युबवेलबाट पनि सिँचाइ गर्छ । विद्युतीकरणको व्यवस्था गर्दिनुस्, त्यस्ता योजना बनाउनुस् । म आग्रह गर्न चाहन्छु ।

र फेरि एउटा ठेकदारहरूले पनि ठुलै ठेक्काहरू लियो, हाम्रै यो हुलाकी राजमार्गमा । ठेकदारहरू ठेक्का लिएको छ, रोडहरू बनिसक्या छ, पुल बनिसक्या छ । र एप्रोच रोड बनाउनुपर्ने छ त्यो चैं छोडेर ठेकदारहरू बेपत्ता छ । कुन कारणले मात्रै त्यो चैं, सबै हात्ती

निस्किसक्या छ, पुच्छर मात्रै अड्क्या छ । या त सरकारहरूले ठेकदारहरूले पाउनुपर्ने रकमा दिन सक्या छैन कि? कि ठेकदारहरूले बदमासी नै गरिरहेको छ कि? त्यसैले म आग्रह गर्न चाहन्छु कि जुन योजना कनिका छर्ने काम सरकारले नगरोस् । जो योजना चैं यस साल पूरा, यो आर्थिक वर्ष पूरा गरिन्छ त्यस्तो योजनामा समुचित बजेटको व्यवस्था गरोस् र त्यसले पूरा गरोस् । नत्र त्यहाँ चै पिच ...... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय श्री शेखर कुमार सिंह । समय ५ मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

(११:२९ बजे) **<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी बजेटसम्बन्धी केही ..... रोष्ट्रममा उपस्थित भया छु । निश्चित रूपमा बजेटको व्यवस्थापन जनसङ्ख्याको आधारमा सरकारले पक्कै तयारी गर्नुभा' होला तर त्यसैमा गर्नु पनि पर्छ भने हामी आस पनि राख्या छु ।

सम्माननीय अध्यक्षज्यू, माननीय अर्थमन्त्रीज्यूले पेस गर्नुभएका विनियोजन विषयमा २०८० मा हेर्दा रहेका बुँदाहरू कार्यान्वयन होस् भन्ने विश्वास लिएको छु । हाम्रो देशमा प्रत्येक वर्ष बजेट बन्छ तर आजसम्म कुनै क्षेत्रमा हामी नेपालीले आत्मनिर्भरता पाएको छैन । यो बजेटले किन हो? सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयकको सि.न. ८ मा दिगो विकासका जनवायु परिवर्तन २०३० सम्म दिगो विकासको लक्ष्य हासिल गर्न लक्ष्य रहेका छन् । आज हामी २०२३ मा छु । यसमा जलवायु परिवर्तनको असर नेपालमा कति बढेको छ र त्यसका मारमा हामी नेपाली तापक्रमदेखि वर्षासम्मको के हाल यसमा आजसम्मको प्रगतिको के छ । र भविष्यमा के हुन सक्छ । त्यसका असरहरू रोक्नतिर ध्यान आकर्षित गर्नुपर्ने सरकारको तर्फबाट बजेटको समयमा बजेटको किताबमा लेखेर यसका समाधान हुन्छ । हुँदैन । जल जङ्गल विनास भैरहेको छ । त्यसलाई हामी बचाउनतिर लाग्नुपर्यो नेपालको जल र नेपाली ह्युमन पुस्ता विदेशमा प्रयोग भैरहेको छ । हामीले नेपालका जल एवम् नेपाली युवाहरूको सदुपयोग गरी देश बनाउन लागौं ।

हामी नेपाली गर्व र सहर्ष भन्ने गर्या छु । हामी जल विद्युत्का धनी विद्युत्मा हामी धेरै उत्पादन गरिसक्या छौं । हामी यदाकदा विद्युत् बिक्री गरेको खबर सुन्दा आफू पनि हर्षित हुइन्छ तर आजसम्म लोडसेडिङबाट हामी छुट्कारा पाएको छैन । हाम्रो उद्योगधन्दाहरू पनि घन्टौं घन्टौं लोडसेडिङको प्रभावमा परिराख्या छ । आखरी हामी विद्युत्मा यति विशाल धनी

भैसक्दाखेरि यो लोडसेडिङको प्राथ कहिले हट्ने हो अर्थमन्त्रीज्यू? यसमा पनि सङ्क्षिप्त व्यवस्थापन त गर्नै पर्यो नि ।

हाम्रा अथाह सम्पत्तिका रूपमा रहेको जल क्षेत्रलाई सिँचाइ तथा थप जलबाट हाइड्रो इनर्जीको उत्पादन गरी वैकल्पिक इन्धनमा आत्मनिर्भरको साथै वैदेशिक मुद्रा आर्जन गर्न पनि सकिन्छ । हामी नेपालको पहिचान हरियो वन नेपालको धन पुनः विनाश भएको जङ्गललाई संरक्षित गरेर देशमा र विदेशका वातावरणीय प्रकोपलाई कम गरी पुनः नेपालका आर्थिक क्षेत्रमा ठुलो टेवा पुऱ्याउन सक्छु । हामी नेपाली कृषिप्रधान देश भन्छौं तर कृषिमा धेरै ह्रास देखिन थाल्या छ । कृषियोग्य जमिन बाँझो परिरहेको छ जनशक्तिको अभावमा किसानले खेती गर्न सक्या छैन । यसैमा कृषिमा लागत मूल्य बढिरहेको छ सरकारको तर्फबाट जनशक्तिको अभाव व्यवस्थापन गर्न आधुनिक यन्त्रहरू धान रोपाइँ गर्न मसिन तथा सिँचाइको व्यवस्थापन गर्न । जङ्गली जनावरबाट कृषि बालीको सुरक्षासाथै कृषि उत्पादनलाई बजार व्यवस्थापनको उचित व्यवस्थापन गरी किसान सबै किसानबाट कृषि बाली सुपथ मूल्यमा सरकारले खरिद दिने व्यवस्थापन गर्दिनुपर्यो । शिक्षा क्षेत्रमा पनि व्यापक सुधार गर्न आवश्यकता छ । (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण प्रसाद दाहाल । समय ५ मिनेट । त्यसपछि माननीय शारदा देवी भट्ट ।

**(११:३५ बजे) <u>माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सभाको यो चौधौं अधिवेशनको दोस्रो बैठक जसमा हामी यो देशको सिङ्गो देशको अर्थ व्यवस्थासँग सम्बन्धित भएर हामी छलफलमा जाँदै छौं । हिजो अर्थमन्त्रीज्यूले सिद्धान्त र प्राथमिकता भनेर विनियोजन विधेयक २०८० का यहाँ प्रस्तुत गर्नुभ'को छ । ती विषयवस्तु हेर्दा सामान्यतया त सबै ठिकै छन् । संविधानतः हेर्दा ठिक छन् । देशको आवश्यकतालाई हेर्दा ठिकै छ सबै हिसाब किताबले ठिकै छ बेठिक भन्ने ठाउँ त कहीं पनि छैन । रह्यो हाम्रो समस्या भनेको कार्यान्वयनकै समस्या हो । योजना निर्माण गर्न मलाई लाग्छ संसारमा सबैभन्दा सिपालु नेपाली नै छौं जस्तो लाग्छ । योजना बनाउन योजनाको थुप्रो, चाङ अथवा विभिन्न तरिकाका योजनाहरू कोही गौरवका योजना, कोही राष्ट्रिय योजना, कोही क्षेत्रीय योजना, कोही के यी पनि हामी एकदम अगाडि नै छौं । यहाँ प्रतिपक्ष नभनौं, सत्तापक्ष नभनौं । सत्तापक्षमा अहिलेको प्रतिपक्ष भएनी गर्ने यही हो जस्तो लाग्छ । त्यस्तो तत्विक केही आउने

जस्तो लाग्दैन । केही शब्दमा तलमाथि होला । त्यसैले मुख्य कुरा हामीले खोज्ने भनेको यो कार्यान्वयनको पक्ष हो । नेपाली जनताको आवश्यकताको कुरा हो ।

अहिले यो चाहिँ ल्याउँदा मैले के देखें भने अगि एउटा माननीयज्यूले भन्दै हुनुहुन्थ्यो । यो बिरालो बन्ने चलन अगिल्लो अगिल्लो बजेटका वृत्ति सिद्धान्त कार्यक्रम ल्याउँदा गाउँमा कहाँ कहाँ गएर खोजेर छिमेकतिर खोजेर ल्याएर ठुल्ठुलै बिरालो बान्ने जस्तो थियो अहिले घरमै भएको बिरालो बान्न खोजेको हो कि भन्ने अनुभव चाहिँ भ'को छ बजेटको हिसाबले अलि बढी संवेदनशील बन्न खोजे जस्तो अहिलेको आर्थिक अवस्था जुन ढङ्गले एउटा धरासायी अथवा तरलतातिर गैराख्या छ । त्यसलाई सम्हाल्न खोजेको अनुभूत भ'को छ । त्यसैले मैले अर्थमन्त्रीज्यूलाई सम्माननीय अध्यक्षज्यूमार्फत के भन्न चाहन्छु भने यो गरिने छ । हुने छ । यी शब्दले यो चाहिँ जालमा नपारौं के गर्न सकिने यो यो गरिने नै भैयो अब यो वर्ष चाहिँ गर्ने यो यो हो । अलिक ठोस् गर्न सकिन्छ कि सकिँदैन । धेरै चिज गरिने छ भन्ने गर्ने बेलामा चाहिँ अब अहिलेसम्म आउँदाखेरि, अहिलेसम्मका सबै वर्षका हेर्दाखेरि ३०/३२ पर्सेन्टभन्दा उता विकास खर्चै हुँदैन । एकातिर चाहिँ साधारण खर्च दिन प्रतिदिन बढ्या बढ्दै छ । यसलाई कन्ट्रोल गर्ने मेकानिजम के हुने हो भन्नेतिर अलिकति सोच्न जरुरी छ । लाग्छ ।

त्यसकारण यो विषयवस्तु निर्धारण गर्ने कुरा यसलाई प्रस्तुत गर्ने कुरा । अहिले हाम्रो चाहिँ देशको अर्थतन्त्रको समस्या होइन । समस्या भनेको यसको कार्यान्वयन हुन नसक्ने कुराको पत्ता भइराखेका लगाउने । किन कार्यान्वयन छैनन् भन्ने कुरा ऐन कानुनका कुरा गर्दा जस्तोः धेरै जस्तो ठाउँमा आउँछ । यो चाहिँ के रे । सार्वजनिक खरिद ऐन यस्ता केही प्रावधानहरू छन् । त्यतातिर सोच्ने के के गर्ने त्यस्तातिर लाग्नुपर्छ भन्ने मलाई लाग्छ । त्यसकारण हरेक योजना निर्माण गर्दाखेरि हामी सिद्धान्ततः जसरी सोचिराखेका हुन्छौं । प्राथमिकतामा जे जे राखेका हुन्छौं । ती सम्भाव हुने योजनाहरूलाई अलिकति ध्यान दिऊँ भन्ने कुरा लाग्छ ।

त्यसकारण चाहिँ हामीले अहिले यो सिद्धान्त र प्राथमिकतामा सुझाव दिने भनेको कृषिप्रधान देश हाम्रो । कृषिमा आत्मनिर्भर बन्नुपर्छ भन्ने हामी । कृषि उत्पादन गर्न सकियो भने स्थानीय स्रोत साधनलाई ठिक ढङ्गले लैजान सकिन्छ भन्ने हामी त्यसकारण चाहिँ यो आत्मनिर्भर अर्थतन्त्र बनाउनको निम्ति र कृषिलाई चाहिँ अगाडि बढाउनको निम्ति ठोस् ठोस् के के हुन सक्छ भन्नेतिर मेरो जोड कहाँनिर भने अलिकति गर्न सकिने र ठोस् योजनाका साथ अगाडि आउनुपर्छ अहिलेको बजेट भन्ने मेरो चाहिँ माग हो । त्यसअनुसार अगाडि बढौं । तर अन्त्यमा मैले भन्न पर्दाखेरि अहिले विविध ढङ्गले अर्थतन्त्रमा देखिएको समस्या राजनीतिक रूपमा देखिएको

थोरै तरलता र अस्थिरता यो चिजलाई धारमा रखेर यो चिजलाई अगाडि सारेर दशकौं वर्ष सङ्घर्ष गरेर ल्याएको राजनीतिक उपलब्धिमाथि जसरी हमला गरिँदै छ । यो चिन्ताको विषय हो । जसले यो अर्थतन्त्रलाई पनि धारासायी बनाउनेतिर जाँदै छ । त्यो प्रवृत्ति भन्ने कुरामा हामी सचेत बन्न आवश्क छ भन्ने लाग्छ यसमा चाहिँ हामी शान्ति प्रक्रियामा सहभागी सबै दलहरू गणतन्त्र पक्षका सबै दलहरू बाह्र बुँदे सहमति सम्झौतामा सहभागी हामी सबै दलहरू एक ठाउँमा उभिएर ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय शारदा देवी भट्ट । समय ५ मिनेट । त्यसपछि माननीय नारायणदत्त मिश्र ।

(११:४१ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, अहिले हामी तेह्रौं अधिवेशनको अन्त्य भएको छोटो समयमै यस महत्त्वपूर्ण चौधौं बजेट अधिवेशनमा सहभागी भएका छौं । दुर्भाग्यपूर्ण रूपमा जसरी तेह्रौं अधिवेशन उपलब्धिविहीन बन्यो, आशा गरौं यो चालु बजेट अधिवेशन त्यस्तो नहोस् । यसले देशलाई केही निकास दियोस् भन्ने मेरो शुभकामना छ ।

सम्माननीय अध्यक्षज्यू, अहिले हाम्रो देशमा एउटा गजबको नयाँ परिपाटी चलेको छ, किस्ताबन्दी । आफूलाई चाहिएको सामान किस्ताबन्दी किन्दा किस्ताबन्दी ठिकै हो तर यहाँ त मन्त्रीमण्डल विस्तार पनि किस्ताबन्दीमा चलेको छ । कहिले आठओटा, कहिले पाँचओटा, कहिले दुईओटा, कहिले एउटा । अहिले देशमा महत्त्वपूर्ण बजेट निर्माणको चटारो छ । तर बजेट निर्माणमा लाग्नुपर्ने समयमा यहाँ कतिपय मन्त्रीको टुङ्गो छैन भने भएको मन्त्रीको मन्त्रालय पनि टुङ्गो नभएको अवस्थामा छ ।

छायो, यस्तो देशको लागि दुर्भाग्य के हुन सक्छ? अध्यक्ष महोदय । आमनिर्वाचन भा'को छ महिना कटिसक्दा पनि मन्त्रीमण्डललाई पूर्णता दिन नसक्ने, भेन्टिलेटरमा चलिरहेको वर्तमान सरकारबाट जनताले के नै आशा गर्ने? देशमा बेथितिको कुरा गरेर साध्य नै छैन । अहिले जनतामा चरम निराशाको अवस्था छ । केन्द्रदेखि प्रदेशसम्मको अवस्था उस्तै उत्साहजनक छैन । जनतामै अस्थिर सरकार छ । जनतामा सत्ता स्वार्थको राजनीति हाबी छ । जनताको नाममा राजनीतिक गर्नेहरू जनता र विकासलाई बिर्सेर सत्ता केन्द्रीय स्वार्थमा व्यस्त छन् । राज्यमा थिति बसाउन राज्यका अर्को जिम्मेवारसमक्ष जनताप्रति उत्तरदायी हुन आवश्यक छ तर अहिले सत्तासीनहरूले यसतर्फ ध्यान दिएको देखिँदैन ।

अध्यक्ष महोदय, हामी देश चलाउँछौं, जनताका पीडा निको पार्छौं भनेर सत्तासीन भएकाहरूले इमान्दारितापूर्वक राज्य सञ्चालन गर्नुपर्छ कि पर्दैन? वर्षैपिच्छे हामी पूर्वाधार निर्माणका नाममा अरबौं रुपैयाँ निकास गर्छौं । के ती रकम प्रतिसत विकास निर्माणमा खर्च हुन्छ त? हुँदैन । जनताको नाममा हामी राजनीति गर्छौं, जनताका प्रतिनिधि हुन्छौं । चुनाव अनेक आसवासन बाँड्छौं । तर के हामी साँच्चै नै जनताका कसौटीमा खडो उत्र्या छौं त? सुख सुविधा सम्पन्न राजधानीमा बसेर के हामीले विकट बझाङ, दार्चुला, जुम्ला, हुम्लाका जनताका दुःख, समस्यालाई बुझ्ने कोसिस गर्या छौं?

अध्यक्ष महोदय, हामीकहाँ दुइटा नेपाल छ । एउटा सुविधा सम्पन्न, अर्को विकट । त्यहीअनुसार जनता पनि छ । एउटा सुविधा सम्पन्न र अर्को गरिब र अभावै अभावले बाँच्ने जनता । ती जनता जसको समस्या सिंहदरवारमा बस्ने सत्तासीनले सुन्दैन । यहाँ अहिले सत्तासी व्यक्ति अघि, पछि घुम्ने केही व्यक्ति आसेपासे मोटाएका छन् भने जनताका दिन प्रतिदिन गरिबको चक्रव्यूहमा आफ्नो जीवन बिताउन बाध्य छन् । अध्यक्ष महोदय, विनियोजन विधेयक, ०८०/०८१ को सिद्धान्त र प्राथमिकताको कुरा गर्दा गरिबीको मारमा परेका सुदुरपश्चिम कर्णालीलगायत देशभरिका गरिब आमजनताको विकास, समृद्धिलाई सम्बोधन हुने गरी बनाऊँ । म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । आशा छ सरकारले यसतर्फ ध्यान अवश्य नै दिने छ ।

मुलुकमा सन्तुलित विकास हुन जरुरी छ । त्यसैले आउँदो बजेटमा दुर्गम क्षेत्रहरूलाई प्राथमिकतामा राख्न जरुरी छ । यहाँ शिक्षा, स्वस्थ, शुद्ध खानेपानीतर्फ बजेट विनियोजन गर्न जरुरी छ । अध्यक्ष महोदय, मुलुकको मेरुदण्ड भनेको नै कृषि क्षेत्र हो । तर अहिले सबैभन्दा ज्यादा बिमार भएको क्षेत्र पनि कृषि नै हो । यहाँ अहिले कृषकलाई राज्यबाट कुनै सुविधा छैन । आउँदो बजेटमा कृषिलाई विशेष प्राथमिकतामा राख्नु जरुरी छ । विशेष गरेर मलको समस्यालाई सम्बोधन गर्नु जरुरी छ । जसको लागि दीर्घकालीन समस्या समाधानको लागि मुलुकमै मल कारखाना खोल्नु जरुरी छ । कारखाना खोल्नुको लागि बजेट विनियोजन गर्नको लागि म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

यस्तै जनतासँग प्रत्यक्ष जोडिएको क्षेत्र स्वास्थ्य, अझै आधारभूत स्वास्थ्य सेवामा आमनागरिकको पहुँच छैन । देशमा देशका कति क्षेत्र छन्, जहाँ अस्पताल छैन । अस्पताल छ भने उपकरण छैन, दक्ष जनशक्ति छैन । हामी स्वास्थ्य क्षेत्रमा कतिको पानीमा छौं भन्ने कुरो कोरोना बिमारीले देखाइसकेको छ । यसर्थ, स्वास्थ्य क्षेत्रलाई थप प्रभावकारी बनाउन जरुरी छ । विशेष गरेर दुर्गम क्षेत्रभित्रका, यहाँ रहेका सरकारी अस्पताललाई सुविधा सम्पन्न बनाउन

आउँदो बजेटमा सरकारले बजेट विनियोजन गरोस् । (अध्यक्ष महोदय, मलाई समय थप्दिनुहोला) ।

अध्यक्ष महोदय, अहिले गाइँगुइँ हल्ला सुनिँदै छ । ज्येष्ठ नागरिकलाई दिइने वृद्धभत्तामाथिको सरकारले कैँची चलाउँदै छ रे । अहिले हरेक नेपाली ज्येष्ठ नागरिकको बुढेसकालको साहारा बनेको यो कार्यक्रममाथि गिद्धे दृष्टि नलगाउन, यसलाई यथावत् राख्न म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

अध्यक्ष महोदय, अहिले सरकारले मुलुकको अर्थतन्त्रमा कुनै समस्या छैन भने पनि वास्तविकता कसैबाट लुकेको छैन । देशको अर्थतन्त्रको अवस्था अहिले नाजुक छ । मुलुकको कुल गार्हस्थ उत्पादन उपभोगताको ठुलो ..... (समय सकिएको) । (**सम्माननीय अध्यक्ष**:- माननीयज्यू अब सकौं) ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र । माननीय नारायण दत्त मिश्र । समय १० मिनेट । त्यसपछि माननीय मदन कुमारी शाह "गरिमा" ।

(११:४७ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अझै वैशाखको महिना छ । त्यसकारणले नव वर्षको शुभकामना छ सबै साथीहरूलाई र निर्वाचित मनोनीत मन्त्रीहरू मन्त्रीमण्डल गठन भएको छ । मन्त्रीहरूलाई पनि शुभकामना र बधाई छ सकभर दुई वर्षमै चलोस् न कम से कम ।

अब विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा अर्थमन्त्रीज्यूले जुन कुराहरू राखुभएको छ । असाध्यै राम्रो कुराहरू आएका छन् । यिनी कुराहरूलाई समेटेर नीति र कार्यक्रम आउँदा अझ राम्रा सुन्न पाइयोस् । नीति र कार्यक्रम होइन । बजेट आउँदा मान्छेले वाही वाही गर्ने किसिमले सुन्न पाइयोस् र बजेटको कार्यान्वयन हुँदा देशभरिका जनताले यस वर्ष बजेटको कार्यान्वयन भयो है भन्ने कुरा महसुस गर्न पाइयोस् अनि यी सबै कुराहरू आजको कुरा यो उसको बजेट आउने कुराको सार्थकता तब मात्र हुने छ । बजेटको आकार यस वर्ष घटन् सक्छ तर घटेको बजेटलाई पनि राम्रो बनाउन सकिन्छ । एकचोटि बीपीलाई पत्रकारहरूले सोधे । हैन । तपाईंको डेमोक्रेसी भनेको कस्तो हो भनेर भने । उनले भने मेरो डेमोक्रेसी भनेको मोडेल डेमोक्रेसी हो । मोडेल डमोक्रेसी भनेको त्यो गृहिणीजस्तो हो जुन गृहिणीले आप्ना सासू ससुरालाई पनि सन्तुष्ट गरिकी छन् । जसले श्रीमान् र बच्चाहरूलाई पनि सन्तुष्ट गरिकी छन् । तिनीहरूलाई मात्र होइन छरछिमेक र गाउँलेहरूले पनि ए बुहारी होस् त

उनको जस्तो भनेर भनेका छन् । त्यसरी घरमा मिठो खाना खुवाएर मुस्कुराएर व्यवहार गर्न सक्ने गृहिणीजस्तो हुन्छ । त्यस्तै लोकतन्त्रको मैले परिकल्पना गरेको छु र पूर्ण गर्ने छु । त्यसै किसिमले अहिले घटेको बजेट ल्याउनुपर्दा पनि कम बजेट ल्याउनुपर्दा पनि त्यो बजेटले पनि त्यस्तै किसिमको प्रशंसा पाओस् भन्ने हामी चाहन्छौं । र यसरी यो सरकारलाई दिगो र सफल बनाउन अनुरोध गर्दछु । जसरी हाँसले हाँसले दुधमा मिसाएको पानीलाई छानेर उसले दुध मात्रै जसरी पिन सक्छ । त्यस्तो किसिमले अहिले विभिन्न किसिमका अनेक किसिमका प्रपञ्च रचिएर आएका कार्यक्रमहरूलाई ओझेलमा पारेर जनताको कार्यक्रमलाई अगाडि ल्याउने कुरातिर अगाडि बढौं ।

म कृषिकै कृषिमन्त्रीज्यू हुनुहुन्छ । म किसान पनि हुँ । म कृषिको कुरा गर्न चाहन्छु । कृषिको सम्बन्धमा भन्नुपर्दा मैले दुइटा महत्त्वपूर्ण कुरामा जोड दिन खोजेको छु मैले म आफूलाई परेको मर्कालाई हेरेर मलमा सके जति अनुदान दिऊँ । सके जति अनुदान दिऊँ, अझ अनुदान दिऊँ । त्यसले मात्रै पुग्दैन किसानहरूलाई एउटा ऋण दिऊँ । ६ महिनाको लागि मात्रै किसानहरूलाई ऋण दिऊँ । ६ महिनाको ऋण त्यो भदौको महिनामा १ बिघा जग्गामा २५ हजार रुपियाँ ऋण दिऊँ । १ रोपनी जग्गामा ३ हजार रुपियाँ ऋण दिऊँ । ताकि उसले मल किन्न सकोस् । उसले खेत जोताउन सकोस् । उसले बिउ किन्न सकोस् । अनि मात्रै किसानको अनुदान त्यता गयो भने त्यो अनुदानले प्रतिफल प्राप्त गर्दछ । कृषिमा दिइने अनुदानहरू हेर्दा देख्नेलाई लाज कि कसलाई लाज भन्ने जस्तो यो पछिल्लो ४/५ वर्षमा कृषिमा गएको अनुदानले वास्तवमा किसानको खेतमा किसानको बालीमा त्यो अनुदान पुग्न सकेन । धेरै जसो अनुदानबिचका बिचौलियाहरूले अनुदानबाट फाइदा उठाएको कुराहरू हामीले देखेका छौं । तसर्थ अनुदान दिने कुराहरू यो टेक्टरहरू, सानो टेक्टरहरू टेक्टर किन्ने बेला त्यसको एजेन्ट एजेन्टहरूमा नै ..... खेल हुन्छ । अनि त्यो एजेन्टले ल्याएका तिनीहरू गाउँमा पुगिन्जेलसम्म त्यसको भाउ घट्न पाउँदैन । अहँ सामान किन्न राज्यलाई दिनुहुँदैन । राज्यले किनेको सामान सधैं महङ्गो हुन्छ । सामान किसानले किनोस्, किसानले किन्यो भने भोलि त्यही सामान सस्तोमा सस्तोमा प्राप्त हुने छ । तसर्थ यी सामान किन्नमा जोड गर्न ध्यान कम जाओस् ।

अब, मैले यो मैले यो रेमिट्यान्सको कुरालाई रेमिट्यान्स देशमा भित्र्याउनेहरू ज्यामी मौरीको संज्ञा दिया छु । त्यो ज्यामी मौरीले दिनहुँ रेमिट्यान्स भित्र्याएको छ । भित्र्याएको छ । अनि ती रानी मौरीहरूले विलासिताका सामानहरू किन्नसमेत पैसा बाहिर पठाएका छन् । त्यसकारणले त्यो ज्यामी मौरीको शोषणबाट कम से कम यसै वर्ष अर्थमन्त्रीज्यू हुनुहुन्न ।

अर्थमन्त्रीज्यूका आँखा कानहरू यहाँ कहीँ छन् भने वहाँहरूमार्फत पनि भन्न चाहन्छु । कम से कम विलासिताका सामानहरू किन्न हामी बन्द गरौं । विलासिताका सामान किन्न मात्र बन्द गर्ने होइन । निर्यात बढाएर आयात प्रतिस्थापन गर्ने कुरापट्टि ध्यान दिनलाई स्वदेशी सामानहरूको प्रयोगमा हामी जोड दिऊँ । विदेशी सामानहरूको प्रयोगै नगरौं । ए कही सगभर कस्तो गरौं भने कम से कम त्यो संसदबाट मन्त्रीमण्डलबाट एउटा कुरा कम से कम एउटा कामको प्रयोग गरौं त्यहाँ खाने हाम्रो भोज भतेरमा खाने कुराहरू हामीले लगाउने लुगाहरू कम से कम त्यो स्वदेशी उत्पादनमा गयो अरूलाई पनि स्वादेशी उत्पादनलाई प्रोत्साहन गर्यौं भने । मलाई लाग्दछ । हाम्रो यो अर्थतन्त्रले सही दिशामा अगाडि बढाउने छ । (अलिकति म सम्माननीय अध्यक्ष महोदय, मेरो मुख किन सुकिराख्या छ । आज राम्ररी बोलौंला भनेर आएको यतिका दिनपछि यसले अलिकति काम गरेन मुखले । त्यही पनि)

महालेखा परीक्षकको प्रतिवेदनले अहिले नुन ढुवानी त्यही ठाउँहरूमा भैरहेको छ । जहाँ बाटो पुगिसक्यो बाटो पुगिसकेको ठाउँमा नुन ढुवानी गर्नमा कसको हात छ । तिनीहरूलाई कारबाही गर्न नसके पनि कम से कम कुनै पेपरमा कुनै एउटा पत्रिकामा फलानोले यस्तो यस्तो गर्यो है भनीकन उनीहरूलाई लज्जाबोध हुने किसिमको काम त गरौं । त्यसरी देशको सम्पत्तिको दुरुपयोग भैरहेको हुनाले यसलाई यी को कोले मिलेर लुट्दै छन् । यतातिर ध्यान जाओस् मन्त्रीज्यू म हजुरमार्फत यो कुराहरू अगाडि बढाइदिन अनुरोध गर्दछु ।

अब कृषिको क्षेत्रमा त भयो । यो पर्यटनको क्षेत्र पर्यटनको क्षेत्रलाई केबुलकार हाम्रो बिजुलीबाट चल्छ केबुलकारको विकास गरौं । डाँडा डाँडाहरू जति हाम्रा रमणीय स्थल छन् जति हाम्रा धार्मिक स्थलहरू छन् । त्यस ठाउँमा पर्यटनको विकास गरौं । त्यस ठाउँमा हामीले (केही आज पानीले असजिलो गर्ने भयो । अब म आफ्नो कुराहरू आज छोट्करीमै सके पनि यो १० मिनेट भन्या १० मिनेट नपुर्‍याए पनि हुन्छ नि हैन ।) अब यो त्यहाँ डाँडा डाँडामा बन्ने घरहरू पनि हाम्रै ढुङ्गा हाम्रै माटो हाम्रै प्रविधिबाट बनोस् ताकि अन्य देशबाट आयात भएका चिजहरू त्यसलाई त्यसको विकासमा नगरीकन हामीले आफ्नै किसिमले त्यसलाई अगाडि बढाऊँ । मैले बिजुलीबाट चल्ने उपकरणहरूको प्रयोगमा जोड दिऊँ । उपकरण मात्रै होइन । गाडीदेखि लिएर मोटर साइकलदेखि लिएर देशमै सजिलोसँग बिजुलीबाट चल्ने यी गाडीहरू उत्पादन हुन सक्छन् रे त्यतातिर ध्यान दिन पनि अनुरोध गर्दछु ।

यो हुन्डी भनेको के हो? यो हुन्डीले यतातिर अर्थतन्त्र गिरेको छ भन्छन् । अरू के हुन्डी ग'को हुन्डीमा संलग्न मान्छेहरू के राज्यलाई थाहा छैन र उनीहरूलाई प्रेरित गरिन्छ । रेमिट्यान्स पठाउनेहरूलाई हुन्डीमार्फत पठाऊँ । हुन्डीमार्फत पठाऊँ भनिन्छ । अनि हाम्रो

देशमा आउने पैसा त्यो जो राज्य कोषमा जम्मा हुनुपर्ने पैसा जसले राज्य कोषलाई बढाउँछ त्यो पैसाको सदुपयोग हुन सकेको छैन । तसर्थ हुन्डीतिर को को मिल्या छन् । राज्यका मान्छे नमिलीकन त यस्ता कामहरू हुँदैन होलान् । त्यसकारणले त्यतातिर पट्टि पनि हाम्रो ध्यान जाओस् अब मैले शिक्षाको कुरा धेरै गर्न सकिनँ । स्वास्थ्यको कुरा धेरै गर्न सकिनँ वनको कुरा अझै गर्न सकिन । वनमा त हामी वनभित्रका बुढा रुख निकाल्नेतिर जे कुरा त्यो डीएफओले पढेको हो त्यो पढेको कुराको सदुपयोग भएको छैन । हामी विदेशबाट पनि .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय मदन कुमारी शाह (गरिमा) । समय ८ मिनेट । त्यसपछि माननीय बामदेव गौतम ।

(११:५८ बजे) **माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म हिजोदेखि प्रारम्भ चौधौं अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । यो बजेट अधिवेशनले मुलुकको आवश्यकताअनुसारको नीति तथा कार्यक्रम ल्याउन सफल रहोस्, शुभकामना दिन चाहन्छु ।

माननीय अर्थमन्त्रीज्यूबाट प्रस्तुत विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतालाई समर्थन गर्दै आफ्ना केही सुझावहरू राख्न चाहन्छु । आगामी आर्थिक वर्षको बजेट दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासन प्रवर्द्धन गर्ने, सेवा प्रवाहमा सुधार र स्रोत साधनको परिचालनमा प्रभावकारिता कायम गर्नेतर्फ परिलक्षित हुने छ भनेर भनिएको छ । यो स्वागतयोग्य छ । सफल कार्यान्वयनका लागि विश्वसनीय आधारहरू दिन आवश्यक छ । यसलाई इमान्दारी र वास्तविक रूपमा लागु गर्न सकिए सङ्कटतर्फ उन्मुख अर्थतन्त्रलाई सुधार्न सकिन्छ भन्ने मलाई लाग्दछ । सम्माननीय अध्यक्षज्यू, माननीय अर्थमन्त्रीले स्वीकार गर्नुभएको छ कि चालु आर्थिक वर्षमा उत्पादन व्यापार र निर्माण क्षेत्रमा सुस्तता आएकोले वृद्धि न्यून देखिएको छ । यस अर्थमा हाम्रासामु चुनौती धेरै छन् । यी चुनौतीहरूलाई पार गर्नु हाम्रो अपरिहार्य छ ।

सम्माननीय अध्यक्षज्यू, मुलुक आर्थिक सङ्कटतर्फ उन्मुख भइरहेको सन्दर्भमा तेह्रौं अधिवेशनको अठारौं बैठक अर्थात् वैशाख १३ गते हामीले सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि यसै सदनमा गहन छलफल गरेका

थियौं । उक्त छलफलमा प्रस्तुत विचारहरू सरकारको नीति तथा कार्यक्रममा समावेश गरियोस् र तत्अनुरूप प्राथमिकतामा समावेश गरियोस् भन्न चाहन्छु । सम्माननीय अध्यक्षज्यूमार्फत म माननीय अर्थमन्त्रीज्यूलाई सुझाव दिन चाहन्छु, एकैचोटि सबै क्षेत्रलाई विकास गर्न सक्दैनौं । आगामी आर्थिक वर्षमा तीन ओटा क्षेत्रलाई हामीले विशेष प्राथमिकतामा राख्नुपर्दछ । पहिलो महत्त्वपूर्ण क्षेत्र कृषि क्षेत्र हो । नेपाल कृषिप्रधान मुलुकको हो । तर वर्षभरि खान नपुग्ने निर्वाहमुखी कृषिमै अल्मलिएका छौं । अब निर्वाहमुखी कृषिलाई आत्मनिर्भर बनाउन आवश्यक छ । एकैचोटि आत्मनिर्भर बन्न नसकौंला । तर उत्पादनका विविध क्षेत्रमा आत्मनिर्भर बन्न सक्छौं । अब निर्णय गरौं । तीन महिनाभित्र तरकारीमा आत्मनिर्भर हुने नीति लिउँ । एक वर्षमा मासुमा आत्मनिर्भर हुने नीति लिऊँ । धान, गहुँ र तोरी अनिवार्य सरकारले समयमै किन्ने व्यवस्था मिलाऊँ । किसानले उत्पादन गरेको एक किलो साग, टमाटर, गोभी, आलु, प्याज जे पनि छ, सरकारले किन्ने व्यवस्था मिलाऊँ । यी उपायहरू गर्यौं भने मात्र उत्पादन बढाउन सक्छौं ।

दोस्रोः जुन हाम्रो फुड ह्याबिट छ, हामीले अहिले के गरिरहेका छौं भने दुध बेचर हामी कोक खाने चलन छ, हाम्रो । मैदा खाइरहेका छौं तर कोदो उत्पादन गरिरहेका छैनौं । त्यो भएको कारणले कृषि क्षेत्रमा सिँचाइको पनि ठुलो समस्या छ । ती समस्याहरूलाई मध्यनजर गर्दै अब हामीले पहाडी क्षेत्रहरूलाई कोदो, भट्मास सुपरजोनको रूपमा विकास गरौं । मैले सुनेको छु, कृषिको बजेटको आधा बजेट, आधार रकम मल किन्नको लागि छ भन्नेर सुनिरहेका छौं । यसरी हामीले कृषिमा बजेट छुट्यायौं भने मलाई लाग्छ हामीले निश्चित लिएका उद्देश्य र लक्ष्य प्राप्त गर्न सक्दैनौं । त्यसो भएको कारणले गर्दा कृषि क्षेत्र भनेको पहिलो प्राथमिकतामा राखेर त्यहीअनुसारका हामीले सिद्धान्त लिनुपर्यो, नीति बनाउनुपर्यो र बजेटिङ गर्नुपर्यो भन्ने कुरा म यहाँहरूको बिचमा राख्न चाहन्छु ।

दोस्रो महत्त्वपूर्ण क्षेत्र हो पर्यटन । कम लगानीमा छिटो आर्थिक उपार्जन गर्न सकिने क्षेत्र हो पर्यटन । सातवटा प्रादेशिक पर्यटक गन्तव्य क्षेत्र घोषणा गरौं । उदाहरणको लागि सुदूरपश्चिम प्रदेशको पर्यटक गन्तव्य खप्तड क्षेत्र बन्न सक्छ । एक पर्यटक आउँदा दशजनाले प्रत्यक्ष, अप्रत्यक्ष रोजगार प्राप्त गर्न सक्छन् । यसले रोजगारको क्षेत्रमा ठुलो फड्को मार्न सक्छ भन्ने मलाई लाग्दछ ।

तेस्रो क्षेत्र हो उर्जा । खेर गइरहेको पानीलाई उर्जामा परिणत गर्ने नीति सरकारले अनिर्वाय लिनुपर्दछ । बजेटको ठुलो हिस्सा पेट्रोलियम इन्धन आयातमै खर्च भइरहेको छ ।

उर्जा क्षेत्रको विकास गर्यौं भने त्यसको उपयोग पेट्रोलियम इन्धनको विकल्पका रूपमा प्रस्तुत गर्न सक्यौं भने विदेशी मुद्रा पलायन रोक्न सक्छौं ।

यसका अतिरिक्त अर्को महत्त्वपूर्ण क्षेत्र हो, वन । भन्ने गरेका छौं, हरि वन नेपालको धन तर आजको दिनमा सैंतिसओटा मुलुकबाट काठ नेपालमा भित्रिँदो रहेछ । अब काठ आयातलाई पूर्णतः बन्द गरौं । सरकारी कार्यालयमा विदेशी काठजन्य वस्तु र अल्मोनियमको प्रयोग पूर्ण बन्द गर्ने निर्णय गरौं । यदि पूर्ण रूपमा उत्पादनमुखी वन व्यवस्थापन गर्न सक्यौं भने आठ लाख बाह्र हजार रोजगार सिर्जना गर्न सकिन्छ भनिएको छ । तर अहिले मात्र वन क्षेत्रबाट तेइस हजार आठ सय नौ रोजगार मात्र सिर्जना भएको अवस्था छ । त्यसको भएको कारणले गर्दा जुन सम्पदा, जुन साधन, स्रोत हामीसँग छ, त्यसैमा टेकेर नेपालको आर्थिक विकास गर्नुपर्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, चालु बैङ्किङ प्रणालीमा सुधारको आवश्यकता छ । चालु बैङ्किङ प्रणालीले दलाल पुँजीवादको सेवा गरिरहेको छ । यसले धनीलाई मात्र होइन, साना साना किसान र व्यवसायीहरूले सहुलियत ऋण दिने खालको नीति ल्याउन जरुरी छ । अहिले बैङ्किङ क्षेत्र धरासायी भइरहेको, वित्तीय क्षेत्र कमजोर, धरासायी भइरहेको दलाल पुँजीवादका कारण हो भन्ने मलाई लाग्छ । एक करोडको सम्पत्ति देखाएर एक अरबको ऋण लिइरहेको कारणले गर्दा पनि अहिले नेपाल आर्थिक सङ्कटतर्फ उन्मुख भइरहेको अवस्था छ ।

र बङ्किङ सेक्टरमा, वित्तीय क्षेत्रमा जनताको विश्वसनीयता गुम्दै गइरहेको अवस्था छ । सरकारी, सहकारी र निजी तीनवटै क्षेत्रलाई मुलुकको आर्थिक विकासमा लगाउन आवश्यक छ । त्यसका लागि तीनवटै क्षेत्रको नियमन, नियन्त्रण हुनुपर्यो, साथसाथै संरक्षणको नीति पनि लिनुपर्दछ । तर अहिले हामीले देखिरहेका छौं सरकारको ध्यान साना साना सहकारी, वित्तीय संस्थाभन्दा पनि बैङ्क सेक्टरतिर नि बढी देखिरहेको छ । रेमिट्यान्सलाई हामीले अब उत्पादनमूलक उद्योग व्यवसायमा लगाउने नीति लिनुपर्दछ । गृहिणीले गरेको कामको राष्ट्रिय आयमा अनिवार्य गणना गर्ने व्यवस्था मिलाउनुपर्दछ । पूर्वाधार विकासको क्षेत्रमा धेरै वेथिति देखिएको छ । एउटै निर्माण व्यवसायलाई निश्चित सङ्ख्याभन्दा धेरै ठेक्का नदिने नीति हामीले लिनुपर्दछ भन्ने कुरा म राख्न चाहन्छु । मैले आफ्ना केही विचारहरू यहाँहरूको माझमा राखें । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय बामदेव गौतम । समय ५ मिनेट । त्यसपछि माननीय नर बहादुर विष्ट ।

(१२:०६ बजे) **मानननीय श्री बामदेव गौतम (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८० का सिद्धान्त र प्राथमिकता सम्बन्धमा नेपाल सरकारले प्रस्तुत गर्ने यी विषयहरूका सम्बन्धमा छलफल गर्न हामी उपस्थित भएका छौं ।

प्रस्तुत गरिएको विनियोजन विधेयक २०८०/८१ का सिद्धान्त र प्राथमिकताहरू हेर्दाखेरि विरोधै गर्नुपर्ने केही पनि छैनन् । समर्थन गर्नैं पर्ने हो भने दुई तीनओटा बाहेक अरू केही छैनन् । यस्तो अवस्थामा यो आएको छ । यसमा गरिनेछ, गरिनेछ, हुनपर्छबाहेक अरू केही पनि छैन । गरिनेछ, हुनुपर्छ भनेर भन्ने यो सिस्टम २०१५ सालदेखि सुरु भएको अन्त्य भा' छैन । यस्ता दस्तावेजहरू हरेक वर्ष सुरु हुन्छन् । र त्यो वार्षिक आर्थिक वर्ष सकिएपछि फेरि अर्को आउँछ । यही हुन्छ । मिति फेरिएको हुन्छ अरू सबै एउटै हो । केही फरक छैन । त्यसो भएर विरोध किन गर्ने किन कि यसमा विरोध गर्न पर्ने विषय नै छैन । सप्पै छ । सबै छ त्यो लागु, साँच्चि लागु गर्ने हो भने मेरो विचारमा ४५ खर्बभन्दा थोरैले यो लागु हुँदैन । एक वर्षको निम्ति । त्यसो भएर यसमा धेरै मानिसहरूलाई छक्याउने, जनतालाई छक्याउने बाहेक अरू केही छैन । त्यहाँबाट निर्वाचित भएर आउनेहरूले मर खानुपर्छ । उनीहरूले अर्थमन्त्रीहरूले, सरकारले दिने बजेटमा यस्तो छ ।

अब मेरो सुझाव के छ भनेर भने, सबभन्दा पहिले हामी कहाँबाट सुरु गर्यौं? राज्य व्यवस्था परिवर्तन भो' तर शासकीय स्वरूप उही छ । आर्थिक व्यवस्था त्यही छ । सामाजिक समाजिक व्यवस्था त्यही छ । केही पनि परिवर्तन भा' छैन । जबसम्म त्यसमा परिवर्तन गर्ने काम गर्दैनौं तबसम्म हामी अगाडि बढ्न सक्दैनौं । दुई दुई महिनामा सरकार परिवर्तन गर्ने लाजमर्दो यो व्यवस्था । यो संसदीय व्यवस्था सबभन्दा ठुलो हाम्रो देशलाई बर्बाद गर्ने व्यवस्था भनेको संसदीय व्यवस्था हो । र २०१५ सालमै प्रत्यक्ष राष्ट्रपति निर्वाचित प्रणाली लागु गरेको भए राजा फालेर आज हामी अमेरिकाभन्दा अगाडि हुन्थ्यौं । स्वीट्जरल्याण्डभन्दा अगाडि हुने थियौं । त्यसपछि यत्रो ठुलो समय बर्बाद गरेर हामीले एउटा ठुलो क्रान्ति गर्यौं । युद्ध गर्‍यौं, बलिदान गर्यौं । त्यसपछि पनि त्यही व्यवस्था । सुधारिएको संसदीय व्यवस्था भनेर भनिएको छ । सुधारेकोले झन् बढी बर्बाद गर्छ । यस्तो त यो दुई महिनामा सरकार बदल्ने त, कहिले आजसम्म इतिहासमा भएकै थिएन नेपाल । कमसेकम छ महिनामा बदलिन्छ भनेर भन्ने त हुन्थ्यो? हो त्यसो हो, भने हामी राम्रो व्यवस्थामा जाने हो । हामी समृद्ध हुने हो । समाज अगाडि बढाउने अवस्थामा हामी जाने हो भने सबभन्दा पहिले प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीमा जाऔं । संविधान संशोधन गरेर हिम्मत गरौं । त्यसपछि निर्वाचन प्रणाली बदलौं । यो निर्वाचन

प्रणाली अल्पमतको निर्वाचन प्रणाली हो । तपाईंले आज भन्नुहोस् । जति उठेका थिएँ । तिनीहरूले पाएको मत र जति पराजित भएका छन् । तिनीहरूले पाएका मत तपाईंले गिन्ती गर्नुहोस् । एक, दुई तिहाइभन्दा बढी मत, जनमत हारेकाहरूले प्राप्त गरेका छन् । र यो सरकार बहुमतको सरकार होइन जनताको नजरमा यो सरकार अल्पमतको सरकार हो । त्यो निर्वाचन प्रणाली परिवर्तन गर्ने हो भने पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाऔँ । व्यक्ति हैन पार्टी चुनाव लड्ने । पार्टीले चुनाव लड्छ । त्यसपछि निर्वाचन आयोगमा पठाइएका व्यक्तिहरू निर्वाचित हुन्छन् । त्यो व्यवस्था लागु गरौं ।

अर्थतन्त्रको सुधारको निम्ति कृषिबाट सुरु गरौं । कृषि बर्बाद भइरहेको छ । र जहाँ जहाँ कृषि क्षेत्रमा ठुलठुलो परिवर्तन गरेका छन् । त्यहाँ कृषि क्षेत्र सरकारको छ । कृषि उत्पादन उपभोग सरकारको छ । त्यसो भएर सरकारको स्वामित्वमा त्यो कृषि उत्पादनको भूमि ल्याऔँ । र त्यसलाई प्रयोग गरौं । लिजमा देऔँ । व्यक्तिले चलाउने हो भने पनि ठुलठुला कृषि फार्महरू सञ्चालन गरौं । देख्नुहोस् के हुन्छ स्थिति उद्योगधन्दाहरू सप्पै सप्पै फैलिएर जानेछन् । शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा चाहिँ हामी अगाडि बढ्न सक्छौं । त्यसो भएर सुरुवात हामीले राम्रो गरौं । राम्रो भएको छैन । आँट गरौं संविधान संशोधन गरेर अगाडि जाने काम गरौं ।

यत्रो बलिदान गरेर आएको भन्नेहरूले आफूलाई सत्मार्गमा लगाऔँ । परिवर्तनमा लगाऔँ । र आफू सधैंभरि सत्तामा रहिरहने व्यवस्था चाहिँ हैन । र प्रतिपक्षमा गएपछि विरोधै गरिरहनुपर्ने भन्नु नभन्नु पर्ने भन्ने यिनी जम्मै भन्नु नभन्नु गाली, गलोज आदि इत्यादिको परिणाम आज योजना पनि नपाएका, केही पनि नभएकाहरू माथि उठ्दै छन् । यी सप्पैलाई चाहिँ थुन्नुपर्छ भनेर भन्दै छन् । भ्रष्टाचारीहरूलाई यो भ्रष्टाचार ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय नर बहादुर विष्ट । समय ७ मिनेट । त्यसपछि माननीय कुमार दसौदी ।

(१२:१२ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजित विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका २०८०/८१ को सिद्धान्त र प्राथमिकताको बारेमा यहाँ छलफल भइराखेको छ । समग्र रूपमा मैले १ देखि ३१ सम्म सरसर्ती हेर्दाखेरि ठिकै लागेको छ । मूल पक्ष भनेको कार्यान्वयन हो । यस्ता यी सिद्धान्त र प्राथमिकता अहिलेसम्म हामीले ल्याइराखेको इतिहास हो । जबसम्म

हामी बजेट ल्याउँछौं । बजेटभन्दा अगाडि यो आउँछ । यो हाम्रो संविधानमा जेष्ठ १५ गते बजेट ल्याउने व्यवस्था गरियो । कार्यान्वयन गर्ने भनेको असार मसान्तसम्म ३ महिना मात्रै हुन्छ । वैशाख, जेठ, असार । पहिलो समस्या भनेको कार्यान्वयनको समस्या हो । सिद्धान्त र प्राथमिकता त सधैं राम्रा हुन्छन् । नराम्रो हुँदै हुँदैनन्? तर नराम्रो कहाँनिर छ त भन्दाखेरि यी जति सुकै राम्रा सिद्धान्त भए पनि जति सुकै प्राथमिकता भए पनि कार्यान्वयन गर्ने पक्ष जुन खालको छ । सबैभन्दा फितलो छ । त्यसको परिवर्तन हामीले गर्न सक्छौं कि सक्दैनौं? यो आर्थिक वर्ष २०८० र ८१ बाट भन्ने हामीले सुरुवात गर्न सक्छौ कि सक्दैनौं? त्यसैले थुप्रै माननीयज्यूहरूले यहाँ यसको बारेमा छलफल व्याख्या र सुझाव दिइसक्नुभो' ।

मैले आत्मनिर्भर अर्थतन्त्रको विकास नेपालमा कृषिबाहेक अरू हुन सक्दैन । कृषिको विकास गर्नको लागि कृषिलाई वैज्ञानिकीकरण गर्नु जरुरी छ । आधुनिकीकरण गर्न जरुरी छ । यान्त्रिकीकरण गर्न गरुरी छ । र म अर्को के भन्न चाहन्छु त भन्दाखेरि सरकारले अहिले आउने बजेटमा कृषिमा सामन्ती, उत्पादन प्रणाली अहिले पनि खाली छ । जब किसान पानी पर्छ जेठको महिना हलो तास्न गाउँमा, जङ्गलमा जान्छ । फाली बनाउन आरनमा जान्छ । यो भनेको भनेको सामन्ती संस्कार हो । अहिले २१ औं शताब्दीमा कृषिको आधुनिकीकरण भएको छ । तर यहाँ आधुनिकीकरण कृषिका यन्त्रिकीकरणलाई कमिसनमा कन्भर्ट गरिएको छ । किसानका, वास्तविक किसानका पुग्दैन । त्यसको अन्त्य हामी गर्न सक्छौं कि सक्दैनौं? त्यसैले मेचीदेखि महाकालीसम्मका हाम्रा तराईका, मधेसका भूभागहरू कृषि उत्पादनका भूभागहरूलाई राज्यले ठूलो सेक्टरमा लिजमा लिनुपर्छ भन्ने लाग्छ मलाई ।

हजारौं युवाहरूलाई हाम्ले त्यो रोजगारी सृजना गर्न सक्छौं । राज्यले त्यो लिजमा लिएर किन भने संसारमा हामीले हेर्यौं । युरोपमा हेर्यौं । अमेरिकामा हेर्यौं । जमिन राज्यको नाममा हुन्छ । ठुलठुला फर्महरू छन् । त्यहाँ यी फर्मबाट उत्पादन हुन्छ । तर हाम्रो नेपालको संस्कारमा नेपालको संस्कारमा, संस्कृतिमा सामन्तवादी संस्कारमा व्यक्तिको नाममा जग्गा छ । तर त्यो उत्पादनमा छैन । त्यो मरुभूमिमा परिणात छ । त्यो आज खण्डहर बनेको छ । घडेरीमा विक्री छ । तर हिजो हामी २०४५/४६ सालतिर नेपालबाट आयात गर्थ्यो हामीले । मुसुरो, चामल, अलहर थुप्रै चिजहरू, आज हामी आयात गर्छौं । हिजो निर्यात गर्थ्यौं, आज हामी आयात गर्छौं ।

म कर्णालीको बासी भा'को हुनाले समग्र रूपमा कर्णालीमा नुनको नुनबाट उपहार दिने होइन्न । नुनबाट अनुदान दिन् होइन । कर्णालीमा सिँचाइमा अनुदान दिऊँ । त्यहाँको

जडीबुटी, त्यहाँको रैथाने बाली यहाँ फष्ट प्राथमिकतामा कृषिबाट सुरुवात भएको छ । कृषिबाट सुरुवात भएको छ । १२ नम्बरमा ।

१४ नम्बरमा शिक्षामा सुधार, शिक्षामा सुरुवात भएको छ । त्यसैले कर्णालीमा उत्पादन हुने रैथाने बाली हिजो आटो खाने, अपहेलित हुने । हिजो कोदोको रोटी नखाने, अपहेलित हुने आज काठमाडौंमा प्रत्येक चाहिँ तापाईंको गल्लीमा कर्णालीका उत्पादन भएका मकै, गहुँ जौ, उरा, कागुनु, चिनु, सिमी, भटमासहरू राखिएका छन् । आज सहरियाहरूलाई त्यो खान बाध्य भएको छ । त्यसैले आज युरोपियन कन्ट्रीहरूमा पनि कर्णालीमा उत्पादन भएको मार्सी चामल विक्री हुँदै छ । यसलाई व्यवस्थित गरौं ।

कर्णालीलाई नुन अनुदान होइन । कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण गरौं । र समग्र रूपमा पहाडी क्षेत्रमा उत्पादन भएका वस्तुको राज्यले खरिद गरौं । अनुदान, किसानले उत्पादन गरेको अनुपादमा अनुदान दिऊँ । ढुवानीमा अनुदान दिऊँ । कर्णालीमा उत्पादन भएको सिमीको अनुदान ढुवानीमा काठमाडौं ल्याउने अनुदान दिऊँ । उसले कति मात्रामा उत्पादन गर्यो । त्यसको आधारमा मात्र अनुदान दिऊँ । अनुदान कृषि कार्यालयको कर्मचारीको कागजमा होइन । दलाल बिचौलियाको कागजमा अनुदान होइन । वास्तविक किसानको बिचमा अनुदान दिऊँ । मेरो सुझाव यो अहिलेको सिद्धान्त र प्राथमिकतामा आएका जुन विधेयक विनियोजन विधेयक छ । अब आउने जेठ १५ गते आउने बजेटमा यी यी चिजहरू समेटौं । कृषिलाई औद्योगीकरण गरौं । कर्णालीमा पहाडी जिल्लामा हुने सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेशलगायतका थुप्रै पहाडी भूभागमा पाउने जडीबुटी । यार्सागुम्बादेखि लिएर थुप्रै जडीबुटीको प्रशोधन केन्द्र बनाऊँ । सधै बजेटमा कर्णालीमा प्रशोधन केन्द्र बनाउने भन्ने छ तर अहिलेसम्म प्रशोधन केन्द्र बन्दैन । कुरा नगरौं व्यवहारमा जाऊँ । अहिले काम गर्ने बेला हो । कुरा धेरै गरिसक्यौं । भाषण धेरै गरिसक्यौं हामीले त्यसैले । म समग्र रूपमा यो विनियोजन विधेयकको सारमा राम्रो कुरो छ । पहिलो कार्यान्वयन गर्न सक्छ कि सक्दैन? त्यो चुनौतीको विषय रहेको छ । हामीले भदौबाट कार्यान्वयन गर्न सुरु गर्यौं । वैशाखको अन्त्यतिर बजेटको विनियोजन बजेटको फरफारक गर्ने सिस्टम ल्याऊँ । हामीले जेठ १५ गते बजेट ल्याउने असार मसान्तमा फछ्र्यौट गर्ने जुन सिस्टम छ । त्यसको अन्त्य गर्नको लागि म अहिले आउने यो म ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कुमार दसौदी । समय ५ मिनेट । त्यसपछि माननीय डक्टर विमला राई पौडयाल ।

**(१२:२० बजे) <u>माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-** माननीय सभाध्यक्ष महोदय, हामी विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका विषयमा छलफल गरिरहेका छौं । अब यस सन्दर्भमा चाहिँ माननीय अर्थमन्त्रीज्यूले ल्याउनुभा'को यो पुस्तिकामा हेर्दा सप्पै भेटिने तर सरकारको मुख्य प्राथमिकता के भन्दाखेरि त्यो केही पनि नभेटिने । त्यसैले यस्तो खालको चाहिँ जुन हाम्रो विगतदेखि अगि बामदेव माननीयज्यूले भने जस्तै २०१५ सालदेखि गरिनेछ । भनिनेछ । भनौं । टालटुल पर्यो हिँड्यो । ठोस र मूर्त रूपमा परिवर्तन गर्ने गरीकन अहिलेसम्म नआएको यस्तो अवस्था छ ।

हामीले व्यवस्था परिवर्तन, संविधान परिवर्तन, राजनीतिक परिवर्तन गरेर के गर्नु? जनताको अवस्थामा त परिवर्तन आ'को त छैन । जनताले अनुभुति त गर्या छैन । जब हामीले संविधानमा समाजवाद आधारित भएर जाने छ भनेर हामी त्यो प्रस्तावनामा लेख्या छौं भने त्यसअनुसारको नीति कार्यक्रम बजेट सबै कुरा त्यसमा चाहिँ केन्द्रित भएर आउनुपर्‍यो । जसले गर्दाखेरि जनताको जीवनमा परिवर्तन आउन सकोस् । अहिले जनताको बिचमा जाँदाखेरि माननीयज्यू आउनुभा' छ । हाम्रो पेट भोको छ । यसो कामहरू चाहिँ दिन पर्यो । केही काम गर्न पाउनुपर्यो । केही काम गरेपछि चाहिँ यसो पेटसम्म भर्न पाइन्थ्यो कि? जनताको गुनासो यस्तो छ ।

अब सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम जम्मै कटौती गर्‍यो । स्थानीय निकायको सामानीकरणको फिफ्टी पर्सेन्ट सबै बजेट कटौती गर्यो । हिजो सरकारले नेतृत्व गरेको दलको माननीयज्यूले बोल्ने बेला भन्दै हुनुहुथ्यो । पाँच महिनामा सरकारले गरेको जम्मा जम्मी काम भनेको वर्षभरि छापेको पुस्तक चाहिँ पुराएछ गाउँमा । त्यति काम चाहिँ देखाउनुभो' ।

अब कहाँबाट चाहिँ एउटा नयाँ कुरा खुत्रुक्क चाहिँ त्यो एउटा चाहिँ विधेयक चाहिँ अध्यादेश आ' रहिछ । त्यही कुरा चाहिँ देखियो । अरू उहाँले केही देखिएन । यस्तो भएपछि हामीले विश्वास परिवर्तन, जनताको बिचमा आउँछ भन्ने नीति कार्यक्रमले जनताको बिचमा ठोस कार्यक्रम ल्याएर गर्छौं भन्ने विश्वास कसरी गर्ने? त्यसकारण सैद्धान्तिक रूपमा राम्रो भए पनि त्यसले व्यवहारमा चाहिँ अनुभूत गराउनुपर्छ । हाम्रो, हामी आर्थिक सङ्कटमा जाँदै छौं । रेमिटेन्समा पनि निर्भर छौं हामी भनिरा' छौं । त हाम्रो देशलाई हामी चाहिँ निर्भर हुने उपाय हो के हो भन्दा? एउटा मात्र उपाय त्यो भनेको कृषि उत्पादन हो । कुनै पनि देश कृषि उत्पादन नगरीकन ऊ आत्मनिर्भर बन्न सक्दैन । तर हाम्रो कृषि नीति कस्ता छन् भने कृषि उत्पादन गर्छ कृषकले बिक्दैन लगेर चाहिँ बाटामा फाल्न पर्छ । मेरो बारीमा काक्रो फलेको छ । २०

रुपैयाँमा बिक्दैन । मैले यहाँ १६० रुपैयाँ हालेर चाहिँ यहाँ प्रति किलो काक्रो खानुपर्छ । १४० रुपैयाँ कहाँ गयो? न किसानसँग छ न उपभोक्तासँग छ । यस्तो ग्याप र यस्तो लुट हाम्रो चाहिँ सरकारका नीतिभित्र छन् । यसको अनुगमन यसको व्यवस्थापन यसको कुनै कतैबाट पनि सरकारले गर्दैन ।

हामी बाहिरबाट अर्को मुलुकबाट कृषि उत्पादित बस्तुहरू ल्याउँदाखेरि त । अवश्य पनि हामीले चाहिँ एलसी खोल्न अनुमति दिन्छौं होला? किसानले यहाँ उत्पादन गर्छन् । उत्पादन गरेको बस्तु भोलि बिहान राम्रोसँग बेचौंला भनेर भन्छन् । अर्को दिन बिहान धनगढीदेखि उहाँ मेचीसम्म पोखरादेखि काठमाडौंसम्म सप्पै ठाउँमा चाहिँ बाहिरबाट आएर चाहिँ मतलब भरी भराऊ भइसक्या हुन्छ । किसानले देखेको सपना अर्को दिन खुत्रुकै मर्छ । यो तरिकाले परिवर्तन हुन सक्दैन ।

त्यसकारण नीति कार्यक्रमहरू सिद्धान्तमा होइन सिद्धान्तले गाइडलाइन गर्ला । तर ठोस रूपमा परिवर्तन हुने गरीकन नै आउनुपर्छ । त्यो आयो भनेपछि मात्रै बल्ल जीवन जनताको जीवनमा हामी परिवर्तन ल्याउन सक्छौं । अन्यथा यो बोलेर । यस्तो गरिने छ भनेर यो केही हुनेवाला छैन । त्यसकारण यही कुरा म राख्दै अब धेरै कुरा थियो अब समय सकिएछ ल, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर विमला राई पौडयाल । समय ५ मिनेट । त्यसपछि माननीय सुरेश कुमार आलेमगर ।

**(१२:२६ बजे) <u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतामा हामी छलफल गरिरहेका छौं । जनताले २७५ जना तल प्रतिनिधि सभामा 59 जना राष्ट्रिय सभामा सांसदहरू पठाउनुभा'को छ बोल्नका लागि । अनि त्यस्तै गरीकन २५ जना मन्त्रीहरू पठाउनुभा'को छ सुन्नको लागि । तर यो बोलेको सुन्ने ठाउँमा मैले मन्त्रीहरूमा एकजना राज्यमन्त्रीलाई मात्र देखिरहेको छु । त्यसले गर्दा मलाई बोल्ने जागर पनि छैन अध्यक्षज्यू । यस्तो महत्त्वपूर्ण विषय जुन चाहिँ Pre-budget discussion भन्छौं हामीले । बजेटको सेप कस्तो हुने? आकार कस्तो हुने? भन्ने छलफलमा मन्त्रीहरू एब्सेन्ट हुनुभनेको चाहिँ सानो कुरो होइन । यसलाई नोट गरियोस् भनेर मैले अध्यक्षज्यूलाई अनुरोध गरें । यसलाई चाहिँ अलिकति सुन्नुपर्यो । अनि क्याविनेटमा बसेर त्यो विषयमा छलफल गर्नुपर्‍यो । सांसदले उठाएका कुराहरूलाई बजेटमा नीति र प्राथमिकतामा

राख्न पऱ्यो । भागेर जाने अथवा लोवर हाउसमा मात्रै बसेर छलफल गर्ने हो भने राष्ट्रिय सभा नराखे हुन्छ । त्यो कुरा चाहिँ हाम्रो अध्यक्षज्यूले बुझ्नुपर्छ जस्तो मलाई लाग्छ । अध्यक्षज्यूले यसमा रुलिङ होस् भनेर मेरो अनुरोध हो ।

अब के कुरा गर्ने, यति धेरै कुरा गरिसकेपछि । मैले सेक्टरमा जान चाहिनँ । सेक्टरमा जानको लागि ५ मिनेटमा समय उपलब्ध हुँदैन । खालि सिद्धान्त र प्राथमिकता भनेको छ । सिद्धान्त र प्राथमिकतामा मात्रै जान्छु । पहिलो सिद्धान्त । खर्च घटाउने र आम्दानीको विविधीकरण गर्नुपर्यो । सरल र प्रोग्रेसिप कर प्रणाली राख्नुपर्यो । त्यति भयो भने खर्च अलिकति उठ्छ । र त्यसपछि अलिकति चाहिँ खर्च घट्छ । खर्च घटाउने कुरामा अनावश्यक संरचना हटाउने कुरा पहिलादेखि नै भइराख्या हो । कार्यकर्ताका भर्तीकेन्द्र घटाउने कुरा पहिलादेखि नै भइराख्या हो । यसलाई गर्न पर्यो । डिल्ली खनालको रिपोर्टलाई, प्रतिवेदनलाई कार्यान्वयन गर्नुपर्छ ।

फोसिल फ्युलको  विशेष गरीकन इन्धनको आयातले गर्दाखेरि अहिले हाम्रो बजेट घाटा एकदम धेरै छ । खाने कुरा त नखाई हुँदैन । इन्धन प्रयोग नगरे हुन्छ । त्यो भएर यो इन्धनलाई कसरी हामीले कमभन्दा कम प्रयोग गर्छौं । त्यतातिर जानुपऱ्यो । किन भने अहिले ८० प्रतिशत वातावरण प्रदुषण पनि इन्धनले नै गरेको छ । अनि हाम्रो धेरै पैसा पनि इन्धनै खरिदमा गएको छ । ठुलो बजेट घाटा त्यहीबाट भएको छ । त्यले गर्दा यसलाई हरित, हरित भनेर दश ठाउँमा लेखेर हुँदैन । कसरी हामीले विद्युतीय बनाउँछौं हाम्रो यातायातलाई । हाम्रा चुला चौकालाई । कसरी विद्युतीय बनाउँछौं हाम्रा दैनिक उपभोग्य बस्तुहरूलाई । अनि कसरी हामीले इन्धन घटाउँछौं । त्यसमा प्रष्ट रूपमा बोल्नुपर्यो र सबै क्षेत्र । यो एउटा मात्र क्षेत्र होइन । सबै क्षेत्रमा विद्युतीय उपकरणहरूको प्रयोग गर्ने खालको वातावरण बनाउनुपऱ्यो । इन्धनलाई इन्धनबाट आउँदाखेरि, इन्धन ल्याउँदाखेरि सरकारलाई क्षणिक रूपमा करबाट थोरै फाइदा होला । तर कालान्तरमा गएर यसले घाट हुन्छ । घाटा भई नै रहेको छ । त्यो भएर इन्धन हटाउने । इन्धनको प्रयोग घटाउने । सकेसम्म हटाउने । विद्युतीय प्रयोग गर्ने ।  हो त्यो खालको कुरो चाहिँ प्राथमिकतामा पर्नुपर्छ भन्ने मलाई लाग्छ ।

तेस्रोः भर्खरै जनसङ्ख्याको हाम्रो चाहिँ पपुलेसन सेन्सस आएको छ । यो सेन्सले पनि देखाएको छ । हामी बारम्बार भनिराखेका छौं । हामीसँग जनशक्तिको उपयोग गर्न पर्छ । हामीसँग भ'को हो त्यही हो जनशक्ति हो । जनशक्तिको उपयोग गर्नको लागि छुट्टै मन्त्रालय चाहिन्छ । मैले पहिला पनि भनेको छु । अहिले मन्त्रालय नै राख्न सक्दैनौं भने पनि स्पष्ट रूपमा यो स्वास्थ्य मन्त्रालयको सानो डेस्क बनाएर सानो विभाग बनाएर जनसङ्ख्याको काम

हुँदैन । यति धेरै हामीसँग जनशक्ति छ । अहिले कस्तो छ भने काम खोज्नेलाई काम छैन कामदार खोज्नेलाई कामदार छैन । के मिलिराख्या छैन? हामीसँग भएको स्किल मिलिराख्या छैन । हामीसँग कतिओटा के मा चाहिँ कतिओटा स्किलयुक्त व्यक्तिहरू चाहिन्छ? कस्ता खालका व्यक्तिहरू चाहिन्छ? कहाँनिर काम छ? यसको लागि ठुलो लेखाजोखा गर्न जरुरी छ र त्यसको लागि Human Resource हेर्ने । छुट्टै जनशक्तिको योजना बनाउने । जनशक्तिलाई स्किल दिने । जनशक्तिको भरणपोषण गर्ने खालको मन्त्रालय चाहिन्छ । त्यो जरुरी छ । त्यो आओस् भनेर मैले अनुरोध गर्न चाहें ।

विकासको प्राथमिकतामा त हामीसँग पैसा छैन । त्यो अगि नै थाहा भइगो' । त्यो भएर नयाँ आयोजना थप्ने होइन । कम्प्लिट हुन लागेका आयोजनाहरूलाई सक्काउने काम गरौं भन्ने मैले अनुरोध गरें ।

जलवायु परिवर्तनको कारण ठुलो विपद् आउनेवाला छ । त्यो भएर यो जलवायु परिवर्तनको प्रकोपलाई हामी चाहिँ यो अनुकरण गर्ने त्यसपछि चाहिँ (अलिकति समय बढाइदिनुहोला हजुर । यो हामी त जहिले पनि ५ मिनेटभन्दा बढी बोल्न पाउँदैनौं ।) यो जलवायुको चाहिँ क्षति असाध्यै धेरै छ । विशेष गरीकन म यहाँबाट भन्न चाहन्छु । हेलम्बु र मेलम्चीमा त्यत्रो ठुलो विपद् आयो । त्यो विपद्मा हामीले अहिलेसम्म एक पैसा सरकारले नबोलेको छ, न नीतिमा राखेको छ । न कार्यक्रममा राखेको छ । त्यो क्षति कम गर्नुपऱ्यो । र त्यसमा प्राथमिकता चाहियो भन्छु ।

र लास्टको मेरो के छ भने आज म जो बोल्न सक्दैन तिनको बारेमा बोल्छु । त्यो भनेको त्यो बच्चाहरू विशेष गरीकन ५ वर्ष मुनिका बच्चाहरूलाई संविधानले प्रारम्भिक बालविकास केन्द्रमा जाने पहुँचमा जाने चाहिँ अधिकारको रूपमा सुनिश्चित गरेको छ । प्रारम्भिक बालविकास केन्द्रको पहुँचमा बच्चाहरूलाई पुऱ्याउनको लागि राष्ट्रिय रणनीति बनेको छ । राष्ट्रिय आयोगले बनाएको त्यो रणनीति कार्यान्वयन गर्नको लागि प्राथमिकतामा राख्न पर्छ भनेर मैले अनुरोध गरें । थुप्रै कुरा भन्नु छ । लेखेरै दिन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुरेश कुमार आलेमगर । समय ७ मिनेट । त्यसपछि माननीय भगवती न्यौपाने ।

**(१२:३१ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, हिजो माननीय अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको विनियोजन

विधेयक, २०८० यो सङ्कटग्रस्त आर्थिक अवस्था र गठबन्धन सरकारको स्थितिलाई मध्यनजर गर्दै पेस गरिएको छ । त्यसैले यसले मूलतः सही ओरिएनटेसन देखाएको छ भन्ने लाग्दछ । यो सन्दर्भिक नै हो भन्ने पनि मलाई लाग्दछ । यो गठबन्धन सरकारको बेरुजु विधेयक भएको हुनाले जस्तो गठबन्धन सरकार हो, त्यस्तै आएको छ । यो माओवादी एक्लैको होइन । त्यसैले क्रान्तिकारी र छलाङ हान्ने खालको विधेयक हुन सक्ने थिएन, यो त्यस्तो छैन । तर जे छ, जस्तो छ, अहिलेको स्थितिअनुसार चैं ठिकै छ भन्ने लागेको छ । यो अगाडि बढ्नुभन्दा अगि म पनि नवनिर्वाचित मन्त्रीज्यूहरूलाई हार्दिक बधाई दिन चाहन्छु । विधायन व्यवस्थापन समितिको सभापतिज्यू त निर्वाचित भइसक्नुभएको छैन । त्यसैले उहाँलाई अग्रिम बधाई होला दियो भने र शुभकामना चैं नग्दानग्दी ।

यसतर्फ यो विषयवस्तुमा प्रवेश गर्दा चैं यो जुन विनियोजन विधेयक छ, त्यसको पृष्ठ १ मा दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि भनिएको छ । दिगो, फराकिलो त बुझियो तर समावेशी आर्थिक वृद्धि भन्या चैं के रहेछ? राज्य सत्ता समावेशी, पार्टीको सङ्गठनको समावेशी त था' थियो । यो आर्थिक वृद्धि र समावेशी भन्ने खालको रहेछ, यो चैं अलिकति बुझिएन । माननीय अर्थमन्त्रीज्यूले सायद यो प्रष्ट पार्नुहुन्छ होला भन्ने लागेको छ ।

त्यसै गरी यो जलवायु परिवर्तनको कुरा पनि छ यसमा । निश्चित रूपमा अहिलेका यो विश्वले झेलिरेहेको एउटा ठुलो सङ्कट हो Climate Change, जलवायु परिवर्तन । यसलाई समाधान गर्नुपर्ने हुन्छ हामीले । तर यो समाधान गर्ने तरिका के हो? यो बारेमा चैं बोलिएको छैन । यसको समाधान गर्ने तरिका, जलयवायु परिवर्तन, Climate Change लाई समाधान गर्ने तरिका विश्वका आदिवासीहरूसँग छन् । जसलाई समय परिस्थितिसँग, प्रकृतिसँग मेलमिलाप गरेर बस्न जानेका छन् । त्यो सिप, त्यो ज्ञान तिनीहरूसँग छ, विश्वभरिका आदिवासीहरूसँग । त्यतातिर ध्यान दिनुपर्ने हुन्छ जस्तो मलाई लाग्दछ ।

त्यसै गरी, र जहाँसम्म यो विधेयकमा प्राथमिकता दिएको जुन कुरा छ, यसमा किसान अथवा कृषि यो ठिक छ । त्यसपछि औद्योगिक क्षेत्र, यो पनि ठिकै नै छ । शिक्षा र स्वास्थ्यको कुरा पनि ठिक नै छ । प्राथमिकता मिलेको छ । तर यसपछि जुन लेखिएको छ भौतिक पूर्वाधार, यो चैं क्रमअनुसार मिलेन भन्ने मलाई लाग्या छ । हुनत ठ्याक्कै यही क्रमअनुसार हो कि होइन ..... था' छैन । तर यदि त्यस्तो हो भने यो क्रम चैं मिलेन भन्ने मलाई लाग्या छ । यो क्रम सुधार्नुपर्ने हुन्छ । किनकि भौतिक पूर्वाधारमा चाहिँ खर्च हुन्छ, आम्दानी हुँदैन । जो आम्दानी गर्ने क्षेत्र हो, जो विष्यवस्तु हो, त्यसलाई हामीले प्राथमिकता दिनुपर्ने हुन्छ । त्यो भनेको चैं के हो त भन्दाखेरि नेपालको सन्दर्भमा पर्यटन, त्यसै गरी विद्युत्,

यतातिर हामी जानुपर्ने हुन्छ । त्यसपछि मात्रै हामी खर्च गर्ने ठाउँमा हामी जान सक्छौं । किनकि आम्दानीलाई पहिला प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसपछि मात्रै खर्च । तर यहाँ अलिकति उल्टो भो भन्ने मलाई लाग्या छ ।

त्यसै गरी सूचना प्रविधिको पनि जुन कुरा छ, यसलाई पनि अलिपछि राख्दा हुन्थ्यो । यद्यपि सूचना प्रविधिले पनि हामीलाई आर्थिक आम्दानी हुन सक्छ, आयआर्जन हुन सक्छ । तर त्यो सूचना प्रविधि हामीले नै तयार पर्दैनौं । अरूले तयार पारेको सूचना प्रविधिलाई यहाँ भित्र्याएर हामीले प्रयोग गर्छौं र त्यसबाट निश्चित रूपमा आम्दानी त हुन्छ । नेपाल टेलिकम आयकर बुझाउने, देशलाई राजस्व बुझाउने ठुलो एउटा संस्थामा चैं हो । तथापि, हाम्रो देशमा जुन आयआर्जन हुन्छ, त्यसतर्फ ध्यान दिनुपर्ने हुन्छ ।

कृषिको सम्बन्धमा मलाई के लाग्छ भन्दाखरि पहिला पहिला मैले भनेको थिएँ, कृषिको सम्बन्धमा कुरो के हो त भन्दाखेरि हामीले कृषि उत्पादन गर्नैपर्छ, बढाउनैपर्ने हुन्छ । तर कृषि उत्पादन बढाएर मात्रै देश समृद्ध बन्न सक्दैन, बन्दैन । देश समृद्ध बन्नका लागि औद्योगिक विकासतिर जानैपर्ने हुन्छ । उद्योगधन्दा, कलकारखानाहरूको हामीले निर्माण गर्नुपर्ने हुन्छ, स्थापना गर्नुपर्ने हुन्छ, सञ्चालन गर्नुपर्ने हुन्छ । यतातिर चैं त्यति ध्यान दिएको पाइँदैन । तर यसको अर्थ भौतिक पूर्वाधार गर्न हुँदैन, पुल, पुलेसा, सडकहरू बनाउँदैन भन्ने कुरा होइन । यो बनाउनुपर्दछ । त्यसबाट पनि केही फाइदा होला । तर सुरुको फाइदा भनेको चैं सुरुमा यसले फाइदा दिँदैन । पर्यटन आदि इत्यादिले दिन्छ । यो कुरातिर जानुपर्ने चैं हुन्छ ।

र शिक्षाको बारेमा, शिक्षाको महत्त्वको बारेमा पनि मैले भन्नुपर्दैन । तर शिक्षाको बारेमा यहाँ नजरअन्दाज गरिएको कुरा के छ भन्दा यो विनियोजन विधेयकमा मातृ भाषामा पठनपाठन । विद्यार्थीलाई मातृ भाषामा पठनपाठन दिन सकियो भने, हुन सक्यो भने त्योजस्तो प्रभावकारी केही हुँदैन । त्यो विज्ञानले पनि बताएको छ । तर यो बारेमा यहाँ मौन छ र आदिवासी भन्ने शब्द पनि यहाँ कतै उल्लेख छैन । त्यो पनि हामीले प्रयोग गर्नुपर्ने हुन्छ ।

एउटा यो विनियोजन विधेयकमा एउटा राम्रो पक्ष के छ भन्दाखेरि यसले नवपरिवर्तन, आविष्कार र अनुसन्धानलाई पनि बजेट दिने भनेको छन्, त्यो राम्रो छ । र त्यसै गरी यो उद्योग, कलकारखानाका सन्दर्भमा म के भन्न चाहन्छु भने साना साना खालका उद्योगधन्दाहरूलाई पनि हामीले ध्यान दिनुपर्ने हुन्छ । जस्तैः नेपालको सन्दर्भमा स्लेट ढुङ्गा, रुफिङ र फ्लोरिङ रसाउने, त्यसै गरी भुइँमा बिछ्याउने, भित्तामा टाँस्ने स्ल्याबको रूपमा पनि हामीले विकास गर्न सक्छौं । त्यस्तै त्यता पनि ध्यान दिनुपर्ने हुन्छ । यो हाम्रै देशकै उत्पादन हो । त्यसले अन्तत गएर विस्तारै विस्तारै अन्तमा त्यसले मारबललाई पनि विस्थापित गर्न

सक्छ । जुन कुराको आयातमा अरबौंको खर्च हुन्छ । स्लेट ढुङ्गा, त्यसै गरी ढाका । ढाका कपडाको विकासमा पनि हामीले ध्यान दिनुपर्ने हुन्छ जस्तो मलाई लाग्छ । किनकि त्यो पनि नेपालको एउटा टिपिकल, नेपालको युनिक उत्पादन हो । र त्यो हरेक क्षेत्रबाट चैं .... । यता ध्यान दिनुपर्ने हुन्छ । उद्योगधन्दा, कलकारखानाका कुरा गर्दाखेरि ।

हुलाकको सम्बन्धमा, हुलाकको सम्बन्धमा चैं यहाँनेर केही कुरा भनिएको छ । हुलाक आजभोलि करिब आउटडेटेडजस्तो भइसक्या छ । त्यसकारण यसको प्रयोगमा यसको सञ्चालन चैं हामीले ध्यान दिनुपर्ने हुन्छ । त्यसै गरी अन्तमा चैं यो पृष्ठ १२ मा जुन भनिएको छ, पृष्ठ १२ मा यसो गर्नु, उसो गर्नु भनेर भन्या छ, समयको अभावले गर्दाखेरि मैले त्यो पूरा पढ्न पाइनँ । तर त्यसरी ध्यान दिँदाखेरि बजेटको विनियोजन गर्नुपर्ने हुन्छ । तर मुख्यतः के छ भन्दाखेरि यो थुप्रै माननीयज्यूहरूले भन्नुभएजस्तै कार्यान्वयनको समस्या हो ।

र भ्रष्टाचार, अहिलेको पुँजीवादी व्यवस्थामा भ्रष्टाचारको अन्त्य गर्ने भन्ने कुरा चैं त्यो सम्भवै छैन । मैले पहिला पनि भनेको थिएँ । तर भ्रष्टाचारप्रति शून्य सहनशीलता कायम राख्दै भ्रष्टाचारीहरूलाई कडाभन्दा कडा कारबाही गर्न सकियो भने त्यसलाई निश्चित रूपमा चैं केही सुधार ल्याउन सक्छ । सुशासनमा पनि त्यसले केही ..... सक्छ भन्ने कुरा राख्न चाहन्छु ।

र अन्तमा योदेखि थोरै बाहिरका कुरा, हाम्रो विधायन व्यवस्थापन समितिका De Jure जेष्ठ सदस्यज्यू अगि पानीले प्याक प्याक परिरहनुहुँदाखेरि यहाँ पानी ल्याउने व्यवस्था भएन, ल्याइएन । त्यो विधायन व्यवस्थापन समितिको डिफ्याक्टो जेष्ठ सदस्य म आफै कुद्दै गएर पानी ल्याउनुपर्यो भनेर जाँदाखेरि के भनियो त भने यहाँ पानी लैजान मिल्दैन भनेर मलाई भनियो । यो नियम यही हो कि के हो मलाई था' छैन तर यदि यो नियम हो भने यो खारेज गर्नुपर्यो । यो बिरालो बाँध्ने कुरा चैं गर्नुभएन । ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भगवती न्यौपाने । समय ७ मिनेट । त्यसपछि माननीय गोमा देवी तिमल्सिना ।

**(१२:४० बजे) <u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकताको विषयमा छलफल गरिरहेका छौं । सबैभन्दा पहिले माननीय अर्थमन्त्रीज्यूले हिजो यो प्रस्तुत गरिराख्दाखेरी अर्थतन्त्रको अहिले देशको अर्थतन्त्रको चित्रको बारेमा समस्या रहेको कुरालाई

स्वीकार गरें । यही वैशाख १३ गते उहाँले यही सम्माननित सदनमा बोल्दै गर्दाखेरि देशको आर्थिक अवस्था सङ्कटमा छैन भनेर भन्नुभएको थियो । अफठ्यारो छैन भने भन्नुभएको थियो ।

तर हिजो बोल्दै गर्दा उहाँले यो विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै गर्दाखेरि पहिलो पृष्ठमा नै लेख्नुभएको छ । विश्व परिदृश्यको कारण र केही आन्तरिक कारणले गर्दाखेरि देशको अर्थतन्त्रमा दबाब परेको कुरालाई स्वीकार गरेर लेख्नुभएको छ । राजस्व परिचालन गर्ने कुरामा समस्या रहेको कुरालाई स्विकार गर्नुभएको छ । त्यसै गरेर यहाँ अर्थतन्त्रको धेरै जटिल रहेको कुरालाई अर्थमन्त्रीज्यूले स्वीकार गर्नुभएको छ ।

पुँजीगत खर्च न्यून भएको कुरा, विकास बजेट खर्च हुन नसकेको कुरालाई उल्लेख गर्नुभएको छ । म भन्न चाहान्छु । म प्रश्न गर्न चाहन्छु । आन्तरिक कारणले गर्दा पनि केही आन्तरिक कारणले गर्दाखेरि पनि देशको अर्थतन्त्रमा समस्या आयो भनेर जसरी अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभो' त्यो आन्तरिक समस्या के हो? त्यसको जवाफ अर्थमन्त्रीज्यूले दिनुपर्ने छ ।

हामीले गत साल पनि प्रश्न गर्यौं । यो गठबन्धन यही थियो । प्रवृत्ति यही थियो । हामीले गत साल पनि बजेट प्रस्तुत गर्दै गर्दा बजेटका सिद्धान्तहरू प्रस्तुत गर्दै गर्दा हामीले प्रश्न गरेका थियौं । देशको अर्थतन्त्र एकातिर छ । बजेट अर्कोतिर भयो भनेर । हामीले चुनौति पेस गर्दै गर्दाखेरि हामीलाई उपहास गरिएको थियो । खिसीटिउरी गरिएको थियो । आज पनि भन्न चाहन्छौं । हामीले प्रश्न गरेका प्रत्येक सवाल, प्रत्येक विषयहरू, प्रत्येक चुनौतिका सवालहरू आज त्यसको जवाफ आज पनि हामी खोज्छौं । कसरी जवाफ दिनुभो'?

आज पनि, आज पनि पूँजीगत खर्च ३१ प्रतिशत मात्रै पूँजीगत खर्च हुन सकिरहेको अवस्था छ । विकासको कुरा गर्ने हो भने विकास बजेट त्यसरी नै अत्यन्तै न्यून ढङ्गले विकास बजेट खर्च भएको छ । साधारण खर्च मात्रै जति खर्च भएको छ । साधारणतर्फको खर्च धेरै भएको छ । यो परिस्थिति कसरी आइलाग्यो? देशको अर्थतन्त्र यस्तो कसरी भयो? सरकारले यो विषयमा चित्त बुझ्दो जनतालाई जवाफ दिन सकिरहेको छ कि छैन? सकिरहेको छैन । यही परिस्थितिमा सिद्धान्त बजेटको सिद्धान्त र प्राथमिकताको प्रस्तुत भएको छ ।

म भन्न चाहन्छु । देशको अर्थतन्त्र कमजोर हुनुमा विगतमा जसरी करको दरमा हेरफेर गरियो । जसरी कुलीन घरानाका मान्छेहरूलाई मात्र निश्चित व्यापारीहरूका नाममा मात्रै नीतिलाई क्याप्चर गर्ने गरी जसरी नीति निर्माण गरियो । बजेटको नीति निर्माण गरियो । त्यसका असरहरू, त्यसका प्रभावहरू आज पनि छन् कि छैनन्? आज पनि त्यसकै असरको कारणले गर्दाखेरि यो देशको अर्थतन्त्र कमजोर भएको कारणमध्येको एउटा महत्त्वपूर्ण कारण

त्यही कारण हो । त्यसैले यसमा आश्वस्त कसरी दिलाउन सक्छ सरकार? अब पनि नीतिगत भ्रष्टाचार हुँदैन? निश्चित घरानाका निम्ति मात्रै बजेट निश्चित घरानाका पक्षमा नीति बन्दैन भन्ने कुराको आश्वस्त, विश्वस्त नेपाली जनतालाई कसरी गर्न सक्छ यो सरकारले? यो बारेमा म पश्न गर्न चाहन्छु ।

म सरकारले बजेट प्रस्तुत यो नीति प्राथमिकता सिद्धान्त प्रस्तुत गर्दै गर्दाखेरि म भन्न चाहन्छु । योजना छनौटको मोडाल, मोडेल के हो भनेर? योजना छनौटको प्राथमिकता के हो? भनेर म सरकारलाई प्रश्न गर्न चाहन्छु । योजनाहरू कसरी छनौट गर्नुपर्दछ? प्राथमिकता के निर्धारण गर्नुपर्ने हो? यो विषयमा सरकारले जनतालाई आश्वस्त दिलाउने गरी भन्न पर्छ । अहिलेसम्म हामीले देखिरहेका छौं । गत साल पनि हामीले देख्यौं । गत आर्थिक वर्षमा पनि देख्यौं । अहिलेको आर्थिक वर्षमा पनि यो शङ्का छ । कतै मन्त्रीको खल्तिबाट कर्मचारीको खल्तिबाट र केही सत्ता पक्षका सांसदहरू, सत्ता पक्षका सांसदहरू पनि मन्त्रीका नजिक रहनुभएका सांसदहरूको योजनालाई मात्रै छनौट गर्ने गरिन्छ कि? प्राथमिकताका आधारमा छनौट गर्ने गरिन्छ? बजेटको मोडल के निर्धारण गरिन्छ? प्राथमिकता कसरी तोकिन्छ? कसरी निर्धारण गरिन्छ? यो विषयमा पनि प्रष्ट पार्नका निम्ति मैले अनुरोध गर्न चाहन्छु । जनतालाई धेरैभन्दा धेरै लाभ दिने गरी यो देशको अर्थतन्त्रलाई सुदृढ गर्ने गरी कसरी चाहिँ बजेट विनियोजन हुन्छ? आज पनि हामीले थाहा पायौं । यो देशको आर्थिक बृद्धिदर गत साल बजेट भाषण गर्दै गर्दाखेरि सरकारले भनेको थियो, ८ प्रतिशत आर्थिक बृद्धिदर हुन्छ भनेर भनेको थियो । तर अहिले प्रधानमन्त्री मातहतको तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको छ । जम्मा २ दशमलव १ प्रतिशत मात्रै बजेट, चाहिँ आर्थिक बृद्धिदर भएको छ । त्यही पनि अर्थशास्त्रीहरूले कतिपय अर्थशास्त्रीहरूले २ प्रतिशत पनि छैन भन्नुभएको छ । यस्तो अनुमानमा १ प्रतिशतसम्म घट्न सक्ने त सम्भावना होला । तर छ छ प्रतिशतसम्म कसरी आर्थिक बृद्धिदर घट्यो? यो बारेमा सरकारले भन्नुपर्छ कि पर्दैन?

म भन्न चाहन्छु । आज ६० अर्ब जति विदेशमा पढ्न जानेका नाममा बाहिरिएको छ । सरकारले त्यो रकम कसरी रोक्छ? सरकारले विदेश पढ्न जान कसरी रोक्छ? विदेशमा विज्ञहरूलाई सीप भएका व्यक्तिहरू कसरी नेपालमा ल्याउछ? र काधमा नेपालमा ल्याएर दक्ष जनशक्तिलाई कसरी परिचालन गर्छ? यो बारेमा कसरी आश्वस्त पार्छ? व्यापारीहरू, व्यावसायीहरू निजी क्षेत्रको आत्म बललाई उठाउने गरी अहिले बजेट विनियोजन गरिन्छ भनेर सरकारले भन्दै गर्दा वास्तवमा ३० प्रतिशत झन्डै ३० प्रतिशत व्यावसायीहरू निजी क्षेत्रका

व्यावसायीहरू आज पालायन भएको अवस्था छ । अनि सरकारले उनीहरू ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोमा देवी तिमल्सिना । समय ८ मिनेट । त्यसपछि माननीय सुमित्रा बि.सी. ।

(१२:४८ बजे) **<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिबाट म यो विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका विषयमा हिजो अर्थमन्त्रीज्यूले वाचन गर्नुभएको विषयमा म थोरै कुराहरू राख्न चाहन्छु । अत्यन्तै मेहेनत गरेर असाध्यै राम्रोसँग यो पुस्तिका हाम्रो हातमा परेको छ । त्यहाँ नराम्रो भन्नुपर्ने केही पनि छैन । सबै राम्रो छ । यसो हेर्दाखेरि हामीले यहाँ उठेर बोल्नुपर्लाजस्तो पनि छैन । सबै हुन्छ, गरिन्छ, गर्नुपर्छ भन्ने कुरालाई त हामीले नराम्रो भन्नै सक्दैनौं । तर पनि यसमा केही केही कुराहरू हामीले सरकारलाई सुझावको रूपमा अनि अल्मलिएका कुराहरूलाई यहाँनेरि अल्मलिएछ भनेर सुझाव दिन वाञ्छनिय हुन्छ भन्ने लाग्छ मलाई ।

अब किसानहरूको बारेमा धेरै कुराहरू बोलिएको छ । धेरै माननीयज्यूहरूले बोलिसक्नुभयो । किसानको क्षेत्रमा बोल्दाखेरि पनि अब फराकिलो बनाइन्छ, हुन्छ, यसलाई अलिकति कृषिको बारेमा सोचिन्छ भन्ने कुराहरू छ । तर कसरी सोचिन्छ? कुन ठाउँलाई पकेट एरिया, कुन विषयलाई पकेट एरिया बनाएर सोचियो भन्ने कुरा यहाँ उल्लेख भ'को भए राम्रो हुन्थ्यो । कुन ठाउँमा के खेती हुन्छ, कुन ठाउँमा के उब्जनी हुन्छ, त्यो ठाउँमा कृषकहरूलाई त्यही काम गर, त्यही उब्जनी उब्जाऊँ र सरकारले त्यसलाई अनुदान दिन्छ, सरकारले मल बिउ दिन्छ, औजारहरू दिन्छ भन्ने कुराहरू भन्देको भए यो कृषकहरूलाई अत्यन्तै महत्त्वपूर्ण कुरा हुन सक्थ्यो । तर यसमा छैन । यसमा फराकिलो बनाइन्छ कृषिको लागि, कृषकको लागि सोच्छ भन्ने कुराहरू मात्रै गरिन्छ भन्ने कुरा छ ।

यहाँ रैथाने बाली बिउको पनि कुरा आको छ । कृषि उत्पादनलाई अब जग्गा बाँझो नराख्नलाई होला सायद, बाँझो जमिनलाई कृषि उत्पादनसँग उपयोग गरिन्छ भनिएको छ । बाँझो जमिनलाई कृषि उत्पादन उपयोग गरिन्छ भनिएको छ । तर त्यो उपयोग कसरी गर्ने? राज्यले लिएर गर्ने हो कि? अनि कृषकलाई नै राम्रोसँग तालिम दिएर कृषकले नै गर्ने हो कि? यसलाई पनि अझै राम्रोसँग स्पष्ट हुने गरी आको भए असाध्यै राम्रो हुन्थ्यो । अब यहाँ धेरै

माननीयज्यूहरूले उठाइसक्नुभ'को छ । अब मैले यसलाई धेरै फुलबुट्टा भर्न चाहिनँ । यसलाई कुन ठाउँमा के उत्पादन हुन्छ भन्ने कुरा राज्यले बुझ्नुपर्छ । जस्तैः हामी यहाँ इन्डियाको स्याउ ल्याएर खाइराखेका छौं । पश्चिम कर्णालीका स्याउहरू त्यहाँ कुहिएर ग'का छन् । त्यहाँको स्याउ खेती गर्नलाई प्राथमिकता दिने हो, त्यहाँको तालिम दिने हो, त्यहाँको त्यो स्याउलाई कसरी राजधानीसम्म ल्याउने? देशभरि कसरी पुर्याउने? भन्ने कुराहरू पनि यहाँ उल्लेख भ'को भए, योजनामा परेको भए असाध्यै राम्रो हुन्थ्यो र हामी पनि लाभान्वित हुन्थ्यौं ।

अब यहाँ १३ नम्बरमा चैं मैले औद्योगिक क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरिने उपभोग वस्तु वैदेशिक निर्यात काम गर्दै लगिने भनिएको छ । मुलुकमा औद्योगिक क्षेत्रभित्र उद्योग नै छैन । कसरी हामीले विदेशहरूमा हाम्रो सामानहरू पठाउन सक्छौं? खोइ हाम्रो उद्योगहरू? खोइ हाम्रो उद्योगहरू चलेको? कुन उद्योगको सामानहरू हामी कहाँ पठाउन सक्छौं? हिजो काठमाडौंको सहरभरि गार्मेन्ट कारखाना चलेका थिए । ती गार्मेन्ट कारखानाहरूका उत्पादन भएका सामानहरू बाहिर जान्थे । अनि कार्पेट चलेको थियो । ती कार्पेट नेपालमा बनेका कार्पेटहरू पनि बाहिर विदेश जान्थे । आज बेल्जियममा बनेका कार्पेटहरू यहाँ ल्याएर नेपाली कार्पेट भनेर बेचेका छन्, कति नबुझ्नेले त्यही पनि महङ्गोमा लिएका छन् । आज हाम्रो देशमा खोइ उद्योग? अगिनै यहाँ धेरै कुराहरू आयो ।

अब नेपालमै उत्पादन भ'को कपडा लाउने, नेपालमै उत्पादन भ'को ढिडो रोटी, जे फापर कोदो खाने भन्ने, खोइ त्यो योजना? खोइ कुन कहाँ बनिएको छ कपडा नेपालमा? जस्तैः पूर्वमा साडीका तानहरू लगाउनुभ'को छ । महिलाहरूले साडी उत्पादन गर्नुभ'को छ । त्यहाँ, त्यहाँलाई पनि प्राथमिकता दिएर त्यहाँ अलिकति एउटा त्यस्तै खालको उद्योगधन्दा खोल्दिने हो भने ती साडीहरू हामीले यहाँ बाह्, पन्ध्र हजारमा बिक्री हुन्थ्यो । त्यहाँ पनि एक खालको स्थिति आर्थिक रूपमा सम्पन्न हुने, त्यो एकजना व्यक्ति सम्पन्न हुँदा हामी नेपाली पनि सम्पन्न हुन्छौं । एउटा गाउँ सम्पन्न हुँदा हामी सिङ्गै नेपालको कुनाकाप्चादेखि त्यसले रनिङ गरिराख्या हुन्छ । त्यो रकम घुमिराखेको हुन्छ । त्यो योजना छैन । औद्योगिक क्षेत्र भनेको कुन औद्योगिक क्षेत्र? औद्योगिक क्षेत्र निर्माण गर्ने भनेर दुई, चार ठाउँको नाम पनि आको छ । निर्माण भइसकेका औद्योगिक क्षेत्रहरू आज ती उद्योगहरू रुग्ण छन्, कुनै बन्द छन्, कुनै धिकिर धिकिर चलेका छन् । ती औद्योगिक क्षेत्रको बारेमा खोइ?

गत साल पनि मैले धेरै औद्योगिक क्षेत्रको बारेमा उठाको थिएँ । डेढ दर्जनभन्दा बढी उद्योगहरू बन्द छन् भनेर ती उद्योगहरूको नामै किटेर उठाको थिएँ । पछि नीति तथा कार्यक्रममा ती उद्योगका नामहरूसहितको आयो । हामी खुसी भयौं । धेरैजनाले ल आयो है

भनेर खुसी हुनुभो' । तर खोइ अहिलेसम्म एक वर्ष भयो, अहिलेसम्म केही पनि त्यो उद्योगको नामनिसाना, कहाँ चल्छ, कसरी चल्छ केही छैन । यो पुस्तिकामा लेखेको भरमा उद्योग पनि चल्दैन, कृषिले उत्पादन पनि गर्न सक्दैन ।

जहाँ मल बिउको कुरा छ, मल बिउ कृषकलाई पनि गाई भैसी पाल्ने, भेडा बाख्रा पाल्ने योजना बनाउने, उहाँहरूलाई त्यो खालको वातावरण बनाइदिने हो भने त्यो मल प्राङ्गारिक मल त्यहीबाट उत्पादन हुन्छ । त्यो भयो भने यो उर्वरा शक्ति खतम हुने खालको यो मलहरू आयात गर्न पर्दैन थियो । यी धेरै कुराहरू हामीले हाम्रै देशमा उत्पादन हुने कुराहरू हामीले नगरेर, राज्यले योजना नबनाएर हामी आज भौतारिरहेका छौं । कोही कता, कोही कता हामी विदेशी कपडाहरू किन्न लालपित छौं । इन्डियामा जान्छौं हामी कपडा किन्नलाई, कहाँ जान्छौं । अब हाम्रो नेपालमा भएका उद्योगहरू बन्द छन् । बाह्र सय मान्छेले एउटा धेरीमा काम गर्थे । छ सय महिलाले एउटै धुरीमा काम गर्थे । जो महिलाहरू नपढेका महिलाहरू, लेप्चे लाउने महिलाहरूले हेटैडा कपडा उद्योगमा काम गर्थे । आज त्यो चाइनाले ल गरेर खाउँ भनेर नेपाललाई तयार पारेर दिएको थियो । त्यो उद्योग आज कहाँ गयो? नामनिसाना छैन, नामनिसानै छैन । अनि उद्योग औद्योगिक क्षेत्रमा उत्पादन भएका चिज हामी बाहिर पठाएर अनि हामी धनी हुन्छौं भन्ने कुराहरू लेख्नुभन्दा यसलाई योजनासमेतका कुराहरू यहाँ आको भए राम्रो हुन्थ्यो ।

अब कर्णालीमा, कति ठाउँमा मोटर बाटो पुगेको छैन । यहाँ बिजुली बेच्ने कुरा आयो । मोटर बाटो पुगेको छैन । जहाँ यातायात, स्वास्थ्य, शिक्षा, विद्युत् पुग्छ, त्यो ठाउँ आफै सुगम हुन्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुमित्रा वि.सी. । समय ५ मिनेट । त्यसपछि माननीय राधे श्याम पासवान ।

**(१२:५६ बजे) <u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज चौधौं बैठकको चौधौं अधिवेशनको दोस्रो बैठकमा विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकताका बारेमा बोल्दै गर्दा हिज अर्थमन्त्रीले भनेर जानुभ'को छ । यहाँ थुप्रै कुराहरू उठिसकेको छ । अहिलेसम्म यो तीन वर्षमा तीनपटक हामीले अर्थको बारेमा यो यसलाई यो आर्थिक वर्षमा फेरि यो बजेटको बारेमा केही बोल्ने अवसर पाएका छौं र यो प्राथमिकतालाई सिद्धान्त र प्राथमिकतालाई छुट्याएर यो एउटा पुस्तिका निकालिएको छ । यहाँ

थुप्रै कुराहरू उठिसके । यो परम्परागत यो बजेट आर्थिक वर्ष फेरिँदा पुस्तिका फेरिन्छ । कुराहरू आउँछन् तर कार्यान्वयनको पाटोमा हामी पल्टाएर हेर्यौं भने शून्य हुन्छ । त्यसकारणले यहाँ थुप्रै कुराहरू यो अहिलेको सङ्कट आर्थिक सङ्कटको बारेमा अर्थमन्त्री आफैले महसुस गरेर लेख्नुभ'को छ ।

म भन्न चाहन्छु । हामी आग्रह पूर्वआग्रह नराखेर यो विगतका सरकारले जुन नेकपा एमालेको पालामा जुन खालका योजनाहरू आएका थिए । कतिपय राम्रा योजनाहरूका बारेमा पनि आग्रह नराखीकन हामीले त्यसलाई सिक्दा अनूकरण गर्दा राम्रै हुन्छ भन्ने मलाई लाग्छ । जसरी राष्ट्रिय गौरवका योजनाहरू अब नयाँ योजना थप्नुभन्दा तिनै योजनाहरूलाई सम्पन्न गर्नका निम्ति हामी लाग्यौं भने पहिलाको लगानी त्यहाँ डुब्दैन र त्यो सम्पन्न भयो भने जनताले राहात पाउने छन् । चाहे त्यो यातायातको सवालमा होस् । चाहे कृषिको सवालमा होस् । चाहे त्यो स्वास्थ्य र शिक्षाका सवालमा होस् । चाहे त्यो खानेपानीका सवालमा होस् । विगतका योजनाहरूलाई निरन्तरता दियौं भने यहाँहरू हामी सबैलाई थाहा छ । ३९६ ओटा स्वास्थ्य चौकीहरू एकैचोट्टि उद्घाटन गर्यौं । र शिलान्यास गर्यौं । त्यसलाई कार्यान्वयन ल्याउँदाखेरि स्वाभाविक ढङ्गले त्यहाँका जनताहरू लाभान्वित हुने छन् र कर्णालीको एउटा बाटो १६ वर्षमा १६ करोड खर्च गरेर १६ किलोमिटर १६ किलोमिटर मात्रै तयार भएका कुरा हामी सुन्ने गर्छौं । अब नयाँ योजना ल्याउनुभन्दा फेरि त्यो त्यहीमा बजेट हालेर त्यहाँको यातायात सुविधा गर्यौं भने हामीलाई बाहिर नेपालीहरू इन्डियातिर घुम्न जाने तर विदेशीहरूलाई ल्याउनका निम्ति हाम्रा कर्णाली प्रदेशका राम्रा राम्रा सम्पदाहरू छन् । रारा ताल त्यही छ । कुपिण्डे तालहरू, फोक्सुन्डो तालहरू, हरेक तालहरू छन् । हरेक सम्पदाहरू छन् । त्यहाँ पर्यटक भित्रायौं भने स्वाभाविक रूपले त्यहाँका जनताहरूको जीवनस्तर उठ्ने छ ।

हामीले काम गर्दाखेरि मन्त्रालय एकआपसमा समन्वय नगर्नाले जङ्गलमा कुहिरहेको काठहरू निकाल्नका निम्ति हामीले अर्को मन्त्रालयको स्वीकृति लिनुपर्ने र अथवा मन्त्रालयहरूमा एकआपसमा एउटा मन्त्रालयले अर्को मन्त्रालयलाई पैसा तिर्नुपर्ने । यी झन्झटिला समस्याहरूलाई सुधारौं र आत्मनिर्भर हुने तमाम् उपायहरू छन् ।

कृषिलाई वैज्ञानीकरण गरौं र स्वदेशमै प्राङ्गारिक मल उत्पादन गर्ने कारखाना खोलौं भनेर थुप्रै कुराहरू आ'का छन् । यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिएर । विकास गर्ने कुरोमा एक ढिक्को भएर हामी लाग्यौं र यो पहिलाको सरकारले ल्याएको हो यो कुरो गर्न हुँदैन भन्ने मान्यताबाट हट्न सक्यौं भने मलाई लाग्छ नेपालको विकास हुन ..... (समय सकिएको)

**सम्माननीय अध्यक्ष**:- माननीय राधेश्याम पासवान । समय ७ मिनेट । त्यसपछि माननीय तुलसा कुमारी दाहाल ।

(१३:०३ बजे) **माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी चौधौं अधिवेशनमा उपस्थित छौं । र हाम्रा नयाँ मन्त्रिमण्डलहरू पनि बनेको छ । नयाँ मन्त्रिमण्डलहरूलाई बधाई तथा शुभकामना । हाम्रो भर्खरै विधायन समितिमा पनि सभापति बन्ने क्रममा छ । बनेको छैन । र आज नै बन्छन् । उहाँलाई अग्रिम शुभकामना र बधाई दिन चाहन्छु ।

आज हामी विनियोजन विधेयकको २०८० का सिद्धान्त र प्राथमिकता विषयमा हामी छलफल गर्दैछौं । जुन हामी हिजो अर्थमन्त्रीज्यूले केही विषयहरू राख्नुभो' उहाँले त्यो विषयमा अर्थतन्त्रको विषयमा हाम्रो अर्थमन्त्रीज्यूले के भन्नुभो' भने बाह्य कारण र आन्तरिक कारणले हामी अर्थतन्त्र अलि कमजोर छौं । बाहिरिय कारण भनेको उहाँ रसिया र युक्रेनको युद्धले पनि भन्नुभो' होला । र आन्तरिक कारण केही हामी यो केही विषयमा कोरोना भाइरसको कारणले पनि हामी आन्तरिक कारणमा थियौं ।

र अर्को कुरा, अर्को कुरा पनि आन्तरिकमा के हो भने हाम्रा राष्ट्रिय गभर्नर वाणिज्य बैङ्कका गभर्नर र हाम्रा केही अर्थमन्त्रीज्यूको आन्तरिक कारण पनि त्यसमा अलि देखिएको छन् । यसले टकरावले पनि केही कुराहरू भ' र । यो विषयहरू जबसम्म हामी हाम्रा आन्तरिक कारणहरू सुधार्न हुँदैन तब अर्थतन्त्र हाम्रो मतबुद पनि हुन सक्दैन । हामीले एक अर्काको सत्ता पक्षमा हुँदा हामी सबै ठिक हुन्छौं । विपक्षमा हुँदाखेरि हामी सबै बिग्रेको हुन्छौं । यो बानी पनि हामीले सुधार गर्नुपर्छ । यसले पनि हाम्रा धेरै कुराहरू मिलेको जस्तो लाग्छ । केही सरकारले सुरुवात गर्न खोज्छन् । तर सुरुवात गर्ने बित्तिकै हामी आलोचनामा पनि जान्छौं ।

भर्खरै जुन भुटानी शरणार्थीहरूलाई नेपालबाट बाहिर पठाउनको लागि सरकारले जुन कदम चालेको थियो । यो त एउटा सानो सकारात्मक कदम हो । त्यसलाई हामीले सबै जना मिलेर सही भन्नुपर्थ्यो? तर यसमा पनि विरोध सुरु भो' । प्रतिनिधि सभामा यस्तो विरोध भो' कि, यो त कहाँ हो कहाँ हो । कुराहरू कता कता गइसक्यो । त्यसकारणले सकारत्मक कुरालाई हामीले सकारात्मक भन्नुपर्छ ।

अर्को जुन मिटरब्याजी सिराह, सप्तहरीबाट पश्चिमबाट मान्छेहरू तपाईंको आन्दोलन गर्न आ'को काठमाडौं । त्यसको लागि पनि एउटा आयोग गठन भयो । र आयोग गठन भएर

आयो । र भर्खर तपाईंको विधेयक पनि बने । त्यो पनि त एउटा सकारात्मक हो । भोली न्याय पाउछ उहाँहरूले त्यसलाई त सकारात्मक लिनुपर्छ नि? जुन हामीले केही कमजोरी छ त्यसलाई हामी सुझाव दिनुसक्छौं । त्यसलाई हामीले सुझाव नदिएर विपक्षीको भूमिकामा हामी एकदम गलत प्रहारहरू गर्न खोजे यसलाई सुधार गरेर जानुपर्छ ।

अर्को हामीले आयोजना छनौटको बजेट कानुन पनि बना'को छैन । यो कानुन पनि बनाउन जरुरी छ । र खास गरेर अबको बजेट बनाउँदा जनसङ्ख्या, भूगोल र मानव सूचाङ्कमा आधारमा बजेट बनाउनुपर्छ । त्यसले के हुन्छ भने सबै क्षेत्र, वर्गलाई हामी समेट्न सक्छौं । खास गरेर हामीले जुन हाम्रो सिद्धान्त र प्राथमिकता विषयमा हामी छलफल गरिरहेका छौं । यो ३१ बुँदे हो र ३१ बुँदेमा धेरै विषय समेटिएका छन् । तर कागजमा, किताबमा जति राम्रो भएर पनि कार्यान्वयन राम्रो हुनुपर्छ । कार्यान्वयन कति राम्रो बनाउने हो? त्यो हामीले प्रतिबद्धता गर्नुपर्छ कि हामीले यो बजेटको कार्यान्वयन कसरी गर्ने हो? र आउने नीति कार्यक्रम कस्तो हुने हो? र हामीले योजना कसरी छनौट गर्ने हो? त्यसमा भर पर्छ ।

त्यसकारणले भर्खर हाम्रो अर्थमन्त्री हुनुहुन्छ । जानुभो' उहाँ बस्नुपर्थ्यो । दुइटै सदन चलिराखेको छ । एउटा सदनमा उहाँले पूरै समय दिएर त्यसपछि अर्को संसदमा बसेको भएर राम्रो हुन्थ्यो । तर उहाँ हुनुहुन्न । शिक्षाको क्षेत्रमा हामीले कसरी सुधार गर्ने? शिक्षामा हामीले संविधानमा त लेख्यौं । तर सुधारका अवस्थाहरू के के हुन्? जुन भर्खरै तपाईंहरूले भन्नुभो' कि हिजो हाम्रो माननीयज्यूले भने कि किताबहरू पुग्यो भनेर यसको पनि आलोचना भो' । यहाँ राखेपछि आलोचना  गर्नुहुन्छ । किन भने गत वर्ष तपाईंको अन्तिमसम्म किताब पुगेको थिएन । हिमाली, पहाडी, तराइसम्म पुगेको थिएन । तर यसपालि पुग्यो त । सकारात्मक पक्ष हो नि त? सकारात्मकलाई हामी सकारात्मक लिनुपर्छ नि त? त्यसलाई पनि हामी सकारात्मक नलिने हामीले? त्यसकारणले अहिले कम्तिमा यहाँ कमि कमजोरी पुस्तक छाप्नेमा हुन्छ । यसलाई हामी कसरी सुधार गर्ने? अर्कोलाई पनि जिम्मेवारी दिऊँ । र यसलाई सुधार गरेर कि हामी समयमा पढ्न पाउँ विद्यार्थीलाई । त्यो वातावरण बनाउन जरुरी छ ।

अर्को हामी शिक्षाको क्षेत्रमा डक्टर उत्पादन गर्ने, इन्जिनियर उत्पादन गर्ने, प्राविधिक उत्पादन गर्ने र जुन हामी निःशुल्क भन्या छौं । त्यो निःशुल्क व्यवस्था हामी दिन सकेको छैन । किन दिन सक्या छैन? मैले बुझेअनुसार ३२ ओटा राष्ट्र यस्तो विकसित मुलुक हो जुन तपाईंको निःशुल्क शिक्षा आर्जन गर्दछ । जस्तो तपाईंको अहिले भारतमै केशरीवाले निःशुल्क गर्दिएँ । हामीले संविधानमा लेख्यौं । तर गर्न सक्या छैनौं । अझै त धारा ४० मा हामीले दलितलाई स्पेसल भन्या छौं हामी शिक्षा निःशुल्क गर्ने हो । जुन हामीले सबै जना यही

संसदबाट सबै जना हामी मिलेर सङ्कल्प प्रस्ताव पनि पारित गऱ्यौं । र सङ्कल्प प्रस्तावमा प्रधानमन्त्रीज्यूले स्वयम् निर्देशन पनि दिनुभो' र प्रतिबद्धता पनि जाहेर गर्नुभो' । के हामी दलितको विषयमा शिक्षाको सम्बन्धमा, रोजगारीको सम्बन्धमा हामी व्यवस्था गर्छौं । हामीले लागु गर्छौं । तर के यो बजेटमा हामी समावेश गर्ने कि नगर्ने? केही त यसमा ल्याएको छ । त्यो सङ्कल्पको बिचमा । तर अब नीति र कार्यक्रममा कति आउने हो? कति गर्ने हो? त्यो हामी अर्थमन्त्रीज्यूसँग बुझ्न चाहेको थियो? कि जब धारा ४० मा नै हामीले शिक्षाको सवाल,स्वस्थ्यको सवाल र रोजगारीको सवाल र समावेशी समानुपातिकको सवालहरूमा हामी तुरून्त व्यवस्था गर्ने भनेका छौं । तर कार्यान्वयनमा हामी ढिला गरिरहेका छौं । अब पनि हामी ढिला गर्छौं भने यो जुन हामीले बनायौं । संविधान बनेको त २०७२ सालमा हो । र यो त आउने सिद्धान्त र प्राथमिकताको विषय तपाईंको सात वर्षसम्म आउँदै हो । तर हामीले कार्यान्वयन कहिले गर्ने त? अनि सबै माननीयज्यूहरूले यहाँ आएर भन्नुहुन्छ । मन्त्रिमण्डलमा पनि सबै जानुहुन्छ । आफ्नो सरकारमा हामी चुप्प लाग्ने अनि अरू सरकार बनाउने बित्तिकै विरोध गर्ने । सुरु एउटा हामीले एउटा इतिहास बोकेका छौं । यसलाई पनि हामी नबिर्सौं । हामीले यो संविधान बनाएपछि ।

भर्खर एक जना बरिष्ठ नेताले बोल्दाखेरि मलाई कता न कता लाग्छ । कता न कता जान्छ । कि राष्ट्रपति प्रणालीको हाम्रो नियत सही हुनुपर्यो नि? नियत सही भयो भनि सबै काम राम्रो हुन्छन् । नियत सही भएनन् भने सबै काम तपाईंको नराम्रो हुन्छ । त्यसकारण व्यवस्था खराब होइन । व्यक्ति खराब हो । राधेश्याम पासवान खराब हुन सक्छ । तर व्यवस्था खराब हुन सक्दैन । त्यसकारणले व्यवस्थालाई हामीले बनाउने हो । समय कम छ । धन्यवाद ।

र एउटा काम गर्नुपर्छ अध्यक्षजयू, हामीले पानीको व्यवस्था गर्नुपर्छ । अबदेखि बोल्दाखेरि धेरैको गुनासो यसरी आयो । त्यसलाई सुधार गर्यौं ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल । समय ५ मिनेट । त्यसपछि माननीय प्रकाश पन्थ ।

(१३:१० बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका विषयमा छलफल गरिरहेका छौं । यो वर्ष अधिवेशन र बजेट अधिवेशन पनि

हो । म यो अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु र यो विनियोजित विधेयकमा आधारित रहेर केही आफ्ना सुझावहरू राख्न चाहन्छु ।

जुन प्रस्तावित विधेयक छ । यो आर्थिक लक्ष्य आकँलन गरिएको छैन । चालु आर्थिक वर्षमा अर्थतन्त्रलाई लयमा फर्काउँदै कति पुऱ्याउने हो भन्ने लक्ष्य निर्धारण गरिनुपर्थ्यो । लक्ष्य निर्धारण गरिएको छैन । प्रस्तुत विधेयक गोल मोटोल भाषाको रूपमा प्रयोग गरिएको छ । समृद्ध नेपाल सुखी नेपालीको अवधारणा सैद्धान्तिक रूपमा घटाएको जस्तो लाग्यो । यसर्थ विनियोजित विधेयक विचलित अवस्थामा छ । दीर्घकालीन आकाङ्क्षा आर्थिक, सामाजिक सुशासन पक्षमा किटान गर्दै प्राथमिकताहरू तोकिनुपर्थ्यो । तत्काल गर्ने र दीर्घकालीन गर्ने कुराहरूको प्राथमिकता तोकेर आउनुपर्थ्यो त्यसरी आएको देखिँदैन ।

माननीयजीहरूले उठाउनुभयो । प्रतिपक्षले जहिले पनि सरकारको आलोचना गर्छ । यसलाई रचनात्मक सहयोगको रूपमा बुझिदिनुहोला । प्रतिपक्षको भूमिका निर्वाह गर्ने क्रममा सरकारलाई रचनात्मक सहयोग र सल्लाह दिइरहेका छौं । धैर्यताको आवश्यकता पर्दछ । धैर्य भएर रचनात्मक सहयोग हो भनेर बुझिदिनुहुन म आग्रह गर्दछु ।

राष्ट्रिय गौरवका आयोजनाहरू सुरु भएका छन् । पुराना योजनाहरूलाई निरन्तरता दिने कुरा पनि आएको छ तर कुन कुन कुन आयोजनाहरू हुन् । नेपाली जनताहरूको उत्साह पैदा गर्ने गरी आत्मनिर्भर अर्थतन्त्रलाई टेवा पुग्ने गरी त्यस्तो हिसाबले जानुपर्छ । समयमा कहिले नसकिने योजनाहरूलाई चाहिँ चारो छरेजस्तो लम्ब्याउँदै लानुहुँदैन ।

आर्थिक वर्ष २०८० को लागि विनियोजित यस विधेयकमा समाजवादी उन्मुख लक्ष्य निर्धारण हुनुपर्थ्यो । नेपाल सरकारले नेपाल राष्ट्र, नेपाली जनताको हितलाई सर्वपरी राखेर चिन्तन मनन गर्दै विधेयक ल्याउनुपर्थ्यो तर हतारमा तयार गरे जस्तो लाग्यो । कतिपय विषयहरू हराएका छन् र यो पुस्तिका पनि झन् खिइँदै खिइँदै पातलो हुँदै आएको छ ।

मुलुकको जनसङ्ख्याको असन्तुलन विकास न्यायपूर्ण वितरण ख्याल गर्दै दुर्गम क्षेत्रमा सडक निर्माण शिक्षा, स्वास्थ्य, पिछडिएको क्षेत्र विपन्न वर्ग महिला दलित अल्पसङ्खयाकको समुदायक हित गर्ने गरी विनियोजित विधेयक आउनुपर्ने थियो । त्यसरी आएको देखिँदैन । देशमा आर्थिक सङ्कट बढ्दो अवस्थामा छ । सङ्कटग्रस्त क्षेत्र उकास्ने गरी विधेयक आउनुपर्थ्यो । जनताहरू अत्याधिक महङ्गीको भारमा छन् । दैनिक जीवन चलाउन कठिन भैरहेको छ । जनतालाई राहात दिने गरी महङ्गी नियन्त्रण गर्ने गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरी । कृषिमा औजार, मल, बिउ र सिँचाइको गर्ने भनिएको छ । व्यवहारमा

कार्यान्वनय हुँदैन कि भन्ने आशङ्का उब्जिएको छ । विकासका आयोजनाहरू सडक अधुरा र अलपत्र अवस्थामा छन् । ठेकेदारको अत्तोपत्तो छैन । थालिएका योजनाहरू अधुरा नै रहेका छन् । यसको जवाफदाहिता कसले लिने? आर्थिक पारदेर्शिता छैन । समयमा आयोजनाहरू पूरा हुँदैन । विनियोजित विधेयक त्यसरी आउन सकेको देखिँदैन ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमको दायर फारकिलो गराइयोस् । दुर्गम क्षेत्र जोखिममा परेका गर्भवती सुत्केरी महिलाहरूको हवाइ उदार गर्ने कार्यलाई निरन्तरता दिँदै थप व्यवस्थित गरिनुपर्छ । स्वास्थ्य सचेतना र कानुनी सचेतनाको पनि व्यवस्था गर्नुपर्छ नेपाली समाज पितृसत्तात्मक समाज सोचमा आधारित छ अहिले पनि । जति छोरी जन्मे पनि छोरा जन्माउनुपर्ने यो बाध्यात्मक मानसिकताका कारणले प्रजनन स्वास्थ्यमा बिग्रँदो अवस्था छ । महिलाहरूको अनाहकमा महिलाहरूले दुर्गम क्षेत्रमा जीवन गुमाइरहेका छन् । यसतर्फ सोच्न आवश्यक छ । अरू माननीयहरूले पनि उठाइसक्नुभएको छ ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले विशेष अवस्थामा नागरिकहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता चाहिँ रोक्न लाएको भन्ने हल्ला बाहिर आइरहेको छ । यो सामाजिक सुरक्षा भत्ता नरोकौं बरु अलिकति प्रोत्साहन गरौं । अघिल्ला वर्ष घटाउन आतुर हुनुभएको थियो यस वर्ष अलिकति बढाएर बरु प्रोत्साहन गरौं ।

उद्योगी व्यवसायी र निजी क्षेत्र व्यापारमा विचलित आइरहेको छ । आर्थिक गतिविधि थप हुँदै छ । अर्थतन्त्रलाई स्वस्थ बनाउन उत्पादन बढाउँदै निर्यात बढाउन आवश्यक छ । सरकारले यो अवधिमा २६ प्रतिशत निर्यात घटेको भनिरहेको छ । आत्मनिर्भर अर्थतन्त्र विकासको लागि प्रयास गरियोस् । हाम्रो देशको औद्योगिक अवस्थाअनुसार प्रकृति विपत जोखिममा पूर्वअनुमान गर्न आवश्यक छ । वर्षा सुरु भैसकेको छ । बाढी पहिराको समस्या पनि हुन सक्छ । यो क्षतिको लागि पनि न्यून गर्नको लागि प्राथमिकता तोकेर जान आवश्यकता छ । चुरेका आसपासका दिनहरू बालुवा गिटीहरू निकालिएको छ । चुरे संरक्षणको पनि योजना बनाउन आवश्यक छ । यसतर्फ सरकारको ध्यान जान आवश्यक छ । त्योअनुसारको प्राथमिकता तोकेर जानलाई म अनुरोध गर्न चाहन्छु ।

यसै गरी सङ्कटबाट गुज्रिएको हुँदा हामीले गठन आदेशबाट बनाएका कतिपय संरचनाहरूलाई चाहिँ विघटन गरौं । यसलाई हामी निसक्रिय बनाऊँ र अनाहकमा राज्यको धन त्यसमा खर्च भैरहेको छ । शिक्षामा स्वास्थ्यमा लगानी अलिकति बढाऊँ । हाम्रा बालबालिकाहरू दिन दैनिक ठुलो सङ्ख्यामा बाहिर गैरहेका छन् । बच्चा मात्रै गैरहेका

छैनन् । धन सम्पत्ति पनि ठुलो गैरहेको छ । हामीले कागजमा ल्याएको यो वैज्ञानिक शिक्षालाई साँच्चै व्यवहारमा उतार्नका निम्ति म आग्रह र अनुरोध गर्न चाहन्छु ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय प्रकाश पन्थ । समय १० मिनेट । त्यसपछि माननीय सोनाम गेल्जेन शेर्पा ।

**(१३:१६ बजे) <u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा यो प्रि-बजेट छलफलका क्रममा हामी यहाँ उपस्थित भइरहेको छौं । चौधौं अधिवेशनको यो दोस्रो बैठक । अब अर्थमन्त्रीज्यूले लेख्न पनि कुनै कुरा छुटाउनुभा' छैन । माननीयज्यूहरूले बोल्न पनि कुनै कुरा छुटाउनुभा' छैन । त्यही भएर छलफल राम्रो भ'को चैं मैले बुझिरकै छु ।

अब हामीकहाँ चैं डकुमेन्ट, दस्ताबेजभन्दा पनि कार्यान्वयनकै समस्याहरू चैं हामीले देख्या छौं । अब यो प्रयास चैं राम्रो छ । सबै कुराहरू समेटेर अहिले पछिल्लो र परिस्थितिअनुसारकै सिद्धान्त र प्राथमिकताहरू भ'को कुरा मैले पनि यहाँ सरसर्ति त्यही भेटाएँ । अब समस्या चैं कार्यान्वयनको भयो । अनि प्रतिबद्धता चैं सुशासनप्रतिकै प्रतिबद्धता चाहियो । अनि एक्सन चैं भ्रष्टाचारविरुद्धको चाहियो । अनि यो भ्रष्टाचारविरुद्धको लडाइमा अलि निर्मम नै हुन आवश्यक छ । र अब यो सबै सुशासनबिना विकास सम्भव छैन । पराम्परागत सोचले पनि भएन र हामी नयाँ तरिकाले जान पर्यो भन्ने कुरा नै मैले फोकस गर्न चाहन्छु ।

अब हामीकहाँ सम्माननीय अध्यक्ष महोदय, संविधान चैं नयाँ भयो, व्यवस्था पनि हाम्रो नयाँ भयो । हामीलाई एकात्मकले भएन, केन्द्रीयताले भएन भनेर हामी सङ्घीयतामा पनि गयौं । अनि सबैको विकास र अवसरका लागि हामी समावेशिताका कुरा पनि ल्यायौं तर व्यवहार, आचरण, शैली पुरानै छ, हाम्रो । सोच पुरानै छ, चिन्तन पुरानै छ र विकास गर्ने तरिका नि पुरानै छ । र हाम्रो वितरणमुखी उत्पादन तरिका पनि हाम्रो पुरानै छ । अब यो यहीबिचमा उठिराको छ कि कहिले हुन्छ त अब मुलुकको चैं साँच्ची नै अवस्था परिवर्तन? जन जनमा उठेको कुरा व्यवस्था परिवर्तन भयो, अवस्था भएन भन्ने नै छ ।

अब समावेशी विकास चैं कहिले हुन्छ त? संविधानले त्यही त्यही कुरा बोल्या छ । अनि कहिले आउँछ फेरि समावेशी लोकतन्त्र? हामी लोकतन्त्र भन्या छौं तर समावेशी लोकतन्त्र हामीले अनुभूति गर्न सकिरा अवस्था छैन । अनि सबैको विकास, सबै वर्ग, क्षेत्र, लिङ्ग सबैको

विकास चैं कहिले हुन्छ? अनि हामीले आत्मसाथ गरेको संसारभरिले नै लिएको, नेपालले पनि अख्तियार गरेको दिगो विकास चैं कहिले हुन्छ अब यहाँ? अब सबैको लागि विकास चैं दिगो विकास हो भन्यौं हामीले । संसारभर उस्तै उस्तै र सबै मुलुकहरूले उस्तै, एउटै तरिकाले काम गर्ने तरिका दिगो विकास भन्यौं हामीले । अनि सबै वर्ग, क्षेत्र, लिङ्ग र भूगोलले कसैलाई पनि नछोड्ने विकास चैं दिगो विकास हो भनेर हामीले भनिरहेकै छौं । तर हामी यहीबिचमा दिगो विकास समिति एकचोटि यो सातै प्रदेशतिर घुम्ने क्रममा छ, अनुगमन गर्ने क्रममा छ । हामीले पुग्दै गर्दाखेरि ७६१ वटै सरकार नागरिक समाज र निजी क्षेत्रकोसमेत एउटै ताल, एउटै चाल हो दिगो विकास भन्ने कुरा चैं उठ्या छ । र एउटै भिजन, एउटै मिसन र एउटै एक्सन हो दिगो विकास भन्ने पनि उठ्या छ । तर हामी यहींनेर अल्मल्या छौं ।

नेपालको राजनीतिले यसलाई ओनरसिप लिएन, दिगो विकासलाई नेपालको राजनीतिले ओनरसिप लिएन । नेताहरूलाई दिगो विकास चाहिएकै छैन भन्ने कुरा आइर'को छ । अधिकांश राजनीतिक दलका घोषणापत्रलाई हेर्यो भने पनि दिगो विकास मैत्रिक छैन । अधिकांश नेता, मन्त्रीहरूलाई दिगो विकास चाहिएकै छैन भन्ने कुरा छ । प्रदेश र स्थानीय तहका अधिकांश जनप्रतिनिधिहरूलाई दिगो विकास भनेको के हो भन्ने पनि थाहा, पत्तै छैन । यो चैं मैले भनेको होइन । हामीले प्रदेशमा घुमेर आउँदा त्यहाँका मान्छेहरूले भनेको कुरा, त्यहाँका जनप्रतिनिधिहरूले सुनाका कुरा, त्यहाँका सरकारका मान्छेहरूले भनेका कुरा र सिंहदरवारभित्रै सुनिएको आवाज थियो । नेताहरूलाई दिगो विकासै चाहिया छैन, हामीले मात्रै कोसिस गरेर के गर्ने भन्ने आवाज सिंहदरवारभित्रै उठिर'को स्थिति चैं छ ।

**(१३:१९ बजे)** **पुनः पीठासीनः**- सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- यसमै ज्वलन्त उदाहरण के हो भन्दाखेरि नेताहरूलाई दिगो विकास किन चाहिया छैन भन्नेको एउटा उदाहरणः चार चार वर्षपछाडि मात्रै अस्ति भर्खरै एउटा प्रधानमन्त्रीको नेतृत्वको दिगो विकास समितिको बैठक बस्यो । दिगो विकास निर्देशक समितिको राष्ट्रिय एउटा बोर्ड, राष्ट्रिय स्तरको समिति, प्रधानमन्त्रीको नेतृत्वको समितिको बैठक बस्न चार वर्ष लाग्यो भनेसी अब यो दिगो विकास को कोलाई चाहिया छ, को कोलाई चाहिया छैन भन्ने कुरो यसबाट नै हामीले स्पष्ट रूपमा देख्न, हामीले देख्न, बुझ्न सक्छौं ।

र अब यो अध्यक्ष महोदय, संविधान जारी भएपछाडिको अर्को परिस्थिति थियो, त्योभन्दा अगाडि अर्को थियो, परिस्थिति थियो । संविधान जारी भएपछाडि सबै नेताहरूले त्यसपछाडि

आन्दोलन गर्नुपर्दैन, सङ्घर्ष गर्नुपर्दैन हामीले विकास गर्ने भन्नुभयो । ०७४ सालको आमनिर्वाचनमा सबै नेताहरूले, सबै उम्मेदवारहरूले समृद्धि भनेर भोट माग्नुभा' थियो । तर सिंहदरवार आइपुग्दा, काठमाडौं आइपुग्दा त्यो समृद्धि त्यही सक्यो । त्यो चार, पाँच वर्षहरू हाम्रो त्यसै त्यसै खेर गयो । हामीले समृद्धिमा हामीले काम गर्न सकेनौं । अनि अहिले पछिल्लोपटक फेरि आएर हामीले अहिले ०७९ सालको आमनिर्वाचनमा वर्षैभरि हामीले चैं सुशासन भन्या छ । सबै नेताहरूले, सबै उम्मेदवारहरूले, सबै जनप्रतिनिधि, वडा अध्यक्षले, वडा सदस्यले समेत, प्रधानमन्त्रीको उम्मेदवारले समेत सुशासन भन्नुभा' छ । सबैले भ्रष्टाचार निर्मुल गर्ने, भ्रष्टाचारको विरुद्ध काम गर्ने भन्नुभा'को छ । अब त्यसको चैं हामीले हेर्नुपर्ने अवस्था छ । जनताहरूले अहिले त्यही कुरा हेर्या छन् । फरक फरक सन्दर्भले, फरक फरक परिस्थितिले, फरक फरक समयमा सबै राजनीतिक शक्तिहरूलाई एउटै ठाउँमा उभ्याको छ, कहिले समृद्धिका नाउँमा, कहिले संविधानका नाउँमा, कहिले सुशासनका नाउँमा, कहिले भ्रष्टाचारविरुद्धको अभियानमा । एजेन्डामा चैं राजनीतिक शक्तिहरूलाई परिस्थितीले उभ्याकै छ, विभिन्न समय सन्दर्भले उभ्याकै छ तर हाम्रा एक्सन र रिएक्सनमा चैं समस्या छ । हामी एक्सनमा जान नसक्दाखेरि यी सबै कुराहरूमा हामीले चुनौती देख्नुपर्या छ । र सबै समस्याहरू त्यही छ । सुशासनप्रतिको प्रतिबद्धता, भ्रष्टाचारविरुद्ध निर्मम हुन नसक्दाखेरि सबै समस्याहरू यही छ र हाम्रो सबै विकासहरू यही नै ओझल परेको छ ।

अब साँच्चै नै यहीनेर, यही समस्याका बिचमा चैं साँच्चै हामीले विकास नै गर्ने हो भने, जीवनस्तर जनताको फेर्ने हो, मुलुकको विकास गर्ने हो, समृद्धि नै ल्याउने हो भने चैं अब यही समस्याको वरिपरि हामीले अप्रेसन गर्न पर्यो, घाउहरू खोज्न पर्यो, त्यही समस्याहरू छन्, त्यसलाई हामीले हेर्नुपर्ने, त्यसलाई कसरी सुधार गर्ने भनेर हामीले हेर्नुपर्यो । समृद्धि भन्या चैं के हो भनेर था' छैन अनि बजेट पनि छ, कार्यक्रम पनि छ अनि सबै कुरा छ, पैसा खर्च पनि भा'को छ तर जनताको जीवनस्तर चैं चेन्ज भा' छैन । सबै कुरो हुने, नीति पनि हुने, कार्यक्रम पनि हुने, बजेट पनि हुने, खर्च पनि हुने तर जनताको जीवनस्तर सुधार किन नहुने? हामीले कहिले पनि सोचेनौं कि जनताको जीवनस्तर सुधार हुनको लागि कहाँ, कहाँ लगानी गर्ने हो, हाम्रो प्राथमिकता के के हो, हाम्रो सिद्धान्त के के हो, सबै क्षेत्र, भूगोल, सबै वर्गका मान्छेहरूको विकासको लागि एकैचोटि कसरी काम गर्न सकिन्छ, एउटै एक्सनमा कसरी काम गर्न सकिन्छ भन्नेतर्फ मुलुकले, नेताहरूले, नेतृत्वहरूले यो नसोचेको कुराहरू हामीले अहिले छरपष्ट देख्या छौं र त्यसका अरू प्रभावहरू पनि हामीले देखिरहेको स्थिति चैं छ ।

अब यो पछिल्लोपटक हामी सुशासन र भ्रष्टाचारका विरुद्धमा उभिने एउटा अभियान सुरु भा'को छ । त्यस ..... यसलाई चैं अब यसको हामी सदुपयोग गर्नुपर्यो । पटक पटकका अवसरहरू हामीले खेर फाल्नुभएन । चुनाव जित्नकै लागि सुशासन भन्ने, भ्रष्टाचारविरुद्ध काम गर्छु भन्ने अनि मिडियामा भाइरल हुनकै लागि चैं भ्रष्टाचारविरुद्धमा काम गर्न खोज्ने तर त्यसको एक्सन नहुने कुराहरू चैं अब त्यतातिर हामीले गम्भीर भएर सोच्नुपर्ने छ । सुशासन नभएसम्म समृद्धि आउँदै आउँदैन । भष्टाचारविरुद्ध निर्मम नभएसम्म विकास हुँदै हुँदैन । नयाँ संविधानमा र व्यवस्थामा पुरानै चिन्तन र सोच छ । यसले दिगो विकास आउँदैन । हाम्रो संविधान र व्यवस्था चैं नयाँ छ तर सोच, चिन्तन, शैली चैं पुरानै भएपछि त्यो पनि त्यहाँबाट पनि विकास हुँदै हुँदैन ।

एउटा तपाईंहरूलाई एक्जाम्पल दिन्छु, हामी सबै देखेको, भोगेको कुरा छ । कुपोषणले ग्रस्त भएको बालकलाई बालबालिकाहरूको पेटमा जुका हुन्छ, जुका । त्यो जुका नफालेसम्म त्यो बालकलाई जति पौष्टिक आहार दिए पनि, जति पौष्टिक तत्वले उसलाई खाने कुरा दिए पनि त्यो कहिले पनि बालक चैं हेल्दी, स्वास्थ्य हुन सक्दैन । अब त्यसै गरी मुलुकमा पनि यो यसलाई खानुसम्म खाएर एकदम त्यो जुकाजस्तै डाढिएर, अटसमटस भएर चैं त्यो किर्नाजस्तो भएर बसेका ती भ्रष्टाचारका अखडाहरूलाई, यिनीहरूलाई भुइँमा नबजारेसम्म, भुइँमा नझारेसम्म देशको विकास हुन्न, जनताको अवस्था परिवर्तन हुनेवाला छैन, आउनेवाला छैन, समृद्धि नि हुन्न, दिगो विकास पनि केही हुनेवाला छैन । हाम्रो प्राथमिकता र सिद्धान्त हामीले हिट गर्न पर्ने, एक्सन त्यही नै भ'को हुनाले हामीले त्यसलाई नै हाम्रो प्राथमिकता र सिद्धान्त त्यही नै हामीले सोच्नुपर्ने आवश्यक छ ।

सम्माननीय अध्यक्ष महोदय, सुशासन चैं विकासको पहिलो सर्त, अगिदेखि मैले भनिरा' छु । पहिलो सर्त, पहिलो प्राथमिकता सुशासनै हो । मेरो जोडबल यसैमा छ । अरू सबै सेक्टरवाइज माननीयज्यूहरूले बोलिरहनुभा'को छ । मैले बोल्या कुरा रिपिट गर्या छैन । दिगो विकास हामीले अख्तियार गर्या छ, नेपाल सरकारले । यो एउटा मोडल हो । यो सबैका लागि हो । यो सधैंका लागि पनि हो । यो एउटा विकासको फरमुला हो । यसलाई हामीले छोड्नुभएन, यसलाई हामीलाई बिर्सिनुभएन, दिगो विकासलाई । वैदेशिक अनुदानलाई ऋणहरू पनि यसैका आधारमा आउँछ, सहायताहरू पनि यसैको आधारमा आउँछ, हाम्रा बजेटहरू पनि यसैका आधारमा बन्छन् बन्न चैं, नीति, कार्यक्रम पनि यसैका आधारमा बन्छ तर कार्यान्वयनमा त्यो फरमुला छैन, बिर्स्यो । फरमुलासहितको हिसाबै गरिन्न हामीले । फरमुला छोडेर हिसाब गरिन्छ । अनि लास्ट पानामा गएर, एन्सर हेरेर, सारेर उत्तर निकालिन्छ । प्रतिवेदन हाम्रा तिनै

हुन् । एन्सर सारेर प्रतिवेदन बना' छौं हामीले । त्यो फरमुलाबाट हामीले एन्सर निकालेर हामीले काम गर्या छैन । त्यो भएर हामी त्यहाँ ती समस्याहरूमा हामी छौं । नीति, कार्यक्रम र बजेट हुन्छौं तर सबै दिगो विकासको ट्याग पनि गरिन्छ, त्यो दिगो विकास मैत्री पनि छ पनि भनिन्छ, त्यो थुप्रै ठाउँमा त्यो कुरा भनिन्छ तर त्यो बिरालो बाँध्येजस्तै गरेर गरिन्छ । त्यसको चैं कुनै सूचकहरूमा त्यसले कुनै सुधारहरू, त्यो हाम्रो खर्चले, हाम्रो बजेटले, हाम्रो कार्यक्रमले, हाम्रो रिपोर्टले त्यो सुधार भ'को कुराहरू देखाउने स्थितिहरू छैन । त्यही भएर त्यसतर्फ अलि हामीले रिपोर्टिङहरू गर्नुपर्ने आवश्यकताहरू छ ।

अब धेरै कुराहरू आइसक्या छ । कार्यक्रम, यो सिद्धान्त, प्राथमिकताहरू, धेरै कुराहरू पोजिटिभ नै छ । अब सरकारले उत्पादन र आर्थिक वृद्धिमा बढी जोडबल गर्नुपर्यो । गरिबी र असमान्ता हटाउनुपर्यो । सामाजिक न्याय र सामाजिक सुरक्षाको ग्यारेन्टी हुनुपर्यो । शिक्षा र स्वास्थ्यमा एकदम गुणस्तर पहुँचयुक्त हुनुपर्यो । संविधान र मौलिक हक कार्यान्वयनमा जोड दिनुपर्यो । सङ्घीयता कार्यान्वयनलाई एकदम प्रभावकारी, अब सङ्घीय मात्रै होइन कि प्रदेश, स्थानीय तहलाई पनि बढी भूमिका दिनुपर्यो । जथाभावी विकासका खर्च गर्नुभन्दा दिगो विकास सूचकमा सुधार हुने गरी बजेट, कार्यक्रम, सिद्धान्त र प्राथमिकता तोक्नुपर्यो । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सोनाम गेल्जेन शेर्पा । समय ५ मिनेट । यसपछि माननीय रामचन्द्र राई ।

**(१३ः२६ बजे) <u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, म विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा केही कुरा राख्न चाहन्छु ।

देशको अर्थतन्त्र अलिक जटिल छ । यो सबैले स्विकारेकै कुरा हो तर विदेशी मुद्राको सञ्चितिमा केही उल्लेखनीय प्रगति भ'को छ । त्यो पनि खुसीको कुरा हो । यो बिचमा रहेर हामीले केही न केही सुधारको अपेक्षा गरेका छौं तर यो अर्थतन्त्रलाई कसरी सुधार्ने भन्नेतर्फ यो विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतामा ध्यान दिएकोजस्तो मलाई लाग्दैन ।

हामीले कृषिमा, पर्यटनमा, ऊर्जा सेक्टरमा प्रगति नगरीकन हामी निर्यात मूलक अर्थतन्त्रमा टिक्याजस्तो मलाई लाग्छ । हाम्रो राजस्व पनि भन्सारमुखी राजस्व छ । त्यसले गर्दाखेरि हामीले निर्यातलाई नै प्रोत्साहन गर्याजस्तो लाग्छ । हामीले जुन किसिमका

उद्योगधन्दाहरू देशमा छ । त्यो उद्योगधन्दाहरूलाई हामी आत्मनिर्भर बनाउन जरुरी छ । कसरी आत्मनिर्भर बनाउने भन्दाखेरि त्यो उद्योगले फाइदा गर्नुपर्यो । राम्रो खालको पर्फर्मेन्स दिनुपर्यो । त्यो पर्फर्मेन्स दिनको लागि बैङ्का ऋणहरू अचाक्ली छ । आज २ पर्सेन्ट बढाइन्छ, ४ पर्सेन्ट बढाइन्छ । ५ पर्सेन्ट बढाइन्छ त्यो बैङ्कका ऋणहरूलाई हामीले सिङ्गल डिजिटमा जबसम्म झार्न सकिँदैनौं । तबसम्म हाम्रा उद्योगहरू त्यसरी चल्न सक्दैन । योतर्फ सरकारको ध्यान पुग्न जरुरी छ ।

आज बजारमा जुन किसिमको तलरला छ । त्यो तलरला एउटा आफ्नै बिचको व्यापारको तरलता हो भने । अर्कोतर्फ सरकारले भुक्तानी गर्नुपर्ने रकमहरू ठेकेदारहरूलाई भुक्तानी गर्नुपर्ने सरकारले विभिन्न निकायमा भुक्तानी गर्नुपर्ने रकमहरू सरकारले भुक्तानी गरेको देखिँदैन । त्यसले गर्दा पनि देशमा तरलता आ'को छ । आज व्यापारमा तरलता आ'को छ । आज हामीले हेर्ने हो भने कृषि क्षेत्रमा जुन किसिमको यान्त्रीकरण गर्ने भनेर सरकार अगाडि लागेको छ । त्यो स्वागतयोग्य कदम हो । यान्त्रीकरण नगरीकन हाम्रो कृषि उपजहरू हामी अन्तर्राष्ट्रिय बजारमा चाहिँ हामी प्रतिस्पर्धा गर्न सक्दैनौं । आज हाम्रा कृषकहरूले यहाँ तरकारी बेच्न नसक्ने इन्डियाबाट तरकार आएर चाहिँ नेपालको बजारमा चाहिँ स्थापित हुने । बजार पाउने सबै कुरा भैरा'को छ । यो किन भैरा'को छ भने हाम्रा म्यानपावरहरू धेरै महङ्गो छन् । महङ्गो किन भन्दाखेरि म म्यानपावरले खाने हाम्रो ज्यालादारीको कुरा गर्दिनँ । त्यो काम गरिसकेपछि कुनै खेतिपाती गरिसकेपछि त्यसको आउटपुटको रिजल्टहरू धेरै महङ्गा छन् । यसलाई हामीले चाहिँ इकोनोमिक रूपमा हामीले हिसाब गर्दै जाने हो भने त्यो धेरै महङ्गो पर्छ । हाम्रो उत्पादनहरू धेरै महङ्गो पर्छ र हामीले इन्डियाका बजारहरूलाई हामीले प्रतिस्पर्धा गर्न सक्दैनौं इन्डियाका तरकारीहरू इन्डियाका स्याउहरू चाइनाका स्याउहरू नेपालमा बिक्री हुन्छ । नेपालका स्याउहरू, तरकारीहरू नेपालमा कुहिएर जाने अवस्था छ । त्यसको लागि हामीले यो यन्त्रीकरण जबसम्म हामीले राम्रोसँग गर्न सक्दैनौं । तबसम्म हाम्रो बजारको स्थिति यस्तै रहन्छ । यसतर्फ पनि सरकारले गम्भीर योबारेमा सोचोस् भन्ने चाहन्छु ।

पर्यटन र पर्यटन भनिन्छ । पर्यटनका पूर्वाधारहरूलाई विकास गर्न खोजिँदैन । हामी कुन खालको पर्यटनलाई चाहिँ विकास गर्न चाहन्छौं । पर्वतीय पर्यटन, पद प्रदर्शक पर्यटन हामी विभिन्न ट्रेकिङ भन्छौं । ट्रेकिङहरूलाई हामी स्थापित गर्न चाहन्छौं । त्यसलाई कसरी गर्दाखेरि भन्दा नीतिमा सुधार गर्नुपर्छ । यो नीति जबसम्म हामी सुधार गर्न सक्दैनौं । तबसम्म हामी पर्यटनलाई पनि सुधार गर्न सक्दैनौं र पर्यटनलाई हामीले पर्यटनलाई हेर्ने हो भने हामीले पर्यटनलाई एक किसिमबाट हामीले चाहिँ यो कृषिसँग पनि हामीले आर्थिक रूपमा चाहिँ लिङ्केज

गर्न सक्छौं । जहाँ पर्यटनको सम्भावना छ, पर्यटन विकास गर्ने जहाँ कृषिको सम्भावना छ कृषिको विकास गर्ने र त्यसलाई लिङ्केज गरेर हामीले अगाडि बढाउन उपयुक्त हुन्छ जस्तो लाग्दछ र हामीले जुन किसिमको महिला सशक्तीकरणका कुरा गरिरा' छौं । आज महिलाहरू चौबिसै घन्टा घरमा गएर काम गर्छ भनेर हामी भन्छौं । हामी गर्व पनि गर्छौं । आमा दिदीबहिनीहरूलाई गर्व पनि गर्छौं । तर त्यसलाई हामी जहिले पनि इकोनोमीमा कन्भर्ट गर्न सक्दैनौं । जबसम्म अर्थमा चाहिँ त्यो महिलाहरूले गरेका कामहरूलाई हामीले कन्भर्ट गर्न सक्दैनौं । त्यो महिला सशक्तीकरण चाहिँ हामीले अगाडि बढाउन सक्दैनौं जस्तो लाग्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई, माननीय रामचन्द्र राई । समय ६ मिनेट । यसपछि माननीय गोपी बहादुर सार्की आछामी ।

(१३:३१ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, ३१ बुँदामा प्रस्तुत बजेटको सिद्धान्त र प्राथमिकता गोलमोटोल भाषामा आ'को छ । यो ठिकै भा'को छ । सरकार जुन चरित्रको छ । जुन गतिको छ । भाषा पनि त्यसै गरी प्रयोग भएर आ'को छ । यो ठिकै छ । त्यस्तो लाग्छ । बुँदा नम्बर ३१ औं मा अर्थमन्त्रीज्यूले सुझाव र सल्लाह माग्नुभा'को छ । हामी सुझाव र सल्लाह दिनैका लागि यहाँ उपस्थित छौं । हाम्रा सुझाव र सल्लाह सरकारले नाटक नगरोस् । साँच्चै कार्यान्वयन गरोस् । हामी कार्यान्वयन गर्न कै लागि सुझाव र सल्लाह दिन्छौं । मैले सुझाव र सल्लाह दिइरहँदाखेरि बजेट बनिरहेको छ । बजेट कार्यान्वयन र प्रभावकारी कार्यान्वयन गर्नका लागि ढुकुटी बलियो चाहिन्छ । ढुकुटी बलियो बनाउनको लागि राजस्व सङ्कलनको कुरा, करको दायरा विस्तार गर्ने कुरा आवश्यक पर्छ । त्यो राजस्व सङ्कलन गर्ने कुरा र करको दायरा बढाउने बेलामा जुन करको दरहरू निर्धारण गरिन्छ । त्यहाँ चाहिँ सीसी टीभीको केबल काट्ने मुसा नपरोसोस् । त्यो रोक्नका लागि अर्थमन्त्रीज्यूले योजना बनाउनुभा' को छ कि छैन? यो चाहिँ आ'को चाहिँ थिएन् । योजना बनाइयोस् । अनुरोध गर्न चाहन्छु ।

मैले सुझाव दिइरहेने कुरामा मूल्य बृद्धि, सरकारले मूल्य बृद्धि छ । मुद्रास्फीति छ । भनेर स्विकारेको छ । तर यसलाई नियन्त्रण गर्ने, त्यसको सीमा निर्धारण गर्ने, यति प्रतिशतमा ल्याउछु म भनेर उल्लेख गर्ने कुरा उल्लेख गरिएको छैन । आज समाज आक्रान्त छ । यही मूल्य बृद्धिको कारणले आक्रान्त छ । यो मूल्य बृद्धिलाई नियन्त्रण गर्ने, त्यसको सीमा निर्धारण

गर्ने कुरा । यो प्राथमिकतामा परेको छैन । यसलाई सीमा र ..... भा'को छ । त्यो कानुन बनाउने कुरामा कानुन मन्त्रालयले सहजिकरण गरोस् । र भोलि यो द्वन्द्व नियन्त्रण होस् ।

मैले त्यसै गरी विद्युत् खपत बढाउने कुरा यसमा छ । विद्युत् खपत गराउने भनिरहदाखेरि विद्युत् वितरण प्रणालीलाई व्यवस्थित गर्न आवश्यक छ । विद्युत् व्यवस्थित प्रणालीलाई व्यवस्थित गर्ने कुरा भएन भने खपत बढ्दैन । त्यसो भएर विद्युत् वितरण प्रणालीलाई व्यवस्थित गर्ने योजना बजेटमा आओस् । म सुझाव दिन चाहन्छु ।

त्यसै गरी कृषि क्षेत्रको उत्पादन र उत्पादन बृद्धि गर्ने उत्पादकत्व बृद्धि गर्ने कुरा गरेको छ । यहाँ चाहिँ एउटा कन्ट्रोभर्सी छ । यो कुरा गरिरहदाखेरि भूमि बैङ्कको कुरा अगिल्लो सरकारले ल्या'को थियो । यो भूमि बैङ्कको कुरा पनि छैन । त्यसपछि भूउपयोग नीतिको कुरा थियो । यो भूउपयोग नीतिलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा पनि छैन । बरू के भन्छ भने कित्ताकाट छुट दिने । बजारमा आर्थिक अर्थ चलायमान गराउने भनेर चाहिँ भन्छ । कित्ताकाट र उत्पादन बृद्धि उत्पादकत्व बृद्धि कहाँबाट सम्भव छ? कित्ताकाट गरेपछि टुक्रा टुक्रामा जान्छ । उत्पादन बृद्धि हुँदैन । उत्पादन बृद्धि हुँदैन । उत्पादन बृद्धि गर्नलाई लाग्ने उत्पादकत्व पनि बृद्धि हुँदैन । त्यसो भएपछि वेरोजगारी बढ्छ । त्यसो भएकोले कित्ताकाट गर्ने कुरा कि रोक्नुपर्‍यो? चक्लावन्दीको कुरालाई सुरु गर्नुपर्‍यो । यो कुरा बोल्दै बोल्दैन सरकार । यहाँ पूर्वाग्राही देखिन्छ । त्यसो भएर पूर्वाग्राही ढङ्गले आउनुहुँदैन । साँच्चै जमिनको नेपाली नागरिकको सेवा गर्ने हो भने यी कुराहरूमा ध्यान जान आवश्यक छ ।

मैले कृषिको क्षेत्रलाई व्यवस्थित गर्ने कुरा गरिरहदाखेरि सिँचाइको आवश्यकता पर्छ । सिँचाइमा सिक्टा सिँचाइ, रानीजमरिया, कुलरिया, भेरी बबै डाइभर्सन, त्यसपछि अहिले सुरु भइरहेको यो सुनकोसी मारिन डाइभर्सन बहुउद्देश्य आयोजना छ । सुनकोसी मारिन डाइभर्सनले ५ किलो मिटर बाटो सुरुङ अहिले एक वर्ष नहुँदै बनाइसक्यो । अब यसले जुन ६७ क्यूवीक मिटर पानी प्रतिसेकेन्ड त्यो मरिनमा प्रवाह गर्छ । त्यसले १ लाख २२ हजार हेक्टर जमिन सिँचाइ गर्छ । तर सिँचाइको संरचना चाहिँ ४५ हजार हेक्टरमा मात्रै पुग्ने छ । त्यो थप सिँचाइको ऊ बनाउने कुरामा यो बोल्दैन । त्यसै गरी यसले पूर्वाधार ठुला र रणनीतिक महत्त्वका पूर्वाधारको विकास गर्ने कुरा गर्छ ।

फास्टर्‍याकलाई यसले उल्लेखै गरेको छैन । हाम्रो कुरा छ । फासटर्‍याक हामी अस्ति पनि हेरेर आयौं । त्यो ८४ भित्र सम्पन्न हुन सम्भव छ । यसमा लगानी अभिबृद्धि गरोस् । त्यसै गरी यो अब सिद्धिन लाग्यो । मैले योभन्दा छोट्टाएर अर्को कुरा गर्छु ।

अनि अर्थमन्त्रीज्यूले भ्रष्टाचारमा शून्य सहनशिलताको कुरा उठाउनुभा'को छ । मलाई बढो खुसी लागेको छ । वास्तवमा भ्रष्टाचार नियन्त्रण नगर्ने हो भने, सुशासन कायम नगर्ने हो भने, इमान्दारिपूर्वक प्रयत्न नगर्ने हो भने, नैतिकता कायम नराखे हो भने, यो काम लाग्दैन । यही बेलामा प्रधानमन्त्रीज्यूले कास्टिङ सुरु गर्नुभा' छ । पुरै फिलिम देखाउछु भन्नुभा'को छ । हामीलाई आस छ । बर्हिगमित लडाकुहरूको क्यान्टोनमेन्टको प्रकरण, ५० करोडको टेप प्रकरण अनि त्यसपछि माओवादी आफैले बनाएको समिति । हाम्रो अमिक शेरचनको समितिको प्रतिवेदन । त्यसपछि यो चाहिँ गत साल विभिन्न समयमा विगतका दिनहरूमा भएका विभिन्न प्रकरणहरू छन् । लम्साल आयोगको प्रतिवेदन छ । त्यसैपछि विभिन्न लाउडादेखि वाईडबडीसम्म छ । औषधि काण्ड छ । अस्ति भर्खरैको सरकार ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपी बहादुर सार्की आछामी । समय ७ मिनेट ।

**(१३:३८ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म यो चौधौं अधिवेशन बजेट अधिवेशन भएको हुनाले म यो अधिवेशनको सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

त्यसै गरी राष्ट्रिय सभाबाट र प्रतिनिधि सभामा पनि रहेका साथीहरू मन्त्रीमण्डलमा सामेल हुनुभएको छ नवनियुक्त सबै मन्त्री साथीहरूलाई मेरो आफ्नो तर्फबाट हार्दिक धन्यवाद, बधाई र कार्यकाल सफलताका निम्ति शुभकामना व्यक्त गर्न चाहन्छु । त्यसै गरी हाम्रो विधायन व्यवस्थापन समितिको सभापतिज्यूलाई पनि म हार्दिक बधाई र कार्यकाल सफलताको निम्ति शुभकामना व्यक्त गर्न चाहन्छु । यहाँ थुप्रै माननीयज्यूहरूले विनियोजन विधेयक, २०८० को सिद्धान्त र प्राथमिकताको विषयमा आफ्नो सुझाव, धारणा र भनाइहरू व्यक्त गरिसक्नुभ'को छ । म सबै माननीयजीहरूले राख्नुभएको सबै रचनात्मक सुझाव धारणा र विचारहरूप्रति आफ्नो तर्फबाट ऐक्यबद्धता पनि म जाहेर गर्न चाहन्छु । विशेष गरेर यो ३१ ओटा बुँदामा माननीय अर्थमन्त्रीज्यूले हिजो यहाँ सदनमा आफ्नो चाहिँ विनियोजन विधेयक, २०८० माथि आफ्नो सिद्धान्त र प्राथमिकता भनेर प्रस्ताव पेस गर्नुभ'को छ र आज हामी त्यही विषयमा छलफल गरिराखेका छौं ।

यसका केही मूलभुत उद्देश्यहरू छन् । विशेष गरीकन दिगो विकास यसको चाहिँ दायरलाई अलिक बिस्तारित ढङ्गले अगाडि बढाउने र रोजगारी सृष्टि गर्ने विषयसँग र समावेशी

ढङ्गले यसलाई अगाडि बढाइन्छ भन्ने राखिएको छ र विशेष गरी रोजगारी, उत्पादकत्व वृद्धि, सुशासन कायम गर्ने कुरा र राज्यसँग भएका स्रोतसाधनलाई परिचालन गर्ने यसको मूलतुत लक्ष्य रहेको छ । यसका केही सिद्धान्तहरू तोकिएको छ । यसमा दिगो विकास, समावेशी सामाजिक न्याय पूर्वाधार विकाससँग जोडिएको सुशासनसँग जोडिएको विषयहरूलाई र विशेष गरेर चाहिँ राष्ट्रिय गौरवका आयोजनाहरूलाई पनि प्राथमिकता दिएर बजेट सुनिश्चित गरिन्छ भन्ने सिद्धान्त तोकिएको छ । केही समस्याहरू पनि छन् यसका । समस्याहरू भनेका विश्व अर्थतन्त्र र नेपाली पनि अर्थतन्त्र कमजोर भ'को स्थितिमा राजस्व घटेको स्थिति, पुँजीगत खर्च कम भएको स्थिति र व्यापारघाटा यी सबै यसका चुनौतीहरू हुन् । बजेट तथा नीति कार्यक्रमको मूल उद्देश्य भनेको चाहिँ बजेट भन्डारण गर्नु हो र त्यसको खर्च गर्नु हो । सार कुरा यही हो जस्तो लाग्छ । ढुकुटी भर्ने र खर्च गर्ने नै सार कुरा भ'को कारणले गर्दाखेरि चाहिँ यसमा नेपाल सरकारको तर्फबाट केही ध्यान दिने खालका कुराहरू र केही जोड दिने खालका कुराहरू । यसको प्राथमिकताहरू पनि निश्चित गरिएको छ । त्यसमा चाहिँ अठारओटा बुँदामा विशेष गरेर कृषि क्षेत्र उद्योग क्षेत्र, स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, पर्यटनको क्षेत्र राजस्व वृद्धि गर्ने क्षेत्र राष्ट्रिय गौरवका आयोजनाहरू यसलाई टाइम्ली सम्पन्न गर्ने हिसाबले जसरी विषयहरू आएका छन् । म मेरो आफ्नो तर्फबाट र मेरो आफ्नो पार्टीको तर्फबाट पनि यो विनियोजनको सिद्धान्त र प्राथमिकताको विषयलाई समर्थन गर्न चाहन्छु । यो सकारात्मक ढङ्गले नै आएको अहिलेको वर्तमान परिस्थिति त्यति सहज छैन । राजनीतिक कारणले पनि अर्थतन्त्रको स्थितिको वस्तुगत अवस्थाको कारणले गर्दाखेरि पनि यो त्यति सहज छैन तर जन अपेक्षा धेरै चुलिएको स्थिति भ'को कारणले गर्दाखेरि यो अहिले सकारात्मकै ढङ्गले आएको कुरा म यहाँ जाहेर गर्न चाहन्छु ।

अर्को मेरो आफ्नो केही सुझावहरू छन् । मेरो सुझावहरूको रूपमा विशेष गरेर चाहिँ कृषि क्षेत्रमा हामी कुनै पनि मूल्य चुकाएर आत्मनिर्भर बन्नैपर्छ । कृषि उद्योगलाई हामीले प्राथमिकता दिनैपर्छ र निर्यातमुखी उद्योगलाई हामीले प्राथमिकता दिनैपर्छ । त्योतर्फ नेपाल सरकारले अब बन्ने यो सिद्धान्त र प्राथमिकता भयो अब नीति र कार्यक्रम आउँदाखेरि र बजेट आउँदाखेरि यो भावनालाई सम्बोधन हुने गरी आउनुपर्दछ भन्ने विषय म मेरो आफ्नो तर्फबाट सुझावको रूपमा राख्न चाहन्छु । यसलाई हामीले निर्यातमुखी उद्योगलाई अलिकति प्राथमिकता दिऊँ । आयातलाई हामीले प्रतिस्थापन गरौं र निर्यातलाई हामीले प्रवर्दन गरौं । यतातिर नि हामीले ध्यान दिन जरुरी छ भन्ने मलाई लाग्छ ।

अर्को कुरा मलाई के लाग्छ भने हाम्रो सम्पत्ति भनेको चाहिँ नेचर हो एउटा । प्रकृति असाध्यै सुन्दर देश छ हामीसँग प्रकृतिले हिमाल छ । पहाड छ । तराईहरूका फाँटहरू छन् र

प्राकृतिक हिसाबले एउटा सम्पन्नता छ । त्यो प्रचुरता हामीसँग छ । विश्वले मन पराउँछ । यसको प्रचुरतालाई यो नेचरलाई यो नेचरलाई हामीले कसरी प्रयोग गर्न सक्छौं हामीले । त्यो एउटा नलेजको रूपमा अब यसलाई हामीले प्रयोग गर्ने बेला भएको छ । दुइटा देशहरूले यति विकास गरिराखेका छन् । छिमेकीहरू एकातिर दोस्रो कुरा चाहिँ दुइटा देशका जनसङ्ख्याको हिसाब गर्ने हो भने करिब करिब ४ अरब जनसङ्ख्या छ । हामी ३ करोड जनसङ्ख्यामा सीमित छौं तर दुइटा छिमेकी देशहरू करिब करिब ४ अरब जनसङ्ख्या छ । हामी त्यहाँको जनसाङ्खिक बढोतरीको लाभ लिन सक्छौं कि सक्दैनौं । त्यसले गरेरको विकासको हामी लाभ लिन सक्छौं कि सक्दैनौं? त्यसको लागि हामीले शिक्षा क्षेत्रमा हाम्रो विद्यार्थी हाम्रा भाइबहिनीहरू चाहिँ विदेश पढ्न भैराखेका छन् । पलायन गैराखेका छन् । विदेशका छिमेकका यहाँ आउने स्थिति हामीले शिक्षा क्षेत्रमा, स्वास्थ्य क्षेत्रमा पर्यटनलाई प्रवर्दन गरेर त्यो क्षेत्रमा पूर्वाधार बनाएर जान सक्ने स्थिति त्यो वातावारण बनायो भने निश्चित रूपमा हामी अगाडि बढ्न सक्छौं । कमजोर अर्थतन्त्रलाई मजबुत बनाउन सक्छौं । त्यसको लागि माननीयजीले भन्याजस्तै कार्यान्वयनको लागि एउटा प्रतिबद्धताको आवश्यकता पर्दछ । र हामी सबै राजनीतिक पार्टीहरूको चाहिँ राष्ट्रिय एकताको आवश्यकता पर्दछ । यति भन्दै मेरो भनाइ अन्त्य गर्न चाहन्छु । हस् त, अभिवादन । नमस्ते ।

(१३:४५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) सम्बन्धमा सभामा छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल वैशाख २६ गते मङ्गलवार बिहान १० बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल वैशाख २६ गते मङ्गलवार बिहान १० बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३:४५ बजे ।**